महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

बेलवारी नगरपालिका

मोरङ

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाहलगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमालगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्यौंटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

टंकमणि शर्मा, दंगाल

२०७९ आषाढ

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, प्रदेश नं १

पत्र संख्याः २०७८।७९

च.नं. ४३१ मितिः २०७९।३।२०

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,

बेलवारी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,

मोरङ ।

कैफियतसहितको राय

हामीले बेलवारी नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. बेलवारी नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।

२. लेखापरीक्षणबाट रू. ७ करोड ४८ लाख १८ हजार बेरुजु देखिएको छ। सोमध्ये प्राप्त प्रतिक्रियाबाट रू. २६ लाख ३९ हजार फस्यौंट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. १ करोड ९८ लाख ३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ९८ लाख ९ हजार, नियमित गर्नुपर्ने रू. २ करोड ७१ लाख ५९ हजार र पेश्की रू. १ करोड ५४ लाख ८ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु. १७ करोड ४६ लाख ५२ हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु. २१ करोड ७४ लाख ३ हजार रहेको छ । नगरपालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजुस्थिति यसैसाथ संलग्न छ ।**

३. बेलवारी नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेकोलगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगरकार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)

नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328

Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

बेलवारी नगरपालिका

बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
११२	५३	७४८१८	०	३	२६३९	११२	५०	७२१७९	१९८०३	२७१५९	९८०९	०	०	५६७७१	१५४०८

अद्यावधिक बेरुजु स्थिति

२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
मोरङ	१७४६५२	०	२९४२८	१४५२२४	०	७२१७९	२१७४०३

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : बेलवारी नगरपालिका, मोरङ , बेलबारी नगरपालिका , मोरङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	गणेश राज कार्की	२०७८-८-२३	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	प्रदिप शाह	२०७७-४-१	२०७८-८-७
लेखा प्रमुख	धनमाया राई	२०७७-४-१	
		बेरुजु रकम	७४,८१७,९४४

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२०,५५,३०,७२७.५८	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	४७,४५,८१,४१४.५	**चालु खर्च**	४५,७५,९९,०२८.९
प्रदेश सरकारबाट अनुदान	१,८६,९३,९९१	**पूँजीगत खर्च**	३०,०६,१३,६७०.९
राजश्व बाँडफाँट	१९,५६,०४,७२०.०७	**वित्तीय/अन्य व्यवस्था**	८१,००,८४०.११
आन्तरिक आय	३,४७,६२,१३८.५७		
अन्य आय	३,८४,६७,९५७.६		
कुल आय	७६,२१,१०,२२१.७४	**कुल खर्च**	७६,६३,१३,५३९.९१
बाँकी मौज्दात		२०,१३,२७,४०९.४२	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरीकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु नै नगरपालिका स्थापनाको प्रमुख उदेश्य हो । यो नगरपालिका कुल १३२.७९ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको र हाल ११ वटा वडाहरुमा बिभाजन गरीएको छ । वि.सं. २०६८ को जनगणना अनुसार कुल जनसंख्या ६५ हजार ९ सय ७४ रहेको छ।	
२			**लेखापरीक्षण सीमा** लेखापरीक्षण कार्यलाई थप व्यवस्थित गर्दै लैजाने नीति अनुरुप यस पटक NAMS (Nepal Audit Management System) मार्फत छनौट गरिका जोखिमका आधारमा वित्तीय विवरण र सोसंग सम्बन्धित कागजात परीक्षण गरिएको छ । पहिलो पटक वेभ वेस प्रतिवेदन जारी गरिएको हुँदा प्रतिवेदनमा समेत सोको प्रभाव पर्न सक्ने हुँदा देखिएका त्रुटीलाई परिवर्तन गर्दै लगिने छ ।	
३			**आर्थिक विवरण** नगरपालिकालाई एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भुक्तानीको एकीकृत बार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) अनुसार नगरपालिकाको यस वर्षको आय व्यय विवरण निम्नानुसार रहेको छ ।	

प्राप्ती भुक्तानी हिसाव

विवरण	टिप्पणी	यस वर्ष रु.				गतवर्ष रु.		
		बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		९७२६७५७५०	७६२११०२२१.७८		७६२११०२२१.७८	१००१७६५१२७.५२	६८५०००	१००२४५०१२७.५२
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		९१९६७५७५०	७४९२५५९०७.५४	०	७४९२५५९०७.५४	७४६७१६२२९.२८	०	७४६७१६२२९.२८
११००० कर	११	१४५३४१२८०	१६०८७५९०१.७३	०	१६०८७५९०१.७३	१२२६९०३९८.२४	०	१२२६९०३९८.२४
१३००० अनुदान		६०२६८४४७०	५१८८८९०४८.९	०	५१८८८९०४८.९	५६२२२०७४०.०५	०	५६२२२०७४०.०५
संघीय सरकार	१२	५४३५५९४७०	४७४५८१४१४.५४	०	४७४५८१४१४.५४	४७०९२५९९७	०	४७०९२५९९७
सडक बोड		०	५१७९८००.		५१७९८००.			
सडक वोड अ.ल्या		०	१७५५३३५.		१७५५३३५.			
पि एल जि एस पि		०	१९८०४७.		१९८०४७.			
प्रदेश सरकार	१२	२०८७५०००	१८६९३९९१	०	१८६९३९९१.	५७९३०१७३	०	५७९३०१७३
अन्तरिक श्रोत		३२५००००	०.	०	०.	०	०	०

क्रम	भौचर नम्बर	भौचर मिति		बिषय										बेरुजु रकम
				जनसहभागिता		३५००००००	१८४८०४६१.३६	०	१८४८०४६१.३६	३३३६४५७०.०५	०	३३३६४५७०.०५		
				१४००० अन्य राजस्व		४१६५००००	६५८०५६२०.९१	०	६५८०५६२०.९१	६१८०५०९०.९९	०	६१८०५०९०.९९		
				३३००० दायित्व		१३००००००	३६८५३३६	०	३६८५३३६.	०	०	०		
				ख. अन्य प्राप्ति		५३००००००	१२८५४३१४.२४		१२८५४३१४.२४	२५५०४८८९८.२४	६८५०००	२५५७३३८९८.२४		
				वितरण गर्न बाकी राजस्व		०	०	०	०.	०	०	०		
				कोषहरु		५३००००००	१२८५४३१४.२४	०	१२८५४३१४.२४	३८३५२४७८.२४	०	३८३५२४७८.२४		
				धरौटी		०	०	०	०.	०	०	०		
				संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम		०		०	०.	२१६६९६४२०	६८५०००	२१७३८१४२०		
				भुक्तानी (ग+घ)		११००३४३७५५	७६६३१३५३९.९४		७६६३१३५३९.९४	९०१९१२४२६.९६	६८५०००	९०२५९७४२६.९६		
				ग. भुक्तानी (सञ्चित कोषबाट)		१०४७३४३७५५	७५८२१२६९९.८३		७५८२१२६९९.८३	६६९१३८६३९.९६		६६९१३८६३९.९६		
				२१००० पारिश्रमिक / सुविधा	१८	२७८७३३२७०	२६६९२३९८४.५९	०	२६६९२३९८४.५९	२४७७३८११८.८१	०	२४७७३८११८.८१		
				२२००० मालसामान तथा सेवाको उपयोग	१८	२४२९८८०००	१७५९५२३२७.३	०	१७५९५२३२७.३	१५१९४०५८३.०२	०	१५१९४०५८३.०२		
				२४००० ब्याज सेवा शुल्क तथा बैंक कमिशन	१८	५०,०००	०.	०	०.	०	०	०		
				२५००० सहायता (Subsidy)	१८	०	०.	०	०.	७२०८७८३	०	७२०८७८३		
				२७००० सामाजिक सुरक्षा	१८	१२५८९०००	११६९६२११.	०	११६९६२११.	५५९८२४२	०	५५९८२४२		
				२८००० अन्य खर्च	१८	४२०००००	३०२६५०६.	०	३०२६५०६.	२०७७७६६	०	२०७७७६६		
				३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	५०८७८३४८५	३००६१३६७०.९४	०	३००६१३६७०.९४	२५४५७५१४७.१३	०	२५४५७५१४७.१३		
				घ. अन्य भूक्तानी		५३००००००	८१००८४०.११		८१००८४०.११	९०१९१२४२६.९६	६८५०००	९०२५९७४२६.९६		
				कोषहरु		५३००००००	८१००८४०.११	०	८१००८४०.११	१६०७७३६७	०	१६०७७३६७		
				धरौटी		०	०	०	०.	०	०	०		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			(continued)	

संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम फिर्ता		०		०	०.	२१६६९६४२०	६८५०००	२१७३८१४२०
ङ. यो वर्षको बचत (न्युन)		-१२७६६८००५	-४२०३३१८.१६		-४२०३३१८.१६	९९८५२७००.५६		९९८५२७००.५६
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)		१८१८६८९४१.२	२०५५३०७२७.५८		२०५५३०७२७.५८	१०५७०४५६८.५८		१०५७०४५६८.५८
वर्षान्तको बाकी रकम (ङ + च)		-१२७६६८००५	२०१३२७४०९.४२		२०१३२७४०९.४२	२०५५५७२६९.१४		२०५५५७२६९.१४
बैंक तथा नगद बाकी	२४		१६३४८१३२१.३७		२०१३२७४०९.४२	१८२१६९९७०.४९		१८२१६९९७०.४९

धरौटी विवरण

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४			**अन्तर सरकारी अख्तियारी**	

४

अन्तर सरकारी अख्तियारी

आर्थिक कार्यबिधि तथा नियमावली बित्तीय उत्तरदायित्त्व नियमाबली २०७७ को नियम ४६ मा स्थानिय तह मार्फत कुनै आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्नेगरी निर्णय भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले स्थानिय तहलाई संघिय निकायको ईकाईका रुपमा कार्यालयको कोड उपलब्ध गराई एकल खाता कोष प्रणाली अनुसार आर्थिक कारोबार सञ्चालन गर्ने गरी त्यस्तो कार्यक्रमको भुक्तानी निकासा दिने र अन्तर सरकारी अख्तियारी बमोजिम कार्यक्रम गर्ने कार्यालयले त्यस्तो अख्तियारी अनुसार भएको खर्चको मासिक, त्रैमासिक र बार्षिक प्रतिबेदन स्विकृत ढाचामा अख्तियारी दिने निकायमा पठाउनुपर्ने ब्यबस्था छ । पालिकालाई यस बर्ष देहाय बमोजिम अन्तर सरकारी अख्तियारी बमोजिम कार्यक्रम कार्यन्वयन गर्न अख्तियारी तथा निकासा प्राप्त भई खर्च समेत भएकोमा खर्चको मासिक, त्रैमासिक र बार्षिक प्रतिबेदन अख्तियारी दिने निकायमा पठाएको देखिएन । कानुनमा भएको ब्यबस्था अनुसार खर्चको मासिक, त्रैमासिक र बार्षिक प्रतिबेदन अख्तियारी दिने निकायमा पठाउनु पर्दछ ।

ब.उ.शि.नं.	बजेट	निकासा	खर्च
३६५००१०४३	१६२०००००	११०७८५८०	११०७८५८०
३१४०१०१२३	२०६३४००००	२०५६६२१८५	२०५६६२१८५
३७०००११६४	१०००००००	९५२७६३१	९५२७६३१

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५			**वित्तीय विवरण परीक्षण**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५.१			**वित्तीय विवरणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । • लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । • स्थानियतहले बिभाज्यकोषको हिसाब ब्यबस्थित राखेको पाईएन । • म.ले.प. फारम नं २७२ को अनुसूची-२४ मा कारोवारमा भिन्नता रु.२,६०,१५,०६७.०४/- देखिएकोमा के कारणले फरक पर्न गएको यकिन हुनुपर्दछ । • अनुसूची १२ मा संघीय सरकारबाट प्राप्त अनुदान रु ५१,२८,०३,४७८.४९ छ भने प्राप्ती महलमा भने रु ४७,४५,८१,४१४.५४ रहेको छ । फरक हुनुको कारण यकिन गर्न सकिएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
५.२			**अवकास कोष** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाको कर्मचारी कल्याणकोषमा रु१६००००० मौज्दात रहेको तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन ।	
५.३			**चौमासिक पूँजीगत खर्च** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २४ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २६ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिंगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।	

पूँजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च (रु.हजारमा)			आषाढ महिनाको मात्र खर्च
		प्रथम चौमासिक	दोस्रो चौमासिक	तेसोचौमासिक	
कूल खर्चः	३०,०६,१४	१,१०,७३	५,९६,५३	२२,९८,८९	१४,१३,६२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६			**बैंक मौज्दात र बैंक नगदी खातामा फरक** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा धरौटी खाताको स्रेस्ता अनुसार रु.८९२८४९६।१६ देखिएकोमा बैंक अनुसार रु.१२५०१३४९।५७ बाँकी देखिन्छ । यस सम्बन्धमा बैंक हिसाब मिलान गर्नुपर्दछ ।	
७			**धरौटी मौज्दात फरक** कार्यालयले प्रत्येक महिना धरौटी खाता राजस्व खाता विनियोजन र अन्य कारोवारको रिकन्साइल गरी आवधिक वित्तीय प्रतिवेदन तयार गर्नुपर्दछ । धरौटीको स्रेस्ता सुत्रमा अभिलेखांकन नभएकोले सुत्रमा अभिलेख राख्नुपर्दछ । श्रेस्ता अनुसार आव ७८।७९ मा रु ८९२८४९६।१६ बाँकी देखिन्छ भने बैंकमा रु १२५०१३४९।५७ बाँकी देखिनंछ । यसरी बैंक र सेस्तामा धरौटी रकम फरक पर्नुको कारण पेश गर्नुपर्ने रु.	३,५७२,८५३.४१
८			**सम्पत्ति हस्तान्तरण** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ ,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति दायित्व तथा अभिलेख त्यसरी कायम भएका नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ। यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले वडागत समेत सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको कम्प्युटर ल्यापटप प्रिन्टर र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धीत जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।	
९			**आन्तरिक नियन्त्रण प्रणाली** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरीने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । नगरपालिकाले यस किसिमको कार्यविधि वनाएको छैन । जसबाट कार्यालयबाट सम्पादन गरीने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन समस्या परेको स्थिति रहेको छ । आन्तरिक नियन्त्रण सम्वन्धी अन्य व्यहोराहरु देहायमा उल्लेख छः- • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन । • प्रत्येक कर्मचारीका पदको कार्यविवरण वनाई लागू नगरेको, (निजामती सेवा ऐन, २०४९ को दफा ५) • उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमको पहिचान गरी निराकरण नगरेको, •अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिँदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरीएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्दछ। • कार्यालयले वर्षभरी सम्पादन गरेको कामको वार्षिक आर्थिक कारोवार प्रतिवेदन तयार नगरेको, • केही योजनाको लागत अनुमान तयार, स्वीकृति, नापी मूल्याङ्कन, ठेक्का विल, कार्य सम्पन्न प्रतिवेदनमा स्वीकृत गरेको मिति उल्लेख नगरेको,	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• पालिकाले ५ लाख भन्दा कमका टुक्रे योजनाहरुको सञ्चालन गरेको देखिन्छ । कार्यालयले उपलब्ध स्रोत साधनहरुलाई मितव्ययी तरिकाले परिचालन गरी प्रभावकारी रुपले उच्चत्तम प्रतिफल प्राप्त गर्ने तथा वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा उल्लेखित निर्देशिकाको कार्यान्वियनमा ध्यान दिनुपर्दछ । • उपभोक्ता समितिबाट निर्माण सम्वन्धी कार्य गर्दा सार्वजनिक खरीद ऐन तथा खरीद नियमावली वमोजिमको खरीद विधि नअपनाएको, (सार्वजनिक खरीद ऐनको दफा ३.१) • निकायको आ.व. २०७७।७८ को नीति तथा कार्यक्रममा उल्लेख भएका कार्यक्रम मध्ये कति उद्धेश्य पुरा भयो वा प्रगति प्राप्ति भयो र कुन कुन कार्यक्रम पुरा भएका छैनन भनि विश्लेषण गरेको छैन । नीति तथा कार्यक्रम र वजेटमा उल्लेखित व्यहोराको कार्यान्वियन सम्बन्धमा प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ । • पेश्की लिनुपर्दा कुन कामका निमित्त के कति पेश्की चाहिने हो त्यसको विवरण पेश गर्नुपर्नेमा एक कार्यक्रमको लागी पेश्की दिएपछि सो कार्यक्रम सम्पन्न नभएसम्म अर्को कार्यक्रमको पेश्की दिन नहुनेमा कर्मचारीलाई पेश्कीमाथि पेश्की दिने गरेको पाइयो । यसरी आवश्यकता भन्दा बढी पेश्की दिने र पेश्की माथि पेश्की दिने कार्यमा नियन्त्रण हुनुपर्छ । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा रु. २५ हजार भन्दा माथिको मालसामान खरिद गर्दा सम्वन्धित मालसामानको स्फेशिफिकेशन सहित लागत अनुमान तयार गरेर मात्र खरिद गर्नु पर्ने सो अनुरुप गरेको देखिएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वियनमा ल्याउनुपर्ने व्यवस्था छ । नगरपालिकाले सो बमोजिमको सूची तयार नगरी सालबसाली योजनाहरुमात्र संचालन गरेको छ । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) मा प्रमुख प्रशासकीय अधिकृतले नगरपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने तथा दफा ७६(४) मा आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गर्नुपर्ने व्यवस्था गरेको देखिएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरीसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने, • सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ अनुसार खरिद संझौतामा उल्लेखित अवधिमा निर्माण कार्य सम्पन्न गर्नुपर्दछ । • सार्वजनिक खरिद नियमावली, २०६४ को ११२ अनुसार केही संझौता अनुसार वीमा नगराएको, • कार्यालयले निर्माण कार्यसँग सम्वन्धित कार्यको राख्नुपर्ने कार्य अभिलेख खाता म.ले.प.फा.नं. ५०५ आइटमवाइज खाता, म.ले.प.फा.नं ५१२ नापी नियन्त्रण खाता, ५०६ ठेक्का सम्वन्धी अभिलेख लगायतका अभिलेखहरु राख्नुपर्नेमा सो राखेको पाइएन । • सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८ (२) मा खरीद कार्य गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरीद गर्न नहुने व्यवस्था छ भने नियमावली, २०६४ को नियम ३ मा खरीद कारवाहीको तयारी, प्याकेजिङ्ग सम्वन्धी व्यवस्था छ । सार्वजनिक खरिद कार्य गर्दा एउटै प्याकेजमा समावेश गर्न सकिने प्रकृतिको कामलाई प्याकेजिङ्ग गरी वढी भन्दा वढी प्रतिस्पर्धा हुनेगरी वोलपत्रको माध्यमबाट खरिद गर्नुपर्दछ । त्यस कार्यालयले उस्तै प्रकृतिको कार्यलाई समेत प्याकेजिङ्ग नगरी टुक्रा टुक्रा गरी वर्षैभरी एक पटकमा रु. ५ लाख भन्दा घटिको हुने गरी पटक पटक सोझै खरीद (३ वटा खुल्ला दरभाउपत्र लिई) गरेको देखिएको छ । खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्थाको पूर्ण पालना गर्नुपर्दछ । • नगरपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । योजनागत खर्च खाता नराखेको कारण कुन कुन योजनामा के कति रकम भुक्तानी भयो र के कति खर्च भएको हो यकिन गर्न सकिएन । यस्तो खाताको अभावमा कुन कुन योजनामा के कति रकम भुक्तानी भयो र के कति बाँकी रहेको छ स्पष्ट नहुने र एउटै योजनामा दोहोरो भुक्तानी हुने जोखिम समेत हुने देखिएको छ । योजनागत खर्च खाता अनिवार्य तयार गरी पेश हुनुपर्दछ । • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाईयो ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक गरेको पाईएन । • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • कार्यालयमा २०७८ असार मसान्तमा मौज्दात रहेका सबै जिन्सी सामानहरु सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली Public Asset Management System-PAMS मा प्रविष्ट गरी वार्षिक मौज्दात विवरण तयार गर्नुपर्नेमा तयार गरेको देखिएन । • मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको । • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको । • कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन । • नियममा भएको व्यवस्था बमोजिम भविष्यमा आउन सक्ने संभावित जोखिमलाई न्यूनिकरण गर्न बीमा गराउने तर्फ कार्यालयले ध्यान दिएको देखिएन । • सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ बमोजिम सार्वजनिक निकायले तोकिए बमोजिम खरिदको गुरुयोजना तथा वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सो अनुरुप खरिद योजना तयार गरेको पाइएन । • वातावरणको संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको । • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहाका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरीक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन । • घर भाडामा लिने कार्यविधि अपनाएको देखिएन । घर भाडामा लिने कार्यविधि अनुसार मापदण्ड पुरा भएका घरमात्र भाडामा लिई भुक्तानी गर्नु पर्ने देखियो । आन्तरिक नियन्त्रण व्यवस्थाले नियमितता, मितव्ययीता, पारदर्शिता र सेवा प्रवाहमा असर पर्ने भएकोले उल्लेखित नियमको प्रावधान पालना गरी उपर्युक्त विषयमा सुधार गर्नुपर्दछ ।	
१०			**विद्यूतीय प्रणाली सञ्चालन** कार्यालयले सम्पादन गर्नुपर्ने विभिन्न कार्यहरु विद्यूतीय प्रणालीबाट सम्पादन गर्ने गरी सफ्टवेयरहरु सञ्चालनमा ल्याएको छ । ती सफ्टवेयरहरुको प्रयोगकर्ताहरुको विवरण, पासवर्ड परिवर्तन तथा डाटा व्याकअप सम्बन्धी अभिलेख मलेप फाराम नं ९०१, ९०२ र ९०३ को ढाँचामा राखी विद्यूतीय सुरक्षा सम्बन्धी व्यवस्था कार्यान्वयनमा ल्याउन पर्नेमा त्यस्तो अभिलेख राख्ने गरेको छैन । कुन कुन सफ्टवेयर क-कसले सञ्चालन गर्ने गरेका छन् , आधिकारिक रुपमा क-कसलाई सञ्चालनको अनुमति दिइएको छ, डाटा व्याकअपको अवस्था के कस्तो छ भन्ने विषयमा कार्यालयको ध्यान जान सकेको देखिएन । यसबाट अनधिकृत व्यक्तिको प्रणालीमा पहुँच हुन सक्ने, तथ्यांकमा भएका परिवर्तको जिम्मेवारी को सँग हुने भन्ने किटान नहुने एवं व्याकअप नियमित रुपमा गर्ने र प्रमाणित गर्ने व्यवस्था नभएबाट तथ्यांक हराउने वा सच्याउन सकिने जस्ता जोखिम रहेको देखिन्छ । अत: विद्यूतीय तथ्यांकको सुरक्षा सम्बन्धमा भएका व्यवस्थाको पालना गर्नुपर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>११</td><td></td><td></td><td>सवारी साधन मर्मत
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ (५) मा सार्वजनिक निकायले कुनैं मालसामान मर्मत सम्भारको लागत अनुमान तयार गर्न त्यस्तो निकायमा त्यस सम्बन्धी विशेषज्ञ वा दक्ष कर्मचारी भए त्यस्तो कर्मचारीबाट र त्यस्तो कर्मचारी नभए त्यस्तो काम गर्ने व्यक्ति, कम्पनी वा संस्थाबाट लागत अनुमान तयार गराउनु पराउनु पर्ने तथा नियम ९६ मा मालसामान मर्मत गर्न नयाँ सामान खरिद गरेकोमा पुराना पाटपुर्जा उपकरणको प्रतिस्थापन गरीएको कुरा सम्बन्धित प्रविधिकबाट प्रमाणित गराई पुराना सामान जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयमा रहेका सवारी साधनहरु मर्मत संभार गर्दा सम्बन्धित प्राविधिबाट मर्मतको लागत अनुमान नबनाएको तथा सवारी मर्मत कार्यको सम्बन्धित प्राविधिकबाट सिफारिस नगरी भुक्तानी गरेकोले नियमित नभएको रु.
<table>
<tr><th>भौचर र मिति</th><th>सवारी साधन</th><th>मर्मत गर्ने फर्मको नाम</th><th>रकम</th></tr>
<tr><td>६८-०७७/६/२०</td><td>बा २ झ १६३२</td><td>ग्लोवल अटो पोइन्ट</td><td>२२४२४७</td></tr>
<tr><td>२०८-०७७/९/२९</td><td>बा १ झ ७३४९</td><td>हलेसी कार वास एण्ड अटो सेन्टर</td><td>९६५५८</td></tr>
<tr><td>२६८-०७७/१०/२०</td><td>को १ ग ९७</td><td>सिप्रदि ट्रेडिङ्ग प्रा.लि.</td><td>६२४३२</td></tr>
<tr><td>४१८-०७७/१२/९</td><td>बा २ झ १६३२</td><td>ग्लोवल अटो पोइन्ट</td><td>७८१४४</td></tr>
<tr><td>५९८-०७८/१/२१</td><td>को १ झ ५०७</td><td>रोमन अटो ट्रेडर्स</td><td>१०१०७४</td></tr>
<tr><td>६०७-०७८/२/१८</td><td>को १ च ५७९४</td><td>सिप्रदि ट्रेडिङ्ग प्रा.लि.</td><td>९४०२५</td></tr>
<tr><td>७५९-०७८/३/२१</td><td>बा १ झ ५०६</td><td>रोमन अटो ट्रेडर्स</td><td>१५६७११</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>८१३१९१</td></tr>
</table></td><td>८१३,१९१</td></tr>
<tr><td>१२</td><td></td><td></td><td>भ्रमण अभिलेख खाता
भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रम¬ण आदेश नम्बर, भ्रमणमा खटिने नाम, दर्जा, भ्रमणमा खटिउको स्थान मिति समेत खुल्ने गरी अनुसूची ६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष भ्रमण खर्चमा रु.७,६१,५३५/- खर्च गरेकोमा भ्रमण खर्च अभिलेख खाता राखेको पाइएन । नियमावलीको पालना गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१३			**धरौटी विवरण** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ६६ (२) मा उपनियम (१) बमोजिम धरौटी रकम फिर्ता पाउने व्यक्तिले धरौटी रकम फिर्ता लिन पाउने म्याद प्रचलित कानूनले तोकेको भएमा सोही अवधिभित्र म्याद नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो कामसम्बन्धि कारवाही अन्तिम रुपमा समाप्त भएको मितिले एक वर्षभित्र धरौटी रकम फिर्ता लिन नआएमा नियम ६७ बमोजिमको कार्यविधि अपनाई कार्यालय प्रमुखले राजश्वमा आम्दानी बांध्नु पर्ने व्यवस्था छ । कार्यालयको आ.व. २०७८।७९ सम्म धरौटी खातामा मौज्दात रहेको रु. ८९२८४९६। १६ जिम्मेवारी सारेकोमा प्रयोजन सकिएको धरौटी रकम नियमावली अनुसार सदरस्याहा गर्नुपर्दछ ।	
१४			**बेरुजु अभिलेख** पालिकाले महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्राप्त बेरुजू प्रतिवेदनको अभिलेख देहायको म फाराममा राख्नु पर्ने व्यवस्था भएकोमा राखेको नपाइएकोले आगामी दिनमा तोकिएको मलेप फारममा बेरुजू अभिलेख राखि अध्यावधिक गर्नु पर्दछ । • म.ले.प. फाराम नं. ८०१ बेरुजु लगत । • म.ले.प. फाराम नं. ८०२ बेरुजुको कार्यालयगत प्रतिवेदन । • म.ले.प. फाराम नं. ८०५ सम्परीक्षण गोश्वारा अभिलेख ।	
१५			**विविध खर्च तथा आर्थिक सहायता** पालिकाले यस वर्ष स्वीकृत कार्यक्रम अनुसार विविध खर्च तथा आर्थिक साहायता खर्च लेखेकोमा निम्नानुसार पाइयोः	
१५.१			**खाना तथा विविध खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा निर्धारित बजेट एवं आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष नगरपालिका चालु शिर्षकबाट खाना तथा विविधतर्फ मात्र रु. ४६३८८८४/– खर्च गरेको छ । यस्तो खर्च लेख्दा पुष्ठाई गर्ने आवश्यक कागजात संलग्न गरी ऐनको पालना गरी खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।	
१५.२			**आर्थिक सहायताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा आर्थिक सहायता वितरण सम्वन्धमा उल्लेख भएको छैन। आर्थिक सहायता वितरण सम्वन्धमा मापदण्ड, सीमा र कार्यविधी कार्यपालिकाले नगरपरिषदबाट पारित गरी लागू गरेको समेत देखिएन । नगरपालिकाले वार्षिक कार्यक्रममा आर्थिक सहायता तथा अन्य सामाजिक सहायता, खर्च लगायतका शीर्षकमा रकम विनियोजन गरी आर्थिक सहायता माग गर्नेले पेश गरेको निवेदनमा नगर प्रमुखको तोक आदेश तथा कार्यपालिकाको निणर्यद्धारा यस वर्ष रु.३४८६८००।– आर्थक सहायता वितरण गरेको पाइयो । आर्थिक सहायता वितरण गर्ने मापदण्ड, सीमा र कार्यविधी तयार गरी नियन्त्रित र व्यवस्थित तरिकाले आवश्यकता अनुसार मितव्ययी रुपमा तोकिएको सीमा भित्र वितरण गर्ने र सो को विवरण सार्वजनिक गर्नुपर्ने तर्फ नगरपालिकाको ध्यान जानुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१६			**जग्गा उपयोग मापदण्ड** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम सम्वेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधिनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था छ । यस पालिकाले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन । स्थानीय तहले आफ्नो सबै क्षेत्र वा कुनै क्षेत्र तोकी त्यस्तो क्षेत्रमा बन्ने भवनहरुको लागि जग्गा तथा भवनको प्रकृति, समान ढाँचाको नमूना नक्सा तयार गर्न र सेवाग्राहीको लागि आफ्ना प्राविधिक कर्मचारीबाट नक्सा तयार गराई निःशुल्क उपलव्ध गराउने व्यवस्था रहेकोमा कार्यान्वियन भएको देखिएन । जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोकी जग्गा तथा भवनको प्रकृतिबमोजिम नक्सा तयार तथा स्वीकृतिको व्यवस्था अपनाउनु पर्दछ ।	
१७			**राजश्व कारोबारको लेखा** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम नियम ९२ (१) मा प्रत्येक कार्यालयले राजश्वको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ । कार्यालयले राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं. १०५, १०८ नराखेको तथा दैनिक राजश्व असुलीको भौचर उठाएको देखिएन । नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०५, १०८ लगायतका फारमहरु राखी राजश्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ । साथै असुली रकम असुल भएको भोलीपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले मासिक।त्रैमासिक रुपमा दाखिला गर्ने गरेको देखियो । असुली रकम नियमानुसार समयमै दाखिला गर्नुपर्दछ । आम्दानी जस्तो संवेदनशील विषयमा गम्भिर भई अनिवार्य रूपमा राख्नुपर्ने दैनिक आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।	
१८			**राजस्व** स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा नगरपालिकाको वित्तीय अधिकार क्षेत्रको वारेमा व्यवस्था छ । यस सम्वन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्ः • ऐनको दफा ५८ मा आफ्नो क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाउने व्यवस्था भएकोमा लगत संकलन तथा अद्यावधिक नगरी कर संकलन मात्र गरेको देखिन्छ । • ऐनको दफा ६१ मा जडीवुटी कवाडी र जीवजन्तु कर लगाउने व्यवस्था भएकोमा सो को पहिचान गरेको छैन । • ऐनको दफा ६२ (ख) मा सामुदायिक वनले वन पैदावारको विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम पालिकामा वुझाउनुपर्ने व्यवस्था भएकोमा सामुदायिक वनबाट राजस्व प्राप्त भएको छैन । • नगरपालिका आफैले संकलन गरेको राजस्व वाहेक वडा कार्यालयबाट प्राप्त रकमको शीर्षकगत विवरण नराखेको कारण कुन शीर्षकमा कति रकम प्राप्त भयो कुनै अभिलेख राखेको छैन । • यस कार्यालयले उठाउने सबै प्रकारका राजश्वहरुको लगत अद्यावधिक गरी उठाउनुपर्नेमा उठाएको छैन । राजस्व आर्जन तर्फ कानूनको व्यवस्था अनुसार लगत अद्यावधिक गरी असुल कार्य गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१९			**कर तथा शुल्क असुली** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा बहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा निम्न करहरु अनुमान गरे भन्दा कम असुली भएको स्थिति देखिन्छ ।	

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
वहाल विरौटी शुल्क	२५,००,०००	६,७४,९९८	२७
पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर	१६,००,०००	२,५६,२३०	१६
अन्य कर	३०,००,०००	८४,७५०	२.२८
अन्य राजस्व	१०,००,०००	७,९७,४६३	७९.७४
वहाल विटौरी कर	२५,००,०००	६,७४,९९८	२७
विद्युत सम्बन्धी दस्तुर	१,५०,०००	०	०
अन्य क्षेत्रको आय	४५,००,०००	०	०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२०			**भवन तथा जग्गा** नगरपालिकाले आफ्नो स्वामित्वमा रहेका भवन तथा जग्गाहरुलाई उच्चतम सदुपयोग गरी आन्तरिक आय अभिवृद्धि गर्ने कार्यमा विशेष पहल गर्नुपर्ने देखिन्छ । भवनहरुलाई मर्मत सम्भार रंगरोगन गरी आधुनिकीकरण गर्ने तर्फ प्रभावकारी कार्य गर्नुपर्ने तथा विभिन्न स्थानमा रहेका जग्गाहरुलाई आवश्यकता अनुसार उचित ढंगबाट प्रयोग गर्नुपर्ने तथा भवनहरुबाट पर्याप्त आन्तरिक आय श्रृजना गर्ने तर्फ कार्यालयले विशेष पहल गर्नुपर्दछ ।	
२१			**संगठन तथा कर्मचारी व्यवस्थापन**	
२१.१			**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २०३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १८२ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत सहित २१ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२१.२			**कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ८६ जना कर्मचारीहरु करारमा राखि रु. ३०४०९७२० खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा ४७ जना करार नियुक्ति गरी बर्षभरीमा रु.११५१५५८० भुक्तानी गरेको अनियमित देखिएको रु.	११,५१५,५८०
२१.३			**तलब प्रतिवेदन पारित नगरेको:** निजामती सेवा ऐन, २०४९ अनुसार तलब र ग्रेड भुक्तानी दिँदा पारित ग्रेडलाई निजामती किताबखाना, कोष तथा लेखा नियन्त्रक कार्यालय वा आ.ले.प. शाखाबाट ग्रेड भिडान गरेर तलबी प्रतिवेदन पारीत गरी तलब भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले आ.व. ७७/७८ मा रु २०५९५६२९ तलब खर्च गर्दा तलबी प्रतिवेदन पारित नगरी खर्च गरेको छ । तलवी प्रतिवदेन पारित नभएकोले वास्तविक तलव तथा ग्रेड रकमको खर्च एकिन गर्न सकिएन । तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता खर्च लेख्नु पर्दछ ।	
२१.४			**कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता निर्देशिका, २०७६ पारित गरी यस वर्ष कर्मचारी प्रोत्साहन भत्ता रु १३३९६०९१।८२ खर्च लेखेको छ । प्रोत्साहन वितरण गर्दा कर्मचारीको कार्यसम्पादन, कामको गुणस्तर, आचरण तथा सेवाग्राहीमैत्री व्यवहार आदिको आधारमा अंक विभाजन गरी प्राप्तांको आधारामा भत्ता दिने उल्लेख छ । तर कार्यालयमा अतिरिक्त काम गर्नुपर्ने उल्लेख छैन । जसले गर्दा कार्यालयमा अतिरक्त कार्य गरेको देखिने गरी विद्युतीय हाजिरी गरेको पाइएन । अतः आगामी दिनमा कार्यसम्पादनको साथै कार्यालयमा अतिरिक्त काम गरेको देखिने गरी विद्युतीय हाजिरी गरी खर्च लेख्नु पर्दछ ।	
२१.५			साना तथा टुक्रे कार्यक्रमः स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउदा सहभागीतामुलक, उत्पादनमुलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बाषिर्क योजना २०७७।७८ अनुसार पालिकाले स्वीकृत गरेका अधिकाशं योजना वडागत रुपमा बनाइएका तथा न्युन बजेट भएका र लागत प्रभावी हुने किसिमले सञ्चालन गरेको पाइएन । नगरपालिकाले रु. ५ लाख भन्दा कमका टुक्रे योजनाहरुको सञ्चालन गरेको देखिन्छ । यस्तो प्रकृतिका योजनाहरुको लागि आर्थिक मानवीय साधनहरुको लागतको तुलनामा प्राप्त प्रतिफल न्यून हुने तथा दिगो विकासमा समेत टेवा नपुग्ने देखिन्छ । अतः कार्यालयले उपलब्ध स्रोत साधनहरुलाई मितव्ययी तरिकाले परिचालन गरी प्रभावकारी रुपले उच्चत्तम प्रतिफल प्राप्त गर्ने तथा वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा उल्लेखित निर्देशिकाको कार्यान्वयनमा ध्यान दिनुपर्दछ । पालिकाले यस बर्ष सञ्चालन गरेको योजनाको संख्या देहाय अनुसार रहेको छ ।	

रु १ लाख सम्म	रु २ लाख सम्म	रु २ लाख देखि ५ लाख सम्म	रु ५ लाख देखि १० लाख सम्म	रु १० लाख बढीका	जम्मा
३१	२०	२५	३१	७३	१८०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२२			**कानून निर्माण एवं कार्यान्वयन**	
२२.१			**कानून निर्माण** ÷ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनु पर्दछ । यस पालिकाले हालसम्म १६ ऐन, ५ नियमावली, २९ कार्यविधि ३ निर्देशिका र १ नर्म्स समेत ५४ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।	
२२.२			**न्यायिक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २ र यो बर्ष थप ७० भएको गरी कुल ७२ विवाद दर्ता भएकोमा ५९ वटा मात्र फछ्र्यौट भई १३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
२३			**कोभिड। प्रकोप व्यवस्थापन कोष** कोभिड १९ महामारी। प्रकोप व्यवस्थापन कोष तर्फको आय तथा व्ययको परीक्षण गर्दा निम्नानुसार पाइयोः	
२३.१			**कोभिड अस्पताल दरबन्दी विवरणः** स्थानिय तहमा कोभिड १९ अस्थायी अस्पताल संचालन सम्बन्धी मार्गदर्शन, २०७७ अनुसार १ जना मेडिकल अधिकृत २ स्टाफ नर्स र १ जना अफिस एसिस्ट्यान्ट रहने व्यवस्था छ । बुढीगंगा गाउँपालिकाको कोभिड १९ अस्थायी अस्पतालमा १ जना मेडिकल अधिकृत तथा २ जना नर्स र १ जना कार्यालय सहयोगी गरी ४ जना स्वास्थ्यकर्मीहरु कार्यरत छन्।	
२३.२			**पूर्व तयारी सम्बन्धी कार्यः** कार्यालयले कोभिड महामारी नियन्त्रणका लागि सीमा नाका व्यवस्थापन, तथ्याङ्क संकलन, समुदायमा सचेतना कायक्रम, स्वास्थ्य सामाग्री वितरण, फिवर क्लिनिक संचालन परीक्षण तथा उपचार लगायतका कार्यहरु गरेको भन्ने विवरण पेश गरेको छ । कोभिड जस्ता प्रकोप महामारीको पूर्व आँकलन गरी पूर्व तयारी र महामारी पछि नियन्त्रण तथा रोकथामका लागि कार्ययोजना बनाई कार्य गर्ने तर्फ नगरपालिकाको ध्यान जानुपर्दछ ।	
२३.३			**जोखिम भत्ताः** कोभिड महामारीमा खटिएका २४ जना स्वास्थ्यकर्मीहरुलाई जोखिम भत्ता वापत रु १४३०२८१.८२ भुक्तानी भएको छ ।	
२३.४			**सामाग्री खरीदः** कोरोना पिडित जनताका लागि राहत वितरण गर्न चामाल, दाल, नुन, तेल लगायतका खाद्य वस्तु तथा औषधी र स्वास्थ्य उपकरण तथा अन्य विविध सामाग्रीहरु खरीद गर्दा सार्वजनिक खरीद नियमावली, २०६४ को प्रक्रिया अवलम्बन नगरी विशेष परिस्थिती उल्लेख गरी सिधै खरीद भएको देखियो ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२३.५</td><td></td><td></td><td>कोभिड १९ व्यवस्थापन कोषः गत वर्षको बैंक मौज्दात रु १५,३५,६९४.२४ तथा पालिकाबाट रु १००,००,००० सहित जम्मा रु ११५३५६९४।२४ आम्दानी रहेकोमा कोभिड अस्पतालका स्वास्थ्यकर्मीको तलब, औषधि खरीद क्वारेन्टाइन व्यवस्थापन, सामाग्री खरिद लगायतमा रु ७३,३६,१७८.११खर्च भएको छ ।</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>भवन नक्सा पास
स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ बमोजिम नगरपालिका क्षेत्रमा नक्सा पास नगराई घर निर्माण गर्न नपाइने व्यवस्था छ । नगरपालिका भित्र बनिरहेका सम्पूर्ण घरहरुलाई करको दायरामा ल्याई नक्सा पास पछि मात्र घर बनाउने इजाजत दिनुपर्ने व्यवस्था छ । नगरपालिकाले नक्सा पासको लागि अनुरोध भई आएका घरजग्गाको मात्र नक्सा पास गर्ने गरेको देखियो । निर्माण इजाजत नलिई बनाइराखेका भवनहरुको निगरानी र अनुगमन बढाई नक्सा पास गराउन प्रोत्साहन गरी राजस्व वृद्धि गर्ने तर्फ आवश्यक पहल गर्नुपर्दछ । पालिकाले दिएको विवरण अनुसार मापदण्ड विपरित निर्माणाधिन घरहरु निम्न छन्
<table>
<tr><th>क्र.सं.</th><th>घर निर्माण गर्ने व्यक्तिको नाम र ठेगाना</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>कमला पराजुली, बेलबारी २</td><td>वर्ग फिट फरक परेको</td></tr>
<tr><td>२</td><td>मन्जु कुमारी धिमाल, बेलबारी १</td><td>दण्डीको मापदण्ड नपुगेको</td></tr>
<tr><td>३</td><td>कुमारी कार्की, बेलबारी १</td><td>F.A.R नपुगेको</td></tr>
<tr><td>४</td><td>सरेन्द्र खवास, बेलबारी ५</td><td>वर्ग फिट बढेको</td></tr>
<tr><td>५</td><td>भगवती गुरुङ्ग, बेलबारी १</td><td>बाटोको Set Back नपुगेको</td></tr>
<tr><td>६</td><td>मन कुमारी राई, बेलबारी १</td><td>बाटोको Set Back नपुगेको</td></tr>
<tr><td>७</td><td>भिम कुमारी श्रेष्ठ, बेलबारी १</td><td>बाटोको Set Back नपुगेको</td></tr>
<tr><td>८</td><td>मन्जु कुमारी साउतेली, बेलबारी ६</td><td>बाटोको Set Back नपुगेको</td></tr>
</table></td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>सम्पत्ति तथा भुमि कर
यस आवमा सम्पत्ति कर वापत कुल रु तथा भुमिकर वापत रु प्राप्त भएकोमा करदाताहरु कति थिए कतिले तिरे र कतिले तिर्न वा बुझाउन बाँकी छ सोको अद्यावधि विवरण प्राप्त भएन । उक्त व्यहोरा सफ्टवेयरले नै नदेखाउने भन्ने कार्यालयको भनाई छ । सफ्टवेयरले नदेखाउने भनेर जवाफदेही नहुने तर सिष्टममा फिचर तथा आवश्यक तथ्याङ्क देखिने गरी सिष्टम अद्यावधिक गर्न पहल गरेको देखिएन । म्यानुअल फाइल तयार नगरेको कारण तिरेको कर सहि छ वा छैन एकिन गर्न सकिएन । सम्पत्ती करलाई विश्वसनिय वनाउनुपर्ने तथा सिष्टममा सबै जानकारी राखि तथ्याङ्कहरु सबै तरिकाले हेर्न मिल्ने बनाउनुपर्छ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२६			**शिक्षा**	
२६.१			**विद्यालयगत निकासा रजिष्ट्रर** - अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता अद्यावधिक गरी राख्नु पर्दछ ।	
२६.२			**सामुदायीक विद्यालयको शैक्षिक गुणस्तर**- स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायीक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने ब्यवस्था छ । नगरपालिकाले आ. व. २०७७।७८ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिबेदन कार्यालयसंग देखिएन । नगरपालिकाले आफ्नो अन्तर्गतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनु पर्ने देखिन्छ ।	
२६.३			बिद्यालय भौतिक पूर्वाधार विकासः कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ मा भौतिक निर्माण सुधार कार्यक्रम सञ्चालन गर्न स्थानीय तहस्थित सम्पुर्ण विद्यालयहरुको अनुसूची ५ मा उल्लेखित मापदण्डका आधारमा भौतिक सर्वेक्षण गरी आवश्यक्ताको आधारमा प्राथमिकताक्रम निर्धारण गरी सुचकाङ्क सहितको विवरण तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले सोही व्यवस्था बमोजिम प्राथमिकताक्रमका आधारमा विद्यालय छनौट गरेको पाइएन। त्यस्तै, विद्यालय कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८, कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन (बुँदा नं. १८ ठ) अनुसार स्थानीय तहले विद्यालयहरुमा जाने सबै प्रकारका अनुदानहरुलाई व्यवस्थित गर्न र शिक्षामा हुने लगानी प्रभावकारी बनाउन आफ्नो तहको संयन्त्रमा अनुदान व्यवस्थापन युनिट निर्माण गरी अनुदानको निकासा गर्ने व्यवस्था गरेकोमा सो अनुसार कार्य गरेको पाइएन । कार्यालय आफूले दिएको अनुदानको उपयोगको सुनिश्चितताको लागि अनुगमनको व्यवस्था गर्नुपर्दछ ।	
२६.४			**निजि विद्यालय व्यवस्थापनः** पालिका अन्तर्गतका सामाजिक विकास समिति र नगर शिक्षा समितिले शिक्षा व्यवस्थापन सम्बन्धी नीतिगत कामहरु गर्ने गरेको छ । यी समितिहरुले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन । मापदण्ड तयार नगरेकोले कुनै पनि किसिमको अनुगमन हुन नसकेको र निजि विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड तथा शुल्क निर्धारण भएको देखिएन । निजि विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड तथा शुल्क निर्धारण गरी नियमित अनुगमन र त्यसको कार्यान्वयन हुनुपर्दछ ।	
२६.५			**विद्यालयको अनुगमन नियमनः** विद्यालय अनुगमन मापदण्ड निर्धारण गरेको छैन । सामाजिक विकास समितिले विद्यालय अनुगमन गर्ने निर्णय भएको भए तापनि अनुगमन गरी प्रतिवेदन सार्वजनिक गरेको छैन । पालिकाले विद्यालयहरुको अनुगमन मापदण्ड निर्धारण गरी मापदण्ड बमोजिम अनुगमन गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ ।	
२७			**धरौटी विवरण** आर्थिक कार्यविधि नियमावली, २०७७ को नियम ६८ मा धरौटी रकम राजस्वमा आम्दानी बाँध्ने सम्बन्धी व्यवस्था छ । कार्यालयको आ.व. ७८/७९ सम्म धरौटी खातामा मौज्दात रहेको रु. ८९२८४९६।१६ जिम्मेवारी सारेकोमा प्रयोजन सकिएको धरौटी रकम एकिन गरी नियमावली अनुसार सदरस्याहा गर्नुपर्दछ ।	
२८			**बजेट तथा कार्यक्रम**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२८.१			अबण्डा बजेट – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय पूँजिगत तर्फ समपुरक शिर्षकमा रु.३५०५२८८५.२२ अबण्डामा राखेको छ । बजेट अबण्डामा राखी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
२८.२			रकमान्तरः आर्थिक वर्ष ०७७।७८ का लागि स्वीकृत भएको योजना तथा कार्यक्रममा विभिन्न कोष तथा योजना तर्फ स्वीकृत रु.८,१०,००,००० रकम बराबरको १४ योजनालाई घटाई गरी नयाँ तथा भएका योजनामा रकम थप योजना रु. ८,१०,००,००० रकम बराबरको २५ योजना/कार्यक्रम कार्यापालिकाको पटक पटकको निर्णयले नयाँ योजना कार्यान्वयन वा भएका योजनामा थपघट गरी सभामा सिफारिस भई नगरसभाको हिउँदे बैठकले स्वीकृत गरेको देखियो । योजना छनौट गर्दा पर्याप्त अध्ययन नगरी योजना छनौट गर्ने र कार्यान्वयनको क्रममा नयाँ योजना छनौट गर्ने बजेट थपघट गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।	
२८.३			**बजेट सीमा निर्धारण समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था रहेको छ । उक्त समितिले समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले उक्त समितिको गठन गरेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।	
२८.४			**बजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । कार्यालयले सोअनुसार बजेट तर्जुमा गरेको पाइएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२८.५			**क्षेत्रगत बजेट र खर्च**- स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।	

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	खर्च प्रतिशत
आर्थिक विकास	५,७६,८९,०००	३,००,३४,६२९.४०	५२.०६
सामाजिक क्षेत्र	३८,४३,६७,०००	३३,६०,४९,१६३.०९	८७.४३
पूर्वाधार विकास क्षेत्र	४३,०१,३१,४८५	२४,०३,६१,४७२.१०	५५.८८
सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	२,७७,७०,०००	२,२४,१०,३९४	८०.७
कार्यालय सञ्चालन तथा प्रशासनिक	१४,७३,८६,२७०	१२,९३,५७,०४१.२४	८७.७७
जम्मा	१,०४,७३,४३,७५५	७५,८२,१२,६९९.८३	७२.३९

खर्च बिश्लेषणः पालिकाले यस बर्ष रु ७७५१६४९८९.४९ आम्दानी भएकोमा चालु तर्फ रु. ४५,७५,९९,०२८.८९२ पूँजिगत तर्फ रु. ३०,०६,१३,६७०.९४ /- र समेत रु.७५,८२,१२,६९९.८३ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.५८ प्रतिशत रहेको छ। यसबर्ष पदाधिकारी सुबिधामा रु.१३३९३४५०/- खर्च भएको छ। त्यस्तै कर्मचारी प्रोत्साहन खर्च रु१,३३,९६,०९१.८२ भएको छ। यसबाट पालिकाहरुले विकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२८.६			**चौमासिक प्रगति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) मा प्रमुख प्रशासकीय अधिकृतले नगरपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिन भित्र कार्यपालिकाको वैठकमा पेश गर्नु पर्ने व्यवस्था छ। त्यस्तै उपदफा (५) मा नगरपालिकाले स्थानीय सञ्चित कोषमा जम्मा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी सङ्घीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनु पर्ने व्यवस्था छ। कार्यालयले चौमासिक अवधि समाप्त भएपछी कानूनमा व्यवस्था भए बमोजिम प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पठाएको देखिएन।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२९			**कार्य सम्पन्न प्रतिवेदन र एजविल्ट नक्सा** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार निर्माण व्यवसायीले निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्बन्धित निर्माण व्ययसायीले निर्माण भए बमोजिमको एजविल्ट नक्सा पेश गर्नु पर्ने, निर्माण कार्यको त्रुटी सच्चाउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटी देखिएमा यकिन गरी दावी गर्दा कार्यालयले प्रत्येक महिनाको कार्य प्रगति देखिने गरी अभिलेख तयार गरी प्रमाणित गरेर राख्नु पर्ने र त्रुटी सच्चाउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । तर निर्माण व्यवसायीहरुले पुल निर्माण कार्य बाहेक सडक निर्माण कार्यहरुको एजविल्ट नक्सा कार्यालयमा पेश गर्ने गरेका छैनन । त्यस्तै कार्यालयले त्रुटी सच्चाउने पर्ने दायित्व सम्बन्धी अभिलेख राखेको छैन र त्यस्तै त्रुटी सच्चाउने अवधि समाप्त नहुँदै सबै निर्माण कार्यको कार्य सम्पन्न प्रतवेदन तयार गरेको देखियो । त्रुटी सच्चाउने अवधि समाप्त नहुँदै कार्य सम्पन्न प्रतिवेदन जारी गरेकोले निर्माण व्यवसायीले त्रुटी सम्बन्धी दायित्वबाट उन्मुक्ती पाउन सक्ने अवस्था देखिएको छ । अतः नियमानुसार सबै निर्माण कार्यको एजविल्ट नक्सा जारी गर्ने, कार्य स्वीकार्दा कार्यस्वीकार प्रतिवेदन तयार गर्ने र त्रुटी सच्चाउने अवधि समाप्त भए पश्चात मात्र कार्य सम्पन्न प्रतिवेदन तयार गरी निर्माण कार्य सम्पन्न गराउने कार्यलाई प्रभावकारी बनाउनु पर्दछ ।	
३०			**निमार्ण सामाग्रीको गुणस्तर परीक्षण** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११ (१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ । उपभोक्ता मार्फत गराएको निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरीएको, ठेक्काद्धारा गरिने निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षणको आईटम समावेश गरिएकोमा खर्च दावी नभएको र उपभोक्ता मार्फत वा निर्माण व्यवसायी मार्फत हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण हुने गरेको देखिएन । निर्माण कार्यको परिमाण सुचीमा गुणस्तर परीक्षणको रकम समावेश नभएको देखिन्छ । गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चत हुन नसक्ने देखिन्छ । निर्माण कार्यमा प्रयोग हुने निर्माण समाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चत हुनुपर्दछ ।	
३१			**सार्वजनिक परिक्षण** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्र्तगत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । विभिन्न सडक, भवन, सिचाई, खानेपानी तथा कृषि विकास र पशु विकास सेवा तर्फको कार्यक्रमको सार्वजनिक सुनवाई गरेको जनाए तापनि सार्वजानिक सुनुवाईको ढाँचा अनुरुप गरेको पाईएन । कतिपयमा वजेट खर्च उल्लेख गरेको देखिदैन । केहिमा सार्वजनिक सुनुवाईको लागी तोकिएको फारम भर्ने गरेता पनि सरोकारवालाको न्यून उपस्थिती रहने गरेको, फाइलमा राख्ने प्रयोजनको लागी मात्र फारम भरेर राख्ने गरेको अवस्था बिद्यमान रहेको देखियो । त्यसैले सार्वजानिक सुनुवाईको विश्वसनीयता देखिदैन । कानूनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३२			**पेश्की बाँकी** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ (३) मा कार्यालयले प्रचलित कानून बमोजिम दिएको पेश्कीको म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राख्नुपर्ने तथा केन्द्रिय निकायले सो को एकीकृत लगत बनाई महालेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त पेश्की बाँकीको विवरण मलेप २११ अनुसार म्याद नाघेको निम्नबमोजिम पेश्की नियमानुसार फछ्र्यौट हुनुपर्दछ रु	१५,४०७,८९३

पेश्की लिनेको नाम	पेश्की दिएको मिति	पेश्की रकम		पेश्की विवरण
		म्याद ननाघेको	म्याद ननाघेको	
श्रृङ्खला निर्माण सेवा प्रा. लि.	११/०४/२०७७		२९,००,०००	समपुरक कोष सडक बोर्ड समेत
किरातेश्वर– जोशी– मिशन जे.भी	०३/२८/२०७८		७१,८४,०००	धनपालगढी पर्यटकीय स्थल बेलवारीनगरपालिका
रबिना - अबिशा - अभियान जे. भी.	०२/२५/२०७८		१५,७८,६६४	समपुरक कोष सडक बोर्ड समेत
रबिना - अबिशा - अभियान जे. भी.	०२/२५/२०७८		३६,८५,३३६	व्यापारिक कमप्लेक्स वडा नं.१
नयाँ नगरपालिकादेखि दलबहादुर मगरको घर जाने बाटो ड्रेन निर्माण उपभोक्ता समिति	१०/११/२०७७		५९,८९३	लागत सहभागिता
श्रृंखला निर्माण सेवा प्रालि		९२०००००		एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम
जम्मा		९२०००००	१५,४०७,८९३	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३३			**फोहोरमैला व्यवस्थापन** बेलबारी नगरपालिका क्षेत्रको फोहोरमैला संकलन तथा व्यवस्थापन गर्नको लागि पाथवे ईइसिसि जे.भी. इटहरीसंग २०७७ असार ८ मा मासिक रु ३९८८९० भुक्तानी गर्ने गरी २०७८ फल्गुन मसान्तसम्मको लागि सम्झौता गरेको छ । जसमा फोहोर व्यवस्थापन केन्द्र पालिकाले उपलब्ध गराउने, पाथवेले दैनिक संकलन गरीएको फोहोर कुहिने र नकुहिने छुट्याई व्यवस्थापन गर्नुपर्ने, फोहोरमैला संकलनको तालिका बनाई पालिकालाई उपलब्ध गराउनुपर्ने, पालिकाले कार्यसम्पादन तथा फोहोरमैला संकलनको स्थलगत निरीक्षण गर्ने र कार्य सन्तोषजनक नपाइएमा निर्देशन र सचेत गर्ने, फोहोरमैला र वातावरण व्यवस्थापनको क्षेत्रमा सचेतना जगाउन पर्चा पम्प्लेट लगायतका जागरण कार्यक्रम पाथवेले गर्ने उल्लेख भएको छ । पालिकाले सम्झौता अनुसार पाथवेलाई यस वर्ष रु.४७८६६८० भुक्तानी गरेको छ । सम्झौता अनुसार फोहोरमैला संकलनको तालिका पेश नभएको, पालिकाले फोहोरमैला संकलन तथा व्यवस्थापनको स्थलगत निरीक्षण गरी निर्देशन तथा सचेत गराएको पाइएन साथै सचेतना जगाउन कार्यक्रम गरेको पाइएन । पालिकाले फोहोरमैला संकलन गरे वापत नगरबासीसंग कुनै प्रकारको शुल्क संकलन गरेको पाइएन । अतः सम्झौतामा उल्लेख भएका प्रावधाहरुको पालना गर्दै नगरबासीबाट फोहोरमैला शुल्क समेत संकलन गरी फोहोरमैला व्यवस्थापनलाई गर्नुपर्दछ ।	
३४			**स्थानिय पुर्वाधार तथा सेवाको शुल्क** स्थानिय सरकार सञ्चालन ऐन दफा ११ घ २ स्थानिय पुर्वाधार तथा सेवाको शुल्क निर्धारण संकलन र व्यवस्थापन सम्बन्धी पालिकाको २०७७।४।६ को निर्णय अनुसार आ.व. २०७७।७८ को स्थानीय पूर्वाधार सेवा शुल्क उठाउन ठेक्का नलगाई सकेको हुँदा कीर्तिमान भाउन्ने आमतोला सडम चिसाङ खोला बाटो भित्रको बाटो समेत पूर्वाधार सेवा शुल्क अमानतमा उठाउन तोषित सुवेदी बेलबारीसंग सम्झौता गरी निजलाई २०७७।४।६ मा कार्यादेश दिइएको छ । अमानतमा २०७७।१०।१२ सम्म कर संकलन रु २५६२३० गरेको छ । पूर्वाधार कर ठेक्का नलगाई अमानतबाट संकलन गरेको र २०७७ माघ पछि कर संकलन गरेको पाइएन। गत वर्ष सिसैवारी फडानी भलुवा वेलवारी सडकमा रु ७०१००० र कीर्तिमान भाउन्ने आमतोलामा रु २५०२००० मा ठेक्का लागेकोमा यस वर्ष कुनै राजस्व संकलन गरेको पाइएन ।अतः पालिकाले समयमै ठेक्का बन्दोबस्त स्थानीय पूर्वाधार सेवा शुल्क संकलनलाई व्यवस्थित बनाई राजस्व वृद्धि गर्ने तर्फ ध्यान दिनुपर्दछ ।	
३५			**हाटबजार ठेक्का** स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ५९ मा नगरपालिकाले वहाल विटौरी कर उठाउन पाउने व्यवस्था छ । यस वर्ष नगरपालिकाले आफ्नो क्षेत्र भित्र पर्ने विभिन्न ठाउँका हाटबजार क्षेत्रबाट कुनै पनि राजश्व असूल गरेको छैन । मवेशी पशु हाटको हाटबजार कर अमानतमा उठाउनको लागि अर्को व्यवस्था नभएसम्मको लागि मनोज सुवेदीलाई कार्यदेश २०७७।६।१८ मा दिएको पाइयो । उक्त हाटबजार कर ठेक्का नलगाई वर्ष भरी नै अमानतबाट रु ४५७८१५ संकलन गरेको छ ।गत वर्ष बेलबारी १ मा लाग्ने सोमबारे र २ मा लाग्ने बुधबारे र शुक्रबारे हाट रु ११२५०००, वेलवारी ११ मा शनिबार र बिहीबार कृषिउपज हाटमा रु१००१००, वेलवारी ७ बुधबार र शनिबार लाग्ने हाटमा रु २००२५०, वेलवारी नौमा मंगलबार र शुक्रबार लाग्ने हाटमा रु २०००००, वडा नं ५ मा लाग्ने हाटमा रु३२००० को ठेक्का लगाई राजस्व संकलन गरेकोमा यस वर्ष ठेक्का नलगाएकोले नगरपालिकालाई राजस्व घाटा भएको छ ।	
३६			**पार्किङ शुल्क** स्थानिय सरकार सञ्चालन ऐन को दफा ६० बमोजिम नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्र पार्किङ शुल्क लगाउन सक्ने व्यवस्था छ । यस पालिकाको आर्थिक ऐन २०७७ को दफा १४ मा नगरक्षेत्र भित्र कूनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराएर पार्किङ शुल्क लगाउने उल्लेख छ । यस वर्ष पार्किङ शुल्क संकलन गरी राजस्व आम्दानी गरेको देखिएन । यस तर्फ ध्यान जानुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३७			**मनोरञ्जन कर** यस नगरपालिकाको आर्थिक ऐन २०७७ मा अनुसूची ७ बमोजिम मनोरञ्जन कर संकलन गर्ने व्यवस्था गरेको छ । यस नगरपालिकामा यो वर्ष कुनै पनि मनोरञ्जन कर प्राप्त गरेको छैन । नगरपालिका क्षेत्रमा रहेका सिनेमा घर तथा चलचित्र भवन तथा होटलको दर्ता नविकरण तथा वार्षिक कर असुल गरेको पाइएन । कानुन बमोजिम कर लिई बाँडफाँड गर्नुपर्दछ ।	
३८			**लोहोन्द्र खोला ढुगा गिटी बालुवा** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा ढुङ्गा, गट्टी, स्लेट, बालवुा, चनुढुङ्गा, खरीढुङ्गा, अभ्रख र दहत्तर बहत्तरमा प्राकृतिक स्रोत करको दर र प्रक्रिया प्रदेशले निर्धारण गर्ने र गाउँपालिका वा नगरपालिकाले सङ्कलन गर्ने व्ययस्था गरेको छ । उक्त ऐनमा ठेकेदारले कवोल गरेको रकम एकमुष्ट जम्मा गर्दा छुट सम्वन्धी व्यवस्था गरेको छैन । त्यस्तै गाउँपालिका वा नगरपालिकाले सङ्कलन गर्ने तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ र नियमावली, २०५३ अनुसार निकासी तथा विक्री आम्दानी र विज्ञापन करको ठेक्का सम्झौता बमोजिम कार्यालयले ठेक्का रकमको १३ प्रतिशत मूल्य अभिवृद्धि कर रकम असुल गरी संघीय संचित कोष दाखीला गर्नु पर्ने उल्लेख गरेको छ । कार्यालयले यस वर्ष लोहोन्द्र खोला मिस ढुंगा गिट्टी बालुवा तथा भरोटको ठेक्का लगाउदा आई.ई.ई. गराई उक्त प्रतिवेदन अनुसारको परिमाण ८१०९९५५.८७ घन फिट रहेको २०७७।०८।१७ मा ३० दिने सूचना प्रकाशन ८१०९९५५.८७ घन फिट परिमाणको रु.६४८७९६४७।०७ मा वोलपत्र आह्वान गरेकोमा कुनै पनि प्रस्ताव नपरेकोले पुनः सूचना प्रकाशन गरी न्यूनतम ठेक्का रकम रु ४८६५९७३५।२५ रहेकोमा १ वटा कम्पनीको प्रस्ताव परेकोमा रु.४८६६६६६६/- (भ्याट वाहेक) सारभूत रुपमा प्रभावग्राही भएको मूल्यांङकन समितिको २०७७/११/२७ निर्णय अनुसार कानेपोखरी वि एण्ड वि मोरङ जेभी बेलबारी मोरङसँग संझौता गर्ने निर्णय भए अनुसार १५ दिन भित्र संझौता गर्न आउन पत्राचार गरेको छ । कम्पनीको कवोल अंक रु.४८६६६६६६/- (भ्याट वाहेक) रहेकोमा कार्यालय र कम्पनीबिच २०७७ चैत्र २० गते सम्झौता अवधि २०७७ चैत्र २० गतेदेखि २०७८ साल जेठ मसान्तसम्म हुने, नदीजन्य पदार्थको उत्खनन बिहान सूर्योदयदेखि सूर्यास्तसम्म हुने एकमुष्ट रकम बुझाएमा मू.अ. कर बाहेक १० प्रतिशत छुट दिने, प्रचलित कानुन बमोजिम बुझाउनु पर्ने मूल्य अभिवृद्धि कर तथा अग्रिम आयकर दोस्रो पक्ष स्वयंले बुझाउनुपर्ने राजस्व भौचरको एक प्रति पालिकामा पेश गर्नुपर्ने लगायत व्यवस्था गरी संझौता गरेको छ । ठेक्का बन्दोबस्ती सम्बन्धी सूचना प्रकाशन तथा सम्झौता गर्दा बोलपत्रदाताले सम्झौता समयमा कबोल गरेको ठेक्का अंकको सम्पूर्ण रकम एकमुष्ट बुझाएमा १० प्रतिशत रकम छुट सुविधा दिन सकिने उल्लेख छ । जे.भी. ले सम्झौता अनुसार कवोल अंक एकमुष्ट नबुझाई पटक पटक गरी मू.अ. कर र अग्रीम कर सहित रु ५५७२३३३३ दाखिला गरेको छ । सम्झौता अनुसारको रकम एकमुष्ट नबुझाएकोमा छुट दिन नमिल्ने अवस्थामा कवोल अकको १० प्रतिशत छुट दिने नगर कार्यपालिकाको २०७८।१।५ को निर्णय अनुसार भौचर नं ३-२०७८।१।१२ बाट कानेपोखरी वि एण्ड वि मोरङ जे.भी. लाई रु ४८६६६६६ छुट दिएको छ । सम्झौता विपरित छुट दिएको रकम असुल तथा वाँडफाँड गरी स्थानीय तथा प्रदेश संचित कोष खातामा दाखिला गर्नु पर्ने रु.	४,८६६,६६६
३९			**राजस्व सफ्टवेयर** पालिकाले दर्ता तथा नविकरण गरेको रकम दाखिला राजस्वको सफ्टवेयरमा देखाएतापनि कुल व्यवसाय दर्ता गर्ने नविकरण गर्ने तथा बाँकीको विवरण सिस्टमबाट देखिदैन भने अन्य कुनै तरिकाले अभिलेख राखेको छैन । राजस्वको सफ्टवेयरमा नविकरण गर्ने दर्ता गर्ने बार्षिक कर नतिर्ने समयमा नतिरेको कारण जरिवाना लगाएका करदाता आदिको अभिलेख देखिने गरी राजस्वको सफ्टवेयर राख्नुपर्ने देखिन्छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४०			**विज्ञापन कर** नगरपालिकाले मिति २०७७।४।१ मा राजपत्रमा प्रकासन गरी विज्ञापन करको न्यूनतम कबोल अंक रु १५००००० तोकिएको छ । मिति २०७७ पुषमा ३ वटा फर्मले विज्ञापन कर उठाउन पाउँ भनि प्रस्ताव पेश गरी ऋतिक मिडिया प्रालिको न्युनतम रु१५०००० र मुअकर १३ प्रतिशत समेत रु १६९००० स्वीकृत भएको देखिन्छ । मिति २०७७।९।२३ मा भएको सम्झौता बमोजिम सो रकम चालु आवको भुक्तानी सम्झौता अवधिमा कुल रकमको ५० प्रतिशत र बाँकी ५० प्रतिशत बैशाख मसान्तसम्ममा बुझाउनुपर्ने उल्लेख छ । प्राप्त विवरण अनुसार २०७८ असार मसान्त सम्ममा रु ८४७५० मिति २०७७।९।२४ मा र मिति २०७७।९।२४ मा रु ८४७५० र मिति २०७८।३।२७ मा रु ७५००० नगरपालिकाको आन्तरिक राजस्वमा जम्मा भएको देखिन्छ । बाँकी रकम रु ९२५० सम्बन्धित फर्मबाट संकलन गर्नुपर्ने रु	९,२५०
४१			**ढुंगा गिट्टी उत्खनन गरिएको परिमाण** प्रालिले प्रदेश १ को आर्थिक ऐन, २०७६ को अनुसूची ५ बमोजिमको दरमा मूल्य अभिवृद्धि कर थप गरी कर संकलन गरी सोही बमोजिमको रसिद छपाई कार्यालयबाट प्रमाणित गराएर मात्र प्रयोगमा ल्याउनु पर्नेगरी प्रालिसँग कार्यालयले संझौता गरेको छ। प्रालिले चारवटै पालिकाको आई.ई.ई. प्रतिवेदनमा उल्लेखित नाकाहरुमा तोकिएको मापदण्ड परिमाण बमोजिम तोकिएको शर्तको अधिनमा रही उत्खनन् गर्नुपर्ने हाते औजारको माध्यमबाट उत्खनन गर्न असम्भव भई उत्खनन क्षेत्रमा हेवि ईक्यूपमेन्ट प्रयोग गर्दा पहिलो पक्षबाट अनुमति लिएर मात्र प्रयोग गर्नुपर्ने ढुंगा गिटी बालुवा र ग्राभल उत्खनन् परिमाणको मासिकरुपमा फाँटवारी कार्यालयलाई अनिवार्य रुपमा पेश गर्नुपर्ने कार्यालयले उत्खनन क्षेत्रको अनुगमन गरी दिएको निर्देशन प्रालिले पालना गर्नुपर्ने संझौतामा व्यवस्था गरेको छ । तर के कति मात्रामा रसिद छापियो के कति परिमाणमा कार्यालयको छाप लगाइयो सोको अभिलेख अद्यावधिक रहेको पाइएन । विभिन्न समयमा स्काभेटर, ब्याकलोडर र टिपर संचालन गर्न अनुमति दिएको छ । तर के कति प्रकारका मेसिन औजार संचालन गर्न अनुमति दिएको लगत राखेको देखिएन । उत्खनन गरीएको परिमाणको मासिक फाँटवारी समेत प्रालिले पेश गरेको देखिएन। सम्झौता अनुसार रसिद छाप्न प्रालिलाई नै अधिकार दिएकोले उत्खनन गरीएको परिमाण आई.ई.ई. प्रतिवेदन, संझौता तथा प्रचलित कानुन तथा निर्धारित मापदण्ड वमोजिम नै भएकोमा आश्वस्थ हुन सकिएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४२			**चिसाङ खोला ढुगा गिटी बालुवा** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा ढुङ्गा, गट्टी, स्लेट, बालवुा, चनुढुङ्गा, खरीढुङ्गा, अभ्रख र दहत्तर बहत्तरमा प्राकृतिक स्रोत करको दर र प्रक्रिया प्रदेशले निर्धारण गर्ने र गाउँपालिका वा नगरपालिकाले सङ्कलन गर्ने व्ययस्था गरेको छ । उक्त ऐनमा ठेकेदारले कवोल गरेको रकम एकमुष्ट जम्मा गर्दा छुट सम्वन्धी व्यवस्था गरेको छैन । त्यस्तै गाउँपालिका वा नगरपालिकाले सङ्कलन गर्ने तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ र नियमावली, २०५३ अनुसार निकासी तथा विक्री आम्दानी र विज्ञापन करको ठेक्का सम्झौता बमोजिम कार्यालयले ठेक्का रकमको १३ प्रतिशत मूल्य अभिवृद्धि कर रकम असुल गरी संघीय संचित कोष दाखीला गर्नु पर्ने उल्लेख गरेको छ । कार्यालयले यस वर्ष चिसाङ खोला ढुंगा गिटी बालुवा ठेक्का लगाउदा आई.ई.ई. गराई उक्त प्रतिवेदन अनुसारको परिमाण ७५१७१४१.३८ घन फिट रहेको र मिति २०७७।०८।१७ मा ३० दिने सूचना प्रकाशन ७५१७२३०.३८ घन फिट परिमाणको रु. ४३१३२९४०.११ मा वोलपत्र आह्वान गरेकोमा ५ वटा कम्पनीको प्रस्ताव परेकोमा रु.६११०००००/- (भ्याट वाहेक) सारभूत रुपमा प्रभावग्राही भएको मूल्यांङकन समितिको २०७७/९/२९ निर्णय अनुसार सुमित निर्माण सेवा विराटचोक मोरङ कम्पनीसँग संझौता गर्ने निर्णय भए अनुसार १५ दिन भित्र संझौता गर्न आउन पत्राचार गरेको छ । कार्यालयले कम्पनीसंग सम्झौता हुनु भन्दा अगाडी निर्णय गरी २०७७/१०/५ मा अस्थाई कार्यदिश दिईएको छ । कम्पनीको कवोल अंक रु.६११०००००/- (भ्याट वाहेक) रहेकोमा कार्यालय र कम्पनीबीच २०७७ माघ १४ गते सम्झौता अवधि २०७७ माघ १४ गतेदेखि २०७८ साल जेठ मसान्तसम्म हुने, नदीजन्य पदार्थको उत्खनन बिहान सूर्योदय देखि सूर्यास्त सम्म हुने बोलपत्रदाताले कबोल अंकको मू.अ. कर बाहेक रु. ६११०००००/- मध्ये सूचना बमोजिम १० प्रतिशत छुट कटाई कायम भएको अङ्क रु. ६२८९३८०६/- को प्रचलित कानुन बमोजिम बुझाउनु पर्ने मूल्य अभिवृद्धि कर तथा अग्रिम आयकर दोस्रो पक्ष स्वयंले बुझाउनुपर्ने राजस्व भौचरको एक प्रति पालिकामा पेश गर्नुपर्ने लगायत व्यवस्था गरी संझौता गरेको छ। यसमा देखिएका व्यहोरा निम्नानुसार छः	
४२.१			**कर छुट** ठेक्का बन्दोबस्ती सम्बन्धी सूचना प्रकाशन गर्दा बोलपत्रदाताले सम्झौता समयमा कबोल गरेको ठेक्का अंकको सम्पूर्ण रकम एकमुष्ट बुझाएमा १० प्रतिशत रकम छुट सुविधा दिन सकिने उल्लेख छ । पालिकाले ठेक्का सम्झौता भन्दा अगाडी २०७७।१०।५ अस्थाइ कार्यदेश दिई नदी उत्खनन कार्य गरेको छ । कनै कानुनी प्रावधान विना कबोल अकको १० प्रतिशत रु. ६१०६१९४/- छुट दिएको छ । यसरी छुट दिन सकिने कानुनी प्रावधान नदेखिएकोले छुट दिएको रकम असुल तथा वाँडफाँड गरी स्थानीय तथा प्रदेश संचित कोष खातामा दाखिला गर्नु पर्ने रु.	६,१०६,१९४
४२.२			**सम्झौतामा कबोल अंक कम** नदी ठेक्काको सूचना २०७७।०८।१७ मा प्रकाशन भएकोमा ५ वटा प्रस्ताव परेकोमा मूल्याँकन समितिको २०७७ पौष २० को प्रतिवेदन सारभूत रुपमा प्रभावग्राही तथा बढी कबोल (रु ६११०००००) गर्ने सुमित निर्माण सेवा विराटचोक मोरङ कम्पनीको बोलपत्र स्वीकृत गर्ने निर्णय भए अनुसार २०७७ माघ १४ मा खोलाको गिट्टि बालुवा तथा भरौट उत्खनन तथा संकलन गर्ने सम्झौतामा कबोल अंक रु ६१०६१९४६.९० उल्लेख गरेको छ । जसबाट मूल्याँकन समितिको प्रतिवेदनमा भन्दा घटीमा रकममा सम्झौता गरी सोही बमोजिम राजस्व दाखिला भएको पाइएकोले घटी रकम असूल गर्नुपर्ने रु.	३८,०५३
४३			**व्यवसाय कर** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । त्यस्तै नगरपालिकाको आर्थिक ऐन २०७७ को दफा ५ मा नगर क्षेत्र भित्र सञ्चालनमा रहेका उद्योग, व्यापार, व्यवसाय, वा सेवा तथा परामर्शदाता उद्यमी र सबै प्रकारका व्यवसायमा अनुसूची ४ बमोजिम व्यवसाय कर लगाइने उल्लेख छ । यस वर्ष नगरपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.५१,७८,८६९.५० कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अद्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४४</td><td></td><td></td><td>लोहोन्द्रा खोलाको ढुंगागट्टी वालुवा अमानतबाट संकलन</td><td></td></tr>
<tr><td>४४.१</td><td></td><td></td><td>दाखिला गर्न बाँकी राजस्वः नगदी रसिद छपाई ४ प्रकारको (प्रति रिसद रु ४८३.७०, रु ५६३.५८, ६१०.२० र ७११.९०) गरी अमानतबाट रु ७४७१४०८.२० संकलन गरेकोमा देहायका २ जना संकलकबाट उठेको राजस्व रकम रु १५८८२९.४० बैंक दाखिला गर्न बाँकी रहेको छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा कार्यलायमा प्राप्त भएको राजस्व सोही दिन वा भोलिपल्ट दाखिला गर्नुपर्ने व्यवस्था छ । तर देहायको राजस्व रकम लेखापरीक्षणको समयमा समेत दाखिला नगरेकोले १० प्रतिशत जरिवाना सहित दाखिला गर्नुपर्न पर्ने रु
<table>
<tr><th>उठेको जम्मा राजस्व</th><th>बैंक दाखिला</th><th>दाखिला हुन बाँकी</th><th>१० प्रतिशत जरिवाना</th><th>जम्मा</th><th colspan="2">कैफियत</th></tr>
<tr><td>७४५३९९५.११</td><td>७३१२५७९</td><td>१४१४१६.२१</td><td>१४१४१.६२</td><td>१५५५५७.८३</td><td>भरत प्रसाद भट्टराईको नामाम दाखिला गर्न बाँकी रहेको रु ७८७७३।२८</td><td>अभिशेक राईको नाममा दाखिला गर्न बाँङ्की रहेको रु ६२६४२।९३</td></tr>
<tr><td>१७४१३.२</td><td>०</td><td>१७४१३.२</td><td>१७४१.३</td><td>१९१५४.५</td><td colspan="2">अभिशेक राईले बुझीलिएको र.नं. १२०१ दखि १३०० को ठेलीको ३६ वटाको रु ४८३.७० को दरले रु १७४१३.२० जोडजम्मा नभएको</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>१७४७१२.३३</td><td></td><td></td></tr>
</table>
</td><td>१७४,७१०</td></tr>
<tr><td>४४.२</td><td></td><td></td><td>मूल्य अभिवृद्धि कर मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा नियमावली, २०५३ मा ढुंगा गिटी वालुवा उत्खनन तथा विक्रिमा मुल्य अभिवृद्धि कर लाग्ने तथा सो कर संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले लोहोन्द्रा खोलाको कर अमानतबाट रु ७४७१४०८.३१ संकलन गरेको छ । नियम अनुसार १३ प्रतिशत मु.अ. कर रु.९७१२८३ सोझै संघीय संचित कोषमा दाखिला गर्नुपर्नेमा गरेकोले नपाइएकोले दाखिला हुनुपर्ने रु</td><td>९७१,२८३</td></tr>
<tr><td>४४.३</td><td></td><td></td><td>रसिद नियन्त्रण खाता अमानतबाट कर संलकलन गर्नको लागि नगदी रसिद छपाई गरी संकलन गरेकोमा नगदी रसिद नियन्त्रण खाता लेखपरीक्षणको क्रममा पेश नगरेकोले राजस्व असुलीमा प्रयोग हुने रसिद के कति छपाई भयो, गत विगतका कति रसिद बाँकी थिए र यो वर्ष खर्च भई के कति आगामी वर्षको लागि जिम्मेवारी सारेको छ एकीन गर्न सकिएन । जसले गर्दा राजस्व असुलीमा प्रयोग हुने रसिद उपर्युक्त ढङ्गबाट प्रयोग भएको छ भन्न सकिने आधार भएन । रसिदको प्रयोगलाई व्यवस्थित बनाइनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४५</td><td></td><td></td><td>अग्रिम कर
आयकर ऐन, २०५८ को दफा ८७, ८८, ८९ अनुसार भएको कारोबारको भुक्तानी गर्नुपूर्व कर कट्टि गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारको भुक्तानीमा उपर्युक्त व्यवस्था बमोजिमको कर कट्टा गरेको देखिएन । अतः देहायका सम्बन्धित फर्म तथा व्यक्तिबाट कर बापत लाग्ने रकम असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु.
<table>
<tr><th>भौचर र मिति</th><th>व्यक्ति वा फर्मको नाम</th><th>भुक्तानी रकम</th><th>अग्रिम कर(१०५%)</th><th>पारिश्रमिक कर(१५%)</th><th>कैफियत</th></tr>
<tr><td>२१३-०७७/१०/४</td><td>विनय च्याउ उद्योग</td><td>४८००००</td><td>३६००</td><td>०</td><td>कम दाखिला</td></tr>
<tr><td>६५६-०७८/३/८</td><td>साना कृषि सहकारी संस्था लि</td><td>३६९६००</td><td>२५४४</td><td>०</td><td>कम दाखिला</td></tr>
<tr><td>८३१-०७८/३/२८</td><td>दिपेश नर्सरी</td><td>१८००००</td><td>४५०</td><td>०</td><td>कम दाखिला</td></tr>
<tr><td>६२६-०७७/१०/१९</td><td>तोषित सुवेदी</td><td>६४०५७</td><td>०</td><td>९६०८</td><td>दाखिला नगरेको</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>६५९४</td><td>९६०८</td><td></td></tr>
<tr><td colspan="5">कुल जम्मा</td><td>१६२०२</td></tr>
</table></td><td>१६,२०२</td></tr>
<tr><td>४६</td><td></td><td></td><td>सवारी साधन मेशिनरी औजार भाडा
सार्वजनिक निकायले कुनै पनि सेवा लिदा करार सम्झौता गरी लिनु पर्दछ । पालिकाको वार्षिक स्वीकृत कार्यक्रममा सवारी साधन तथा मेशिनरी औजार भाडा शीर्षकमा बजेट रु ८ लाख विनियोजन सवारी साधन भाडामा लिए वापत रु ७०४६६७ खर्च गरेको छ । जसमा कार्यालयले विभिन्न समयमा गाडी भाडामा लिई भुक्तानी गरेकोमा गाडी भाडामा लिने सम्झौता नगरेको तथा गाडीको भाडा दर कुन आधारमा भुक्तानी गरेको नखुलाई खर्च लेखेको पाइयो । आगामी दिनमा सवारी साधन भाडामा लिंदा सम्झौता गरी खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>इन्धन खर्चको मापदण्ड
प्रदेश नं. १ सार्वजनकि खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका २०७५ मा सवारी साधानको किसिम, इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष इन्धन खर्चको कुनै मापदण्ड नै तयार नगरी इन्धन (कार्यालय प्रयोजन) मा रु.१२०७५०/- र इन्धन (पदाधिकारी) मा रु.५०००००/- गरी जम्मा रु.५१,२०,७५०/- इन्धनमा खर्च गरेको छ । पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने अभिलेख समेत राखेको पाइएन । प्रत्येक सवारी साधनको प्रयोगको लगबुक राखि सम्बन्धी पदाधिकारीले प्रमाणित गर्नुपर्नेमा सवारी साधन प्रयोगको लगबुक राखेको पाइएन । इन्धन खर्चलाई मितव्ययी बनाउन इन्धन खर्चको मापदण्ड बनाउने, लग बुक राख्ने र इन्धन प्रयोगको व्यवस्थीत अभलेख राख्ने व्यवस्था गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४८			**संचार खर्च** गाउँपालिकाले यस वर्ष संचार खर्च शीर्षकबाट इन्टरनेट शुल्क तथा मोबाई रिचार्ज खर्च रु.१२८१२९३ खर्च गरेको छ । कार्यालयमा ल्याडलाईन टेलिफोन जडान नभएकोले कर्मचारी तथा पदाधिकारीहरुलाई संचार खर्च वापत मोवाइमा रिचर्ज खर्च दिने गरेको पाइयो । यसरी संचार खर्च दिनको लागि कार्यविधि नभएकोले कति खर्च पाउने एकीन गर्न सकिएन । आगामी दिनमा संचार खर्च सम्बन्धी कार्यविधि बनाई खर्चमा मितव्ययिता अपनाउनु पर्दछ ।	
४९			**घर भाडा बढी भुक्तानी** कार्यालयले घर भाडा लिइ भुक्तानी गर्दा सम्झौतामा उल्लेख भए बमोजिमको रकम भुक्तानी गर्नु पर्दछ । पालिकाले वडा नं ८ कार्यालयको लागि दिल बहादुर लिम्बुको घर भाडामा लिन २०७७।४।४ मा सम्झौता गरी मासिक रु १५०० का दरले भुक्तानी गर्ने उल्लेख भएको छ । घर भाडा चैत्र देखि असारसम्मको रु ६००० भुक्तानी गर्नु पर्नेमा ६०००० भुक्तानी भएकोले सम्बन्धितलाई जिम्मेवार बनाई बढी भुक्तानी भएको रकम असूल गरी पालिकाको संचित कोषमा दाखिला गर्नुपर्ने रु	४८,६००
५०			**बैठक भत्ता भुक्तानी** सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ को बुँदा नं ६(६) मा कानून बमोजिम गठित समितिको बैठकको लागि कार्यालय समय भन्दा बाहेकको समयमा सम्पन्न भएको बैठकको मात्र भत्ता उपलब्ध गराउने व्यवस्था गरेको छ । कार्यालयका कर्मचारीहरुको २०७६।७७ को कार्यसम्पादन तथा मूल्यांकन समितिको बैठक २०७७।५।२० गते चार पटक बैठक बसी देहायका व्यक्तिहरुलाई बैठक भत्ता भुक्तानी गरेको पाइयो । कार्यालय समयमा (विहान र वेलुका बाहेक) बसेको वैठकको रकम असूल गर्नुपर्ने रु	१४,०२५

नाम पद	बैठक संख्या	बढी संख्या	दर	बढी भुक्तानी
जि.सि.अ. श्री ध्यान कुमार थापा	४	२	१५००	२५५०
स.प्र.जि.अ. श्री मुकेश कुमार केशरी	४	२	१५००	२५५०
प्र.प्र.अ. श्री प्रदिप शाह	४	२	१५००	२५५०
शा.अ. श्री विनोद कुमार भण्डारी	३	१	१५००	१२७५
अधिकृत सातौं श्री महेन्द्र खड्का	४	२	१५००	२५५०
ना.सू. श्री प्रिती सापकोटा	४	२	१५००	२५५०
जम्मा				१४०२५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५१			**छात्रवृत्ति वितरण** पालिकाको स्वीकृत वार्षिक विद्यार्थी भर्ना छात्रवृत्ति कार्यक्रम अन्तर्गत वजेट रु १५००००० विनियोजन गरी खर्च रु १३९८०४० खर्च लेखेको छ । पालिकाको २०७८।१।५ को निर्णय अनुसार बेलबारी बहुमूखी क्याम्पसको चालू आर्थिक वर्ष २०७७।७८ मा नयाँ भर्ना हुने विद्यार्थीको भर्ना शुल्क वापल लाग्ने बराबरको रकम छात्रवृत्ति स्वरुप बेलबारी क्याम्पसलाई उपलब्ध गराउने उल्लेख छ । सोही निर्णय अनुसार क्याम्पसले २२८ जना विद्यार्थी भर्नाको विवरण पालिकामा पठएको आधारमा प्रति विद्यार्थी रु ६२०५ का दरले रु १३९८०४० बेलबारी क्याम्पसलाई भुक्तानी दिएको छ । यसरी छात्रवृत्ति वितरण गर्दा पालिकाले कार्यविधि नबनाई वितरण गरेको तथा आवश्यकताको पहिचान नगरी एकमुष्ट वितरण गरेको पाइयो।जसले गर्दा छात्रवृत्तिले लिएको उद्देश्य र लक्ष्य हाँसिल गर्न सक्ने आधार देखिएन ।	
५२	१६९	२०७८-३-३०	**कार्यविधि विपरितको खर्च** स्थानिय तहले सामुदायिक विद्यालयको कक्षा ६-१२ सम्म अध्ययनरत सबै छात्राहरुका लागि निशुल्क सेनिटरी प्याड व्यवस्थाका लागि सेनिटरी प्याड कार्यविधि बमोजिम छात्राहरुको तथ्याङ्क यकीन गर्ने, विद्यालयलाई महिनावारीको समयमा तोकिएको मापढण्ड अनुसारको प्याड उपलब्ध गराउने, वार्षिक १० महिना अवधिका लागि निशुल्क सेनिटरी प्याडको व्यवस्था मिलाउनु पर्दछ । यस पालिकाले संघीय ससर्तबाट स्यानिटरी प्याड खरीदका लागि प्राप्त रकममध्ये बसुन्धरा इन्टरप्राइजेजबाट रु४९७५४६।९१ को स्यानिटरी प्याड खरिद गरेको छ । सो खर्चबाट बचेको ससर्त रकम ६२ औ नगरकार्यपालिकाको बैठकले इन्सिनेटर सहितको भेन्डिङ खरीद गर्ने निर्णय गरी ठेक्का प्रक्रिया मार्फत नवयुग भेन्चर प्रालिबाट रु १५९१७४५ को स्मार्ट कार्ड स्यानिटरी प्याड भेन्डिङ मेसिन २८ थान र स्यानिटरी प्याड डिस्पोजल मेसिन २८ थान खरीद गरेको छ । खरीद गरिएका मध्ये १ थान बाहेक अन्य विद्यालयलाई हस्तान्तरण भइसकेकोले कार्यालयमा रहेको बाँकी १ थान भेन्डिङ्ग मेसिन विद्यालयलाई हस्तान्तरण गर्नुपर्ने देखिन्छ । ससर्त तर्फ जुन प्रयोजनका लागि बजेट प्राप्त सोहिमा खर्च गर्नुपर्ने र बचत रकम फिर्ता गर्नुपर्नेमा सो नगरी खर्च गरेकोले यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ रु	१,५९१,७४५
५३			**कन्टिन्जेन्सी कट्टी** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन ३ फ मा ससर्त अनुदान अन्तर्गत स्थानिय तहमा प्राप्त भएका विद्यालय भौतिक सुविधा विस्तारको कार्यक्रमको रकमबाट कन्टिन्जेन्सी रकम कटौती गर्न नपाइने उल्लेख छ । पालिकाले निम्नानुसार कन्टीन्जेन्सी कट्टा गरी खर्च गरेको नियमित देखिएन रु	३९,५००

भौ.नं. र मिति	खर्च विवरण	रकम
५।१०।१८	लक्ष्मी माविको बास शौचालय	४५००
६।१०।१८	जनता मावि बास शौचालय	२१००० कन्टिन्जेन्सी
११।१।१४		१४००० मर्मत सम्भार कट्टी
जम्मा		३९५००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५४			**नमूना विद्यालय**	२,७००,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप ९=१३ मा नमुना विद्यालयले स्वीकृत गुरुयोजना अनुरुप रही न्युनतम पुर्वाधारहरुको प्राथमिकता गरी आइसिटि ल्याब, विज्ञान प्रयोगशाला, पुस्तकालय व्यवस्थापन पुंजिगत निर्माण र सुधारको क्षेत्रमा खर्च गर्ने तथा नमुना विद्यालय व्यवस्थापन निर्देशिका २०७४ मा उल्लेखित शैक्षिक पूर्वाधारहरुको न्यूनतम सर्त पुरा गर्ने शैक्षिक कार्यक्रम कार्यान्वयनका लागि आवश्यक बजेट सहितको प्रस्ताव विद्यालयबाट पेस गर्न लगाई गुरुयोजना र नमूना विद्यालय व्यवस्थापन निर्देशिका उल्लेखित शैक्षिक सुधारका क्रियाकलापका आधारमा तत्कालीन रुपमा शैक्षिक सुधार हुने क्रियाकलाप तोकी स्थानिय तह र विद्यालयबिच सम्झौता गरी विद्यालयलाई शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदान रु ५० लाख उपलब्ध गराउने उल्लेख छ । सोही बमोजिम नगरपालिका अन्तर्गतको नमूना विद्यालय जनता माविले देहाय बमोजिम प्रस्ताव पेश गरेको देखिन्छ ।	

सि नं	कार्यक्रम	रकम रु हजारमा
१	आइसिटि तालिम	५०
२	ल्यापटप व्यवस्था	१५०
३	इन्टराक्टिभ प्यानल	१७५०
४	प्रोजेक्टर	२००
५	कम्प्युटर	६००
६	खेलकुद सामाग्री	५००
७	शिक्षक प्रोत्साहन	९००
८	फर्निचर खरिद	४००
९	शैक्षिक भ्रमण	१५०
१०	प्राथमिक तहको आकर्षक कक्षा	३००
	जम्मा	५०००

नगरपालिकाले विद्यालयको प्रस्ताव बमोजिम कार्य मिति २०७७।१०।१५ मा कार्यक्रम संचालन गर्न विद्यालयलाई कार्यदेश दिई भौ ६८ र ९९ बाट गरी रु ५० लाख भुक्तानी भएको देखिन्छ । लेखापरीक्षणको क्रममा पेश भएको विल भरपाई परीक्षण गर्दा विद्यालयले अनुदान रकम मध्ये रु २७ लाख पेश गरेको प्रस्ताव विपरित बस खरीदमा खर्च गरेको छ । यसरी नमूना विद्यालय निर्देशिका, कार्यक्रम कार्यान्वयन निर्देशिका र विद्यालय आफैले अनुदान माग गर्दा पेश गरेको प्रस्ताव विपरित खर्च गरेको रकम नियमित भएन रु

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५५			**बस खरिद** राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गतका क्रियाकलापहरुको कार्यान्वयन प्रक्रियाको ग मा एउटा कार्यक्रममा विनियोजन गरिएको रकम अर्को कार्यक्रममा खर्च गर्न नपाइने उल्लेख छ । यस नगरपालिका अन्तर्गतको जनता मावि १ नक्सालबारी र जनता मावि वेलबारी ८ लाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत भौतिक पूर्वाधार तथा शैक्षिक विकास कार्यक्रम अन्तर्गत रु ५०/५० लाख विनियोजन भएको देखिन्छ । जस मध्ये दुबै विद्यालयले रु २३/२३ लाखको भौतिक पूर्वाधार निर्माण गरेको र बाँकी रकम रु २७/२७ लाखबाट विद्यालयका लागि बस खरीद गरेको छ । कार्यान्वयन प्रक्रियाको बुँदा ८ मा भौतिक पूर्वाधार तथा शैक्षिक विकास कार्यक्रम अन्तर्गत बस खरिद सम्बन्धी व्यवस्था नभएकोमा कार्यान्वयन निर्देशिका विपरित गरिएको बस खरिद नियमित देखिएन रु	५,४००,०००
५६			**शिक्षक दरवन्दी र पदपूर्ति** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ८३(१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ । स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । नगरपालिका अन्तर्गत विभिन्न तहका ३१ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या १ | ३१ विद्यालय | ३११ | ३११ | ८४ | १०८७६ पालिकाको कुल दरबन्दीमा २७ प्रतिशत दरबन्दी करारबाट भएको देखिन्छ । पालिकाले दरबन्दीमा स्थायी शिक्षक नियुक्तिको लागि ध्यान दिनुपर्ने देखिन्छ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएकोबाट कम भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एवं न्यून विद्यार्थी भएका विद्यालयहरु सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ । तालुक निकाय तथा पालिकाबाट विद्यार्थी संख्याका आधारमा विद्यालयगत शिक्षक दरबन्दी मिलान गरी पदपूर्ति गर्नुपर्दछ ।	
५७			**स्वास्थ्य तर्फ**	
५७.१			**अभिलेख व्यवस्थापनः** स्थानीय तहमा स्वास्थ्य सम्बन्धि कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७७।७८ मा स्थानीय तहबाट सञ्चालन भएका स्वास्थ्य कार्यक्रमको स्पष्ट रुपमा अभिलेख राखि प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था उल्लेख छ । सञ्चालन गरेका स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुको अभिलेख तथा प्रगति प्रतिवेदन पूर्ण रुपमा नराखेकोले समयमा प्रतिवेदन पेश गर्नेतर्फ अभिलेख व्यवस्थापन तिर ध्यान दिनुपर्ने देखिन्छ ।	
५७.२			**स्वास्थ्य तलबः** निजामति सेवा ऐन, २०४९ को दफा ७.ख (२) मा तलबी प्रतिबेदन पारित गरेर मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाको स्थास्थ्य शाखाको कर्मचारीको तलबि प्रतिवेदन पारित नगराई भुक्तानी गरिएको छ । यसरी तलबि प्रतिवेदन पारित नगराई खर्च गर्दा तलब तथा ग्रेड बढी भुक्तानी हुने, दोहोरो भुक्तानी हुने सम्भावना रहन्छ जसले गर्दा भएको खर्चको एथार्थता एकिन गर्न सकिदैन । कानुनमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ । तलबी प्रतिवेदन पारित नगरि खर्च स्वास्थ्यकर्मीहरुलाई तलब वापत रु२०३८७१५२.३३ खर्च गरेको छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५८			**औषधी व्यवस्थापनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । यस नगरपालिकाले उक्त प्रक्रियावेगर ससर्त शिर्षकबाट हिल्स मेडी सप्लायर्सबाट रु ४९९१०० - र गापा चालुबाट रु. २०६५६४६ गरी कुल रु. २५६४७४७ को औषधि सोझै खरिद गरेको छ । बार्षिक खरिद गुरुयोजना बनाई ओषधी खरीद गर्नुपर्दछ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः : • पालिकाले औषधीहरु खरिद गरि स्वास्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाईहरुलाई हस्तान्तरण गरि पठाएकोमा खरिद भएका औषधीहरुको माग अनुसार उपलव्धता, वितरण, उपयोगको अवस्था र मौज्दात (म्याद सकिएको, कम म्याद भएको औषधी) को स्थिति सम्वन्धमा विवरण माग गरिएकोमा प्राप्त विवरणमा केही औषधीहरुको मौज्दात शुन्य देखाएको छ । • त्यस्तै निशुल्क वितरण गर्ने औषधीमा निशुल्क वितरणका लागि भन्ने लोगो लगाएको पाइएन । • कतिपय औषधीमा मुल्यअंकित समेत भएको पाइयो । • आपूर्ति हुने औषधि डव्लु.एच.ओ. वाट सटिफइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भन्ने खुलाएको प्रमाण समावेश नभएको । • आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । • जिन्सी कितावमा औषधि आम्दानी बाँध्दा खरिद गरेको र स्वास्थ्य कार्यालयबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको । • औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा त्यसो नगरी एकमुष्ट घटाउने गरेको । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्ने तथा अथोराइज्ड स्टक लेभल (ASL)र इमर्जेन्सी अर्डर पोइन्ट (EOP) निर्धारण र सोको आधारमा औषधीको आपूर्ति र वितरण व्यवस्था मिलाउने तर्फ ध्यान दिनुपर्दछ ।	
५९			**लघु उद्यम** गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१ (३) अनुसार प्रविधि हस्तान्तरण सम्बन्धी प्रक्रियामा उद्यमीलाई प्रदान गरिने प्रविधिको कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपुर्तिकर्ताले कबोल गरेको अंकको कम्तीमा बिस प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा असि प्रतिशत रकम मात्र कार्यालयले आपुर्तिकर्तालाई भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।प्रविधि हस्तान्तरण कार्यक्रम अन्तर्गत लागत साझेदारी वापतको २० प्रतिशत रकम रु ८१२४७ मिति २०७८।३।२० मा न.पा.को खातामा दाखिला भएकोले सो रकमलाई संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने रु	८१,२४७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६०	३९	२०७७-१०-११	**कोभिड भत्ता** नगरपालिकाले स्वास्थ्यकर्मीहरुलाई कोभिड जोखिम भत्ता वापत रु १०,०५,२५६.८२ संघीय ससर्त तर्फ तलब शिर्षकबाट खर्च गरेको पाइयो । यसमा कोभिड १९ को संक्रमणको पहिचान रोकथाम नियन्त्रण तथा उपचारमा संलग्न जनशक्तिलाई जोखिम भत्ता वापतको रकम मन्त्रालय वा विभागले उपलब्ध गराउने भनि कोरोना भाइरस (कोभिड- १९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को दफा ५ मा उल्लेख भएकोमा मन्त्रालय विभागबाट रकम प्राप्त नभएकोले स्वास्थ्य ससर्तबाट भुक्तानी भएको भन्ने जवाफ कार्यालयबाट आएको छ ।	
६१			**उपभोक्ता समिति दर्ता** संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार कुनै पनि संस्था विधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिँदैन । कार्यालयले यसवर्ष सम्झौता गरेका कुनैपनि उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता नभई स्थानीय रुपमा आयोजनाको बजेटको आधारमा अस्थायी समिति गठन हुने र काम सम्पन्न पश्चात मिति विघटन हुने हुँदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवार बनाउन कठिनाई हुने भएकोले स्थायी संयन्त्र मार्फत काम गर्ने गरी उपभोक्ता समितिको कार्यमा सुधार हुनुपर्दछ ।	
६२			**जटिल संरचना निर्माण** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले जटिल प्रकृतिका भवन, कल्भर्ट, पुल निर्माण आदि उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ। यसका केही उदाहरणहरु यसप्रकार रहेका छन्:	

उपभोक्ता समिति	कामको विवरण	भुक्तानी रकम
चिसाङ्ग खोला तटबन्ध निर्माण उ.स.	तटबन्ध निर्माण	२९९९३९३
उद्यमी सभाहल भवन निर्माण उ.स.	भवन निर्माण	१३४१४९९
बेलबारी खेल ग्राम निर्माण उ.स.	खेल ग्राम निर्माण	४५२४२९१
व्यायामशाला निर्माण उ.स.	व्यायामशाला निर्माण	१०९९४८०
काकुम युवा क्लव	क्लव भवन निर्माण	९०३९०४
लाम्पानी इमान सिं पैनी आरसिसि बाँध निर्मण उ.स.	आरसिसि बाँध निमार्ण	५२८८१०
सिंहदेवी युवा समूहको अधुरो भवन निर्माण उ.स.	भवन निर्माण	५७००८७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६३			**उपभोक्ता समिति छनौट** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायको व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा संझौता बाहेक संझौता पूर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरीनु पर्दछ ।	
६४			**उपभोक्ता समिति मार्फत भएको कामको गुणस्तर** गुणस्तर सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७(६) अनुसार उपभोक्ता समिति मार्फत कार्य गर्दा उपभोक्ता समिति वा समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था गरेको छ तर यस कार्यालयमा उपभोक्ता समितिमार्फत गरीएका कामको बिल भरपाई पेश गरेतापनि कागजात परीक्षण गर्दा प्राविधिक बिलमा भएको परिमाण र उपभोक्ता समितिले खरिद गरेको निर्माण सामग्रीको परिमाण फरक रहेको पाइएकोले निर्धारित नर्म्स अनुसार नै निर्माणकार्य भएको छ भन्ने आश्वास्त हुने अवस्था छैन । आवश्यक परिमाण भन्दा अधिक खरिद तथा न्यून खरिदको अवस्थामा उपभोक्ता समिति मार्फत गरीएको कामको गुणस्तरीय छ भन्ने अवस्था देखिँदैन	
६५			**निर्माण कार्यको लगत** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्यसम्पन्न गरीसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले यस वर्ष सञ्चालन गरेको योजना निर्माण कार्यको लगत अद्यावधिक गरेको देखिएन । पालिकाले गतविगत वर्षदेखि सञ्चालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरु समेतको लगत राख्ने व्यवस्था गरी निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्ने देखियो ।	
६६			**आयोजना हस्तान्तरण** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट आयोजना सम्पन्न गरेकोमा कुनै पनि आयोजना नियमावलीको व्यवस्था बमोजिम हस्तान्तरण गरको देखिएन । उपभोक्ता समितिबाट कार्य गराउन लागत अनुमान तयार गर्दा मर्मत संभार कोष वापत रकम व्यवस्था गरी बिल भुक्तानी गर्दा कट्टा गरी कोषमा रकम जम्मा नगरेकोले सम्पन्न आयोजनाको मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकी लगानी खेर जान सक्ने हुँदा मर्मत कोषको कट्टी नगरी योजना सम्पन्न गरेको कानुन सम्मत देखिएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६७			**कार्यक्रमगत खाता** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०६४ मा बार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी प्राप्त गरी बार्षिक कार्यक्रम सञ्चालन गर्ने रकम निकासा माग गरी खर्च गर्नुपर्ने व्यवस्था छ । स्वीकृत कार्यक्रम अनुसार कार्यालयद्धारा सञ्चालन गरीने कार्यक्रमहरु सञ्चालनका लागि बजेट व्यवस्था भै चौमासिक रुपमा सञ्चालन हुने कार्यक्रमको बजेट, खर्च देखिने अभिलेख कार्यक्रमगत राखेको पाईएन । कार्यक्रमगत खाता राखेमा कार्यक्रमको बार्षिक बजेट, कार्यक्रममा खर्च र कार्यक्रम बजेटको अवधारणा अनुसार स्वीकृत बजेट भन्दा बढी खर्च नहुने र कार्यक्रमको प्रभावकारिता र उपलव्धीको मापन समेत यकीन गर्न सकिने हुँदा कार्यक्रमगत खाता व्यवस्थितरुपमा राख्नेतर्फ ध्यान जानुपर्ने देखिन्छ ।	
६८			**नापी किताव** निर्माण कार्यको विस्तृत अभिलेखांकनका लागि स्वीकृत ढाँचाको नापी किताब म.ले.प.फा.न.५१२ मा उल्लेख गर्नुपर्ने गरी महालेखापरीक्षकबाट स्वीकृत गराई महालेखा नियन्त्रक कार्यालयले लागू गरेको छ । उक्त नापी किताबमा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख गरी नापजाँच गर्ने, सिफारिस गर्न र स्वीकृत गर्ने कर्मचारीको पद, नाम, हस्ताक्षर र मिति समेत उल्लेख हुनुपर्ने व्यवस्था छ । यसरी तयार गरेको नापी किताब काम तामेल भएको बीस वर्ष पछि मात्र धुल्याउन मिल्ने भनि सरकारी कागजात धुल्याउने नियमावली, २०२७ को अनुसूची ५ को बुँदा नं.३ मा उल्लेख छ । लेखापरीक्षण क्रममा परीक्षण गर्दा कन्टिन्जेन्सी खर्च नापी कितावमा चढाएको पाइएन । नापी किताव तोकिएको ढाँचामा सबै व्यहोरा नखुलाई लुजसिटमा राख्दा आवश्यकता अनुसार २० वर्षसम्म आवश्यक सूचना लिन सकिने अवस्था छैन । लुजसिटलाई नै नापी किताव मान्ने व्यवस्थालाई नियमले छुट दिएको पनि देखिदैन । तसर्थ नापी कितावमा खुलाउनुपर्ने सबै व्यहोरा खुलाई कार्यालय प्रमुखबाट प्रमाणित गरी नापी नियन्त्रण खाता म.ले.प.फा.न. ५१२ मा अभिलेख चढाई नापी किताव प्रयोगमा ल्याउनु पर्दछ ।	
६९			**कार्यसम्पन्न प्रमाणपत्र** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३४ को उपनियम (९) मा कार्य सम्पन्न प्रतिवेदन स्वीकृत भएपछि गाउँपालिकाले सम्बन्धित निर्माण व्यवसायीलाई कार्य सम्पन्न प्रमाणपत्र (वर्क कम्प्लिसन सर्टिफिकेट) दिनु पर्ने व्यवस्था छ । नगरपालिकाले कार्य सम्पन्न गर्ने निर्माण व्यवसायीलाई यस्तो प्रमाणपत्र दिने गरेको छैन ।	
७०			**खरिद कारबाहीको अभिलेख** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३७ (१) मा गाउँपालिकाले हरेक खरिद कारबाहीको निम्ति छुट्टा छुट्टै फायल खडा गरी राख्नु पर्ने व्यवस्था छ । त्यस्तै उपनियम (२) मा त्यस्तो फायलमा राख्नु पर्ने कागजातको सूची उल्लेख छ । गाउँपालिकाले विभिन्न निर्माण तथा आपुर्ति कार्य ठेक्का मार्फत गरेकोमा हरेक खरिद सम्झौताको छुट्टाछुट्टै फायल खडा गरी राखेको छैन । यसबाट कुनै निश्चित खरिद कार्यको बारेमा जानकारी लिन कठिनाइ भएको छ ।	
७१			**खरिद सम्झौताको सूचना** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३७ मा खरिद सम्झौता भएको तीन दिन भित्र सो सूचना सम्बन्धित सार्वजनिक निकायले आफ्नो सूचना पाटीमा टाँस गरी जिल्ला समन्वय समितिको कार्यालय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयको सूचना पाटीमा टाँस गर्न लगाउने व्यवस्था गर्नु पर्ने र त्यस्तो सूचना आफ्नो वेवसाइटमा राखी सार्वजनिक खरिद अनुगमन कार्यालयमा समेत पठाउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले गरेका खरिद सम्झौताको सूचना सार्वजनिक गर्ने गरेको छैन । नियममा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७२			**निर्माण कार्यसँग सम्वन्धित खाता** आर्थिक कार्यविधि नियमावली, २०७७ को नियम ९२ मा प्रत्येक कार्यालयले विनियोजन राजस्व धरौटी जिन्सी र अन्य आम्दानी खर्चको लेखा महालेखापरीक्षको कार्यालयबाट स्वीकृत ढांचामा राख्नु पर्नेछ भन्ने व्यवस्था छ । कार्यालयले निर्माण कार्यसँग सम्वन्धित कार्यको राख्नुपर्ने म.ले.प.फा.नं. ५०५ आइटमवाइज खाता, म.ले.प.फा.नं. ५१२ नापी नियन्त्रण खाता ५०७ ठेक्का सम्वन्धि अभिलेख लगायतका अभिलेखहरु राख्नुपर्नेमा सो राखेको पाइएन । अधिकांश योजनाहरु क्रमागत रुपमा संचालित हुने एवं वार्षिक विनियोजनको आधारमा खण्ड खण्ड गरी कार्यान्वियन गर्नुपर्ने अवस्था रहने भएकोले यस प्रकारका खाता अद्यावधिक गरी राख्नु पर्दछ । यस प्रकारका अभिलेखको अभावमा क्रमागत योजनाको कुल खर्च एवं योजना कार्यान्वियनको स्थिति यकिन गर्न नसकिने भएकोले कार्यालयले निर्माण कार्यसंग सम्वन्धित म.ले.प. फारामहरु अनिवार्य राख्ने व्यवस्था गर्नुपर्ने देखिन्छ ।	
७३			**रजहर खैर खोलामा आरसिसि पुल निर्माण** रजहर खैर खोलामा आरसिसि पुल निर्माणको लागत अनुमान ४४३५७४२३।६२ रहेको छ । दक्ष जनशक्तिको अभावमा नगरपालिकाले ठूलो स्ट्रक्चरको कार्य गराउनु उपयुक्त देखिएन ।	
७४			**सपिङ्ग कम्प्लेक्स तथा स्थानीय उत्पादन केन्द्र** सपिङ्ग कम्प्लेक्स तथा स्थानीय उत्पादन केन्द्रको लागत अनुमान रु १५४०५९१०९।९९ रहेकोमा रविना।अविनास।अभियान जेभीले रु११९९८५७१४।१० मा कार्य गर्ने गरी सम्झौता गरेकोमा निम्नानुसार पाइयोः	
७४.१			सार्वजनिक खरिद ऐन २०६३ को दफा ५३ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । NID Engineering Tech Kathmandu ले DPR तयार गरेकोमा ड्राइङ्ग अनुसारको लागत अनुमान तयार गरेको छैन । जस्तै Grid को लम्बाइ फरक परेको Main Beam को Size 300*600 राखेकोमा ड्रइङ्गमा 300*500 रहेको, Secondary Beam को size Drawing मा उल्लेख नगरेको, Brick Masonry को उचाइ 2.85m हुनु पर्नेमा 3.05m दिएकोले DPR ले यथार्थ विवरण खुलाएको छैन । अतः DPR तयार गर्नेलाई जिम्मेवार बनाउनु पर्दछ ।	
७४.२			Earth Work in Foundation को कार्य मानिसद्धारा गर्ने गरी लागत अनुमान तयार गरेकोमा मेशिनको प्रयोग भएको जानकारी कार्यालयबाट प्राप्त भएकोले निम्नानुसार बढी भुक्तानी रकम ठेक्का रकममा मिलान गरी असूल गर्नुपर्ने रु	५९५,६५३.६७

कामको विवरण	परिमाण	मानिसको दर	मेशिनको दर	फरक	जम्मा
Earth Work in Foundation	2250.12m^3	71	497.49	426.49	595653.67

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७५			**निर्माण व्यवसायीबाट सोझै खरीद** सार्वजनिक खरीद ऐन २०६३ को दफा ६ अनुसार खरीद योजना तयार गरी सार्वजनिक खरीद नियमावलीको नियम ३ ङ अनुसार खरीदलाई बढी सुविधाजन समुहमा विभाजन गर्ने तथा प्याकेजिङ गरी खरीद गर्नुपर्ने उल्लेख छ । तर पालिकाले नियमावलीको व्यवस्था अनुसार खरीद कार्यको प्याकेज नबनाई देहायबमोजिमका निर्माण कार्यहरु निर्माण व्यवसायीबाट ३ खुला कोटेशन माग गरी लागत अनुमानकै हाराहारीमा सम्झौता गरी देहायबमोजिम भुक्तानी भएको छ । पालिकाबाट ठेक्का व्यवस्थापन भएका योजनामा लागत अनुमानको तुलनामा ४० प्रतिशतसम्म कममा निर्माण कार्यको सम्झौता भएको देखिन्छ । कार्यको प्रकृति अनुसार खरीद प्याकेज बनाई प्रतिस्पर्धाबाट खरीद तथा निर्माण कार्य गराउनुपर्दछ ।	

भौ नं मिति	कामको विवरण	निर्माण व्यवसायी	भुक्तानी रकम
५१।१०।२६	स्वास्थ्य चौकी वडा ८ घेराबारा	श्लोक कन्स्ट्रक्सन एण्ड सप्लायर्स	४८०३६३
६८।११।०६	वडा नं ३ नपा भवनमा इन्टरलकिङ	बराह कंक्रिट्स उद्योग	४८४५७९
१११।१२।११	स्वास्थ्य चौकी अगाडी ह्युमपाइप कल्भर्ट तथा ग्राभेल	सयपत्री मल्टिप्रपोज कम्पनी प्रालि	४८१०१६।७५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७६			**पन्ध्र शैया अस्पताल निर्माण** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५३ र सार्वजनिक खरीद नियमावलि २०६४ को नियम १० बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पन्ध्र शैया अस्पताल निर्माणको DPR कार्य Quest Construction and engineering Pvt. Ltd ले गरेकोमा ड्रइङ्ग अनुसारको लागत अनुमान फरक पारेकोले DPR गर्नेलाई जिम्मेवार बनाउनु पर्दछ । जस्तैः Brick Work Drawing अनुसार 0.5 दिनु पर्नेमा 1.65m दिएको, Earth Filling को उचाइ बढाएको लगायत अन्य Quantity मा नमिलेकोले उक्त DPR खर्च असूल गर्नुपर्ने रु	१,५५४,६५४
७७			**मेशिनको प्रयोग** कार्यालयले संचालन गरेको योजनाहरुमा मानिसको प्रयोग गरी लागत अनुमान तयार गरेको पाइयो । जसले लागत अनुमान बढी तयार भएको छ । कार्यालयले मेशिनको प्रयोग गरी कार्य गराएको अवस्थामा सोही अनुरुप मेशिनको प्रयोगको दर विश्लेषण गरी मात्र भुक्तानी दिनु पर्दछ । अतः लागत अनुमान तयार गर्दा नै सबै प्रकारको कार्यमा मेशिन प्रयोग गर्नु पर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७८</td><td></td><td></td><td>नापी किताव, जडान प्रमाणित नभएको
सार्वजनिक खरिद नियमावली, २०६४ को दफा १२३(१) मा सार्वजनिक निकायले खरिद सम्झौताको आधार नापी किताब, रनिङ बिल संलग्न गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । यस्तो भुक्तानी दिँदा यदि सामान भए सम्बन्धित स्थानहरुमा जडान भए नभएको जडान प्रमाणित र वडाको सिफारिसको आधारमा प्राविधिक मूल्याँकन गरी भुक्तानी दिनुपर्नेमा देहायको भुक्तानीहरुमा नगरपालिकाले सो प्रमाणहरु पेश नगरी भुक्तानी दिएको हुँदा प्राविधिक मूल्याँकन पेश हुनुपर्ने अन्यथा उक्त रकम असूल गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं. र मिति</th><th>सामान</th><th>सामान पाउने संस्था/व्यक्ति</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>२८६-०७८।३।१५</td><td>50mm HDP Pipe 2650 meter</td><td>बेलबारी साना सहरी खानेपानी तथा सरसफाई उ.स.</td><td>३८८७२०</td></tr>
<tr><td>३६६-०७८।३।२५</td><td>जस्तापाता</td><td>विभिन्न ११ व्यक्ति तथा संस्था</td><td>४९६००२</td></tr>
<tr><td>३६७-०७८।३।२५</td><td>जस्तापाता</td><td>विभिन्न ११ व्यक्ति तथा संस्था</td><td>४९२१००</td></tr>
<tr><td>३८७-०७८।३।२८</td><td>खानेपानी मिटर</td><td>सोमबारे तथा महाराजथान खानेपानी तथा सरसफाई उ.स.</td><td>२९९९२९</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१६७६७५१</td></tr>
</table></td><td>१,६७६,७५१</td></tr>
<tr><td>७९</td><td></td><td></td><td>नन्फाइलर
मूल्य अभिवृद्धि करको विवरण खुलाई भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले नमो शिवाय कंकृट उद्योगलाई मुल्य अभिवृद्धि कर रु. ६२९४३ भुक्तानी दिएकोमा उक्त फर्मले कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्था अनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने अन्यथा असूल उपर गर्नुपर्ने रु.
<table>
<tr><th>फर्मको नाम</th><th>पान नं.</th><th>बिजक नं र मिति</th><th>मु.अ. कर</th><th>कैफियत (Non-filer since)</th></tr>
<tr><td rowspan="2">नमो शिवाय कंकृट उद्योग</td><td rowspan="2">३००९५४०९०</td><td>८२-०७८।२।३०</td><td>६११८८</td><td rowspan="2">२०७६।७७</td></tr>
<tr><td>८१-०७८।२।३०</td><td>१७५५</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>६२९४३</td><td></td></tr>
</table></td><td>६२,९४३</td></tr>
<tr><td>८०</td><td></td><td></td><td>ड्रइङ्ग
कार्यालयले निर्माण गर्ने अधिकांश योजनामा ड्रइङ्ग तयार गरेको पाइएन । लागत अनुमान तयार गर्दा तथा अन्तिम भुक्तानी गर्दा ड्रइङ्ग तयार गर्नुपर्दछ । ड्रइङ्ग विनाको कार्यमा तयार गरेको लागत अनुमानको परिमाण एकीन गर्न सकिएन ।अतः ड्रइङ्ग डिजाइन गरी कार्य गर्नु पर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८१</td><td></td><td></td><td>दरलोकना खोलामा पुल निर्माण
सार्वजनिक खरिद नियमावली, २०६४ को दफा १२३(१) मा सार्वजनिक निकायले खरिद सम्झौताको आधार नापी किताब, रनिङ बिल संलग्न गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ दरलोकना खोलामा पुल/कल्भर्ट निर्माण कार्य श्रीष्टिन कन्ट्रक्सनले गरेकोमा निम्नानुसार बढी भुक्तानी भएको रकम असूल गर्नुपर्ने रु
<table>
<tr><th>कामको विवरण</th><th>परिमाण</th><th>दर</th><th>जम्मा</th><th>कैंफियत</th></tr>
<tr><td>Re-Bar</td><td>575.99kg</td><td>93</td><td>53567.07</td><td>Extra Bar उल्लेख गरी बढि परिमाण दिएको</td></tr>
<tr><td>Earth Work</td><td>96.6m^3</td><td>629.72</td><td>60830.95</td><td>Back Filling देखाउनु पर्नेमा imported Material देखाएको</td></tr>
<tr><td colspan="3">Total</td><td>114398.02</td><td></td></tr>
</table></td><td>११४,३९८.०२</td></tr>
<tr><td>८२</td><td></td><td></td><td>दुर्गा मन्दिर निर्माण
सार्वजनिक खरिद नियमावली, २०६४ को दफा १२३(१) मा सार्वजनिक निकायले खरिद सम्झौताको आधार नापी किताब, रनिङ बिल संलग्न गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ दुर्गा मन्दिर निर्माणको कार्य जय भैरवी कन्स्ट्रक्सनले गरेकोमा निम्नानुसार बढी भुक्तानी भएको रकम असूल गर्नुपर्ने रु
<table>
<tr><th>कामको विवरण</th><th>परिमाण</th><th>दर</th><th>जम्मा</th><th>कैंफियत</th></tr>
<tr><td>Earth Filling</td><td>23.51m^3</td><td>965.25</td><td>22695.92</td><td>E/w excavation 62.08 सोही स्थानमा रहेकोमा imported Material देखाएको</td></tr>
<tr><td>Below Tie Beam मा Brick Work</td><td>2.7m^3</td><td>13162.5</td><td>35538.75</td><td></td></tr>
<tr><td colspan="3">Total</td><td>58234.67</td><td></td></tr>
</table></td><td>५८,२३४.६७</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८३</td><td></td><td></td><td>ह्युम पाइपको खरिद
सार्वजनिक खरिद नियमावली, २०६४ को दफा १२३(१) मा सार्वजनिक निकायले खरिद सम्झौताको आधार नापी किताब, रनिङ बिल संलग्न गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले जय श्री कंकृट उद्योग प्रालिबाट ह्युम पाइप खरिद गरी जिन्सी किताबमा आम्दानी बाँधेको छ तर खर्च गरेको नापी किताब संलग्न गरेको छैन । जसले गर्दा ती सामाग्री कहाँ प्रयोग भयो र कति भण्डारमा छ एकीन हुन सकेन । पालिकाले निर्माण सामाग्री प्रयोग भएको हकमा खर्च जनाएको नापी किताब र बाँकीको भण्डारमा बाँकी रहेको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>भौचर र मिति</th><th>ह्युम पाईप</th><th>संख्या (वटा)</th><th>रकम</th></tr>
<tr><td rowspan="4">४२६-०७८/३/३०</td><td>30 cm Dia</td><td>३१</td><td>३३६०६२</td></tr>
<tr><td>45 cm Dia</td><td>२९</td><td>३३४५३६</td></tr>
<tr><td>60 cm Dia</td><td>२०</td><td>३९४९३५</td></tr>
<tr><td>90 cm Dia</td><td>१५</td><td>३८६६८६</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१४५२२१९</td></tr>
</table></td><td>१,४५२,२१९</td></tr>
<tr><td>८४</td><td></td><td></td><td>चेनेज
कार्यालयले संचालन गरेका योजनाहरुमा चेनेजको सुरु प्वाइन्ट नलेखेकोले कुन स्थानबाट सुरु भएको हो खुलेन । साथै विगत वर्षहरुको योजनाको कार्यान्वयनको खाता समेत नराखेकोले योजनाको काम दोहोरो पर्न सक्ने देखिन्छ ।अतः कार्यालयले प्रत्येक सडक, नाला तथा स्टक्चरको चेनेज र स्पेसिफिक एरिया खुल्ने गरी कार्य गराउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>८५</td><td></td><td></td><td>बेलबारी क्याम्पस भवन
बेलबारी क्याम्पस भवनको कार्य गराउँदा निम्नानुसार पाइयो</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८५.१</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को दफा १२३(१) मा सार्वजनिक निकायले खरिद सम्झौताको आधार नापी किताब, रनिङ बिल संलग्न गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ निम्नानुसारको कार्यको नापी किताबमा नचढाई ठेक्का विलमा चढाएकोले नापी गरेकोमात्र भुक्तानी गर्नुपर्दछ ।
<table>
<tr><th>कामको विवरण</th><th>परिमाण</th><th>दर</th><th>जम्मा</th></tr>
<tr><td>Supply and Fixing at 3/22 Copper Work</td><td>1200m</td><td>95.65</td><td>114780</td></tr>
<tr><td>Supply and Fixing ½ PVC</td><td>1100</td><td>95.65</td><td>105215</td></tr>
<tr><td>Supply and Fixing ¾” PVC</td><td>1200</td><td>95.65</td><td>114780</td></tr>
<tr><td>Total</td><td></td><td></td><td>334775</td></tr>
</table></td><td>३३४,७७५</td></tr>
<tr><td>८५.२</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को दफा १२३(१) मा सार्वजनिक निकायले खरिद सम्झौताको आधार नापी किताब, रनिङ बिल संलग्न गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । निम्नानुसारको कार्य गरेकोमा ड्र्इङ्गमा नभएको कार्यको परिमाणको भुक्तानी गरेकोले उक्त कार्य गराउनु पर्नाको प्राविधिक पुष्टयाई गर्नुपर्ने रु
<table>
<tr><th>कामको विवरण</th><th>परिमाण</th><th>दर</th><th>जम्मा</th><th>कैफियत</th></tr>
<tr><td>Brick Work</td><td>130.77m^3</td><td>8608.5</td><td>1125733</td><td>Base Beam तल Brick Work Drawing मा नभएको</td></tr>
<tr><td>RCC M20 Block A</td><td>34.13m^3</td><td>9565</td><td>326453.5</td><td>Base Beam Drawing मा नभएको</td></tr>
<tr><td>RCC M20 Block B</td><td>29.12m^3</td><td>9565</td><td>278532.8</td><td></td></tr>
<tr><td colspan="3">Total</td><td>1730719</td><td></td></tr>
</table></td><td>१,७३०,७१९</td></tr>
<tr><td>८६</td><td>१०४</td><td>२०७८-१२-९</td><td>बढी भुक्तानी
सार्वजनिक खरिद नियमावली, २०६४ को दफा १२३(१) मा सार्वजनिक निकायले खरिद सम्झौताको आधार नापी किताब, रनिङ बिल संलग्न गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । नगरपालिका पश्चिम कृषिमार्ग जोड्ने बाटोमा ड्रेन निर्माण कार्यका लागि उपभोक्ता समितिबाट कार्य गराएकोमा नापी किताबमा PCC को काम नगरी Plum concrete 12x0.25x0.55 र 12x0.20x0.55 परिमाण को भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रकम रु ३२९५५।८५ सम्बन्धित उपभोक्ता समितिबाट असूल गर्नुपर्ने रु</td><td>३२,९५५.८५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८७</td><td></td><td></td><td>

क्रस सेक्सन ड्रइङ्ग नभएको

कार्यालयले निम्नानुसारको योजनाको माटो कार्य खन्ने र पुर्ने कार्यको Cross Section Drawing नराखेकोले लागत अनुमान तयार गर्दा र नापी किताबको परिमाण एकीन गर्न सकिएन ।

<table>
<tr><th>योजनाको नाम</th><th>E\W Excavation Quantity</th><th>दर</th><th>जम्मा</th></tr>
<tr><td>पंचवती चौक देखि होलिया थान जोड्ने बाटो स्तरोन्नति</td><td>३२०</td><td>५२।९८</td><td>१६९५३।६०</td></tr>
<tr><td>नन्दलाल मार्ग कालोपत्रे कार्य</td><td>१०८.३१</td><td>५२।९८</td><td>५७३८।२६</td></tr>
<tr><td>प्रदीप उषा मार्ग स्तरन्नती</td><td>७९२</td><td>५२।९८</td><td>४१९७०।१७</td></tr>
<tr><td>माथिल्लो कसेनी सडक एजिङ कार्य</td><td>८२.८३</td><td>५२।९८</td><td>४३८८।३३</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>८८</td><td></td><td></td><td>

चेनेज नखुलेको

कार्यालयले संचालन गरेका सबै योजनाहरुको सडक, नाला, कल्भर्ट, Retaining लगायतको Wall Structure कार्यको लागत अनुमान तयार गर्दा र नापी किताब तयार गर्दा समेत चेनेज र सुरु प्वाइन्ट उल्लेख गरेको छैन । विगत ५ वर्षदेखि योजनाहरुको विवरण माग गर्दा लेखापरीक्षणमा प्राप्त भएन । अधिकांश सडकको पटक पटक प्रत्येक वर्ष कार्य गरेको छ । जसले गर्दा योजनामा दोहोरो कार्य पर्न सक्ने देखियो । अतः कार्यालयले वितगत वर्षहरुको योजनाहरुको समेत रेकर्ड राख्नु पर्दछ ।साथै प्रत्येक सडकको चेनेज खुलाएर मात्र उपरोक्त कार्यहरु गर्नुपर्दछ । केही उदाहरण

<table>
<tr><th>योजनाको नाम</th><th>कामको विवरण</th><th>लम्बाई</th></tr>
<tr><td>रत्न मार्ग ड्रेन कार्य</td><td>ड्रेन निर्माण कार्य</td><td>३७३ मिटर</td></tr>
<tr><td>माथिल्लो कसेनी सडक एजिङ</td><td>एजिङ गर्ने काम</td><td>२५१ मिटर</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>८९</td><td></td><td></td><td>

वडा कार्यालय भवन

सार्वजनिक खरिद नियमावली, २०६४ को दफा १२३(१) मा सार्वजनिक निकायले खरिद सम्झौताको आधार नापी किताब, रनिङ बिल संलग्न गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । वडा कार्यालय भवन (वडा नं १,२,४,६,८,१० र ११) ७ वटाको लागत अनुमान रु ४४७९३४०४।२४ रहेकोमा श्रृखला निर्माण सेवा, विदुर ४ नुवाकोटले रु २९८५६००२।४० मा कार्य गर्ने गरी सम्झौता गरेकोमा निम्नानुसार पाइयोः

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८९.१</td><td></td><td></td><td>लागत अनुमान तयार गर्दा Earth work in Foundation को कार्य मानिसद्धारा कार्य गर्ने गरी राखेकोमा स्थलगत निरीक्षण गर्दा मेशिनको प्रयोग गरेकोले निम्नानुसार मेशिनको दर भन्दा बढीको भुक्तानी रकम असूल गर्नुपर्ने रु
<table>
<tr><th>कामको विवरण</th><th>मेशिनको दर</th><th>मानिसको दर</th><th>फरक दर</th><th>परिमाण</th><th>जम्मा बढी रकम</th></tr>
<tr><td>E/W Excavation</td><td>71</td><td>497.91</td><td>426.49</td><td>474.37m3</td><td>202314.06</td></tr>
</table></td><td>२०२,३१४.०६</td></tr>
<tr><td>८९.२</td><td></td><td></td><td>कार्यालयले ७ वटा वडा कार्यालयको एउटै ड्रइङ्ग डिजाइन र लागत अनुमानमा कार्य गराएकोमा प्राविधिक सहितको टोलिले वडा नं १ र ११ को स्थलगत परीक्षण गर्दा निम्नानुसार परिमाण बढी देखिएकोले बढी दिएकोमा प्राविधिक पुष्ट्याई पेश गर्नुपर्ने अन्यथा असूल गपर्नुपर्ने रु
<table>
<tr><th>कामको विवरण</th><th>बढी परिमाण</th><th>दर</th><th>जम्मा</th><th>कैफियत</th></tr>
<tr><td>Earth work excavation</td><td>43.13m^3</td><td>240</td><td>10351.2</td><td>जमिनको लेभलभन्दा १ मिटर मात्र खनेकोमा १.३७५ मिटर उचाइको भुक्तानी गरेको बढी दिएको</td></tr>
<tr><td>Stone Soling in Foundation</td><td>65.82m^3</td><td>1700</td><td>111894</td><td>०.०७५ मिटर उचाईमा मात्र गरेकोमा ०.१५ मिटर दिएकोले बढी भएको</td></tr>
<tr><td>First Class Brick Work in Foundation</td><td>27.78m^3</td><td>10500</td><td>291690</td><td>Below Tie Beam 0.76mm उचाइ दिएकोले बढी भएको</td></tr>
<tr><td>RCC</td><td>14.4m^3</td><td>10300</td><td>148320</td><td rowspan="2">0.30m Pad and Trapizenal Part रहेकोमा 0.10m उचाइ थप दिएकोले बढी दिएको</td></tr>
<tr><td>Form Work</td><td>38.4m^3</td><td>300</td><td>11520</td></tr>
<tr><td colspan="3">Total</td><td>573775.2</td><td></td></tr>
</table></td><td>५७३,७७५.२</td></tr>
<tr><td>९०</td><td></td><td></td><td>सामाजिक सुरक्षा</td><td></td></tr>
<tr><td>९०.१</td><td></td><td></td><td>नगरपालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता वितरण कार्य ऐनमा भएको व्यवस्थानुसार Forward Feed र Reverse feed तयार नगरि वडाले तयार गरि पठाएको अनुमानित भरपाई अनुसार बैंक निकासा गरेको पाईयो । कार्यविधिमा तोकिएको ढाँचामा बैंकले लाभग्राहीको भत्ता सम्बन्धितको खातामा दाखिला गरेको चौमासिगत विवरण नगरपालिकालाई नियमित रुपमा उपलब्ध गराउनुपर्नेमा सो अनुसार बैंकबाट लिने गरेको पाईएन। बैंकले लाभग्राहीको खातामा रकम दाखिला गरेको विवरण प्राप्त नगरि केवल कार्यालयबाट पठाईएको भरपाईको आधारमा हिसाब फरफराक गर्ने गरेको देखियो । ब्यालेन्स सर्टीफिकेट, Reverse Feed, स्टेटमेण्ट भिडान गरि हिसाब फरफराक गर्नु पर्दछ । बैंकले के कति रकम लाभग्राहीको खातामा जम्मा गरेको र मौज्दात बाँकी रहे नरहेको एकिन गर्न सकिएन साथै बैंकको एउटै शाखाबाट एक भन्दा बढी वडा कार्यालयको भत्ता वितरण हुने गरेकोले एकै नामथर भएको लाभग्राहीको भत्ता दोहोरो भए नभएको एकिन गर्न सकिएन । सामाजिक सुरक्षा सम्बन्धमा देखिएका थप व्यहोराहरुः</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• **पारदर्शिता र जवाफदेहिताः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा ३३ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानाकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने वैक र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक सस्था, गैरसरकारी सस्था, सामाजिक परिचालनमा संलग्न सस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्वन्धि सुचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी सम्वन्धीत स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो पालना गरेको पाइएन । यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि एकिन हुने अवस्था देखिएन । • **सार्वजनिक सुनुवाईः** स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ । सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन । सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ । • **लगत कट्टाको अभिलेख प्राप्त नभएकोः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १२ मा मृत्यू भएमा, बसाइँ सरी गएमा, एकल वा विद्यवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष (साठी महिना) उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक बर्षको कुनै पनि किस्ता रकम नबुझेमा बा बैंक मार्फत वितरण भएकोमा लगातार एक बर्षसम्म खाता निष्क्रिय भएमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा त्यस्ता लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नुपर्ने तथा लगत कट्टा गरिएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडाका सचिब वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणीत गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षण क्रममा मुल अभिलेख खाता र आ.व. २०७७।७८ मा लगत कट्टाको विवरण माग भएकोमा उपलब्ध भएन । मुल अभिलेख खाता र लगत कट्टाको स्पष्ट अभिलेख प्राष्ट नभएकाले दफा १२ बमोजिम लगत कट्टा गर्नुपर्ने लाभग्राहीको लगत कट्टा भए नभएको र लगत कट्टा गर्नुपर्ने व्यक्तिलाई समेत भुक्तानी भएको छैन भनी यकिन गर्न सकिएन । • **अनुगमन तथा सुपरिवेक्षणः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा २८ अनुसार प्रत्यक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन । अतः कार्यविधि अनुसारको कार्यहरु कार्यान्वयन गरिनुपर्ने देखिन्छ । • • **निष्कृय खाता विवरणः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा २४ बमोजिम बैकले लाभग्राहीको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहिको नाम, बैक खाता नम्वर र जम्मा भएको रकम सहितको विवरण अनुसुची १३ बमोजिमको चौमासिक रुपमा सम्वन्धित स्थानीय तहलाई विद्युतिय माध्यममा अनिवार्यरुपमा पठाउनुपर्ने व्यवस्था छ । अनूसूची 8 मा पालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले 15 दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा गरेको विवरण देखिने रिभर्स फिड सहित बाँकी रकम भए सो समेत पालिकालाई उपलब्ध गराउने र बैंकले निष्कृय खाताको विवरण प्रत्येक श्रावण र माघ महिना भित्र पालिकालाई दिनुपर्ने उल्लेख छ । तर सो विवरण राखेको देखिएन । • **करार व्यवस्थापन**: विद्युतिय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति, २०७४ को बुँदा नं ६.४.१ अनुसार प्रत्येक वडामा एक मात्र वैंक तथा वित्तिय संस्था मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने गरी स्थानीय तहले वैंक तथा वित्तिय संस्था छनौट गरी सम्झौता गर्नुपर्नेमा लुम्बिनी विकास बैंकसँग एक भन्दा बढी वडाको लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता बापतको रकम भुक्तानी हुनेगरी सम्झौता भएको देखियो । रणनीतिमा भएको व्यवस्थाको पालना गरी भत्ता वितरण हुनुपर्दछ । • **भत्ता विवरण:** बैंकलाई रकम निकासा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुँदा नं १६ अनुसार स्थानीय तहले प्रथम चौमासिकको भत्ता रकम असोजको दोश्रो हप्ता भित्र, दोश्रो चौमासिकको भत्ता रकम माघको दोश्रो हप्ता भित्र र तेश्रो चौमासिकको भत्ता रकम जेठको दोश्रो हप्ता भित्र वितरण गरि सक्नुपर्नेमा गाउँपालिकाले प्रथम चौमासिकको भत्ता	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			असोज २८ गते, दोश्रो चौमासिकको भत्ता चैत्र ११ गते र तेश्रो चौमासिकको भत्ता २०७८ असार १४ गते बैंकमा निकासा गरेको देखिन्छ । कार्यविधिमा व्यवस्था भएको समय सिमाभित्र कुनै पनि चौमासिकको रकम बैंकमा पठाएको देखिएन ।कार्यविधिले तोकेको समयावधि भित्र बैंकमा भत्ता रकम निकासा पठाई वितरणको सुनिश्चितता हुनुपर्दछ । • वर्षान्तमा बैंक मौज्दात :- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को बुँदा नं. १५(४) मा सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस आर्थिक वर्षमा बैक मार्फत लाभग्राहीको खातामा भत्ता रकम दाखिला हुनेगरी ३ वटै चौमासिकमा निकासा दिएको रकममा लाभग्राहीको खातामा रकम दाखिला गरेको विवरण बैंकबाट कार्यालयले लिएको देखिएन । • प्रथम चौमासिकको वितरित रकमको आधारमा दोस्रो चौमासिकमा र दोस्रो चौमासिकको वितरित रकमको आधारमा तेस्रो चौमासिकमा रकम निकासा दिनु पर्नेमा वितरित रकम भन्दा बढी निकासा दिने र वर्षान्तमा वितरण नभई बाँकि रहेको रकम फिर्ता गर्ने गरेको पाइयो । लाभग्राहीको अद्यावधिक विवरण नरहेको अवस्थामा समेत बढी रकम निकासा दिने र वितरण नभएको रकम ढिला गरी दाखिला गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ । आर्थिक वर्षको बाँकी रकम समयमै फिर्ता गर्ने तर्फ ध्यान दिनुपर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९०.२</td><td></td><td></td><td>कार्यविधिको परिच्छेद ४ को बुँदा नं १५ मा प्रत्येक स्थानीय तहको वडा कार्यालयहरुले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस लगतको आधारमा सम्बन्धित वडाका लाभग्राहीहरुको बैंक खातामा रकम जम्मा हुनेगरी स्थानीय तहले चौमासिक/मासिक रुपमा सामाजिक सुरक्षा भत्ता बापतको रकम निकासा गर्नुपर्दछ। नगरपालिकाले सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीलाई प्रथम, दोस्रो र तेस्रो चौमासिक निकासा गर्दा अभिलेखमा मृत्यु जनाइएकाहरुको बैक खातामा रकम जम्मा गरेको पाइएकोले अन्य लाभग्राहीहरुको पनि आवश्यक छानविन गरी देहाय अनुसारको बैक जम्मा भएको रु.१०९७८१।- को सम्बन्धमा पुष्ट्याइ प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु
<table>
<tr><th>वडा</th><th>समुह</th><th>लाभग्राहीको नाम</th><th>पाउने</th><th>दिएको</th><th>बढी</th><th>कैफियत</th></tr>
<tr><td>११</td><td>एकल महिला</td><td>मैया विश्वकर्मा</td><td>६०००</td><td>२४०००</td><td>१८०००</td><td>२०७७।६।२३ मा मृत्यु भएकोमा तेस्रो चौमासिक सम्मकै निकासा</td></tr>
<tr><td>११</td><td>एकल महिला</td><td>प्रेम कुमारी याखुरु राई</td><td>७०००</td><td>२४०००</td><td>१७०००</td><td>२०७७।७।१५ मा मृत्यु भएकोमा तेस्रो चौमासिक सम्मकै निकासा</td></tr>
<tr><td>११</td><td>जेष्ठ नागरिक</td><td>खड्ग बहादुर गुरुङ घले</td><td>३५१०</td><td>२४०००</td><td>२०४९०</td><td>२०७७।९।५ मा मृत्यु भएकोमा तेस्रो चौमासिक सम्मकै निकासा</td></tr>
<tr><td>११</td><td>जेष्ठ नागरिक</td><td>भिम बहादुर श्रेष्ठ</td><td>९०००</td><td>२४०००</td><td>१५०००</td><td>२०७७।१०।२९ मा मृत्यु भएकोमा तेस्रो चौमासिक सम्मकै निकासा</td></tr>
<tr><td>११</td><td>जेष्ठ नागरिक</td><td>वृख बहादुर माझी</td><td>०</td><td>८३२३</td><td>८३२३</td><td>२०७७।११।२५ मा मृत्यु भएकोमा २०७७।२।२४ सम्मकै निकासा</td></tr>
<tr><td>११</td><td>जेष्ठ नागरिक</td><td>फुलमाया वाइवा तामाङ</td><td>०</td><td>८३२३</td><td>८३२३</td><td>२०७७।११।२५ मा मृत्यु भएकोमा २०७७।२।२४ सम्मकै निकासा</td></tr>
<tr><td>५</td><td>एकल महिला</td><td>सन्की देवी सरदार</td><td>१००००</td><td>१६०००</td><td>६०००</td><td>२०७७।१०।२२ मा मृत्यु भएकोमा तेस्रो चौमासिक सम्मकै निकासा</td></tr>
<tr><td>५</td><td>जेष्ठ नागरिक</td><td>श्रीमति मिना बस्नेत</td><td>०</td><td>१६४५</td><td>१६४५</td><td>२०७७।१०।१३ मा मृत्यु भएकोमा २०७७।१२।१७ सम्मकै निकासा</td></tr>
<tr><td>५</td><td>जेष्ठ नागरिक</td><td>रिपुमर्दन गिरि</td><td>९०००</td><td>१२०००</td><td>३०००</td><td>२०७८।२।२७ मा मृत्यु भएकोमा तेस्रो चौमासिक सम्मकै निकासा</td></tr>
<tr><td>२</td><td>जेष्ठ नागरिक</td><td>भक्तबहादुर श्रेष्ठ</td><td>०</td><td>१२०००</td><td>१२०००</td><td>२०७७।११।०८ मा मृत्यु भएकोमा तेस्रो चौमासिक सम्मकै निकासा</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>१०९७८१</td><td></td></tr>
</table>
</td><td>१०९,७८१</td></tr>
<tr><td>९०.३</td><td></td><td></td><td>नागरिकता तथा खाता नं दोहोरोः सामाजिक सुरक्षा भत्ता वितरण गर्दा बैंकलाई पठाएको Forward feed नमुना परीक्षण गरिएकोमा निम्न लाभग्राहीहरुको खाता नं दोहोरो परेको देखिएकोले अन्य लाभग्राहीहरुको पनि दोहोरो परे नपरेको कार्यालयबाट आवश्यक छानवीन गरी निम्न लाभग्राहीहरुको दोहोरो नपरेको भए प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल हुनुपर्ने रु
<table>
<tr><th>सामाजिक सुरक्षाको किसिम</th><th>परिचयपत्र</th><th>नागरिकता नं</th><th>नाम</th><th>बैंक खाता नं</th><th>वडा नं.</th><th>भत्ता</th><th>चौमासिक</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td>४२६,८००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय										बेरुजु रकम
				जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि)	2002122801412	224।217	Bhusadi Dhami Tharu	नभएको	5	12000	प्रथम		
				जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि)	2002122800091	224।217	Bhusdi Dhami Tharu	नभएको	5	12000	प्रथम		
				जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि)	2000031100249	1196।1368	Chandra Maya Giri	नभएको	5	12000	प्रथम		
				जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि)	2002123013991	1196।1368	Chandramaya Giri	नभएको	5	12000	प्रथम		
				जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि)	2002123251849	40219	Dambar Kumari Puri	नभएको	5	12000	प्रथम		
				जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि)	2002123013959	40219	Dambar Kumari Puri	नभएको	5	12000	प्रथम		
				जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि)	1996082200518	5017613722	Purna maya Magar	नभएको	5	12000	प्रथम		
				जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि)	1996082200504	5017613722	Purna maya Magar	नभएको	5	12000	प्रथम		
				एकल महिला	2007123073184	505	Sushila Devi	नभएको	5	8000	प्रथम		
				एकल महिला	2007120700821	505	Sushila Devi Mandal	नभएको	5	8000	प्रथम		
				विधवा	2024041400068	958	Rekha Kumari Tharu	नभएको	5	8000	प्रथम		
				विधवा	2024041400043	958	Rekha Kumari Tharu	नभएको	5	8000	प्रथम		
				जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि)	2006013100347	1503-4514	Man Maya Karki	नभएको	7	12000	प्रथम		
				जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि)	2006013100362	1503-4514	Man Maya Karki	नभएको	7	12000	प्रथम		
				जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि)	2002100400914	34155222	Pabana Kumari Chaudhari	नभएको	7	12000	प्रथम		
				जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि)	2000100400199	34155222	Pawana Kumari Chaudhari	नभएको	7	12000	प्रथम		
				जेष्ठ नागरिक दलित	2015010202626	05-01-70-14405	Giraja Devi Rishidev	नभएको	7	8000	प्रथम		
				जेष्ठ नागरिक दलित	2015010202602	05-01-70-14405	Girija Devi Rishidev	नभएको	7	8000	प्रथम		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय										बेरुजु रकम
				एकल महिला	2008080700918	29069	Phuli Chaudhary Tharu	नभएको	7	8000	प्रथम		
				एकल महिला	2008080700926	29069	Phuli Chaudhary Tharu	नभएको	7	8000	प्रथम		
				विधवा	2057101100913	05-01-75-01701	Basanti Rishidev	नभएको	7	8000	प्रथम		
				विधवा	2057101100715	05-01-75-01701	Basanti Rishidev	नभएको	7	8000	प्रथम		
				अपांग	2033040501735	053035-927	Pach Bati Chaudhary	नभएको	7	6400	प्रथम		
				अपांग	2033040501727	053035-927	Pach Bati Chaudhary	नभएको	7	6400	प्रथम		
				जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि)	2007042500036	1820	Lagiya Khawas	नभएको	8	11000	प्रथम		
				जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि)	2007042500044	1820	Lajiya Khawas	नभएको	8	11000	प्रथम		
				जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि)	2006071101021	10251	Dekhan Lal Khawas	नभएको	8	12000	प्रथम		
				जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि)	1997051100077	10251	Dekhn Lal Khawas	नभएको	8	12000	प्रथम		
				जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि)	2011123004611	6324	Sita Kumari Khadka	नभएको	8	12000	प्रथम		
				जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि)	2019020300362	6324	Sita Kumari Khadka	नभएको	8	12000	प्रथम		
				जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि)	2007042101272	34650	Lila Nath Ghimire	नभएको	1	12000	तेस्रो		
				जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि)	2007042100951	34650	Lilanath Ghimire	11010810000211	1	12000	तेस्रो		
				विधवा	2040022400711	53515	Chandra Kala Katuwal	680181202700010	5	8000	तेस्रो		
				विधवा	2040022400729	53515	Chandra kala Katuwal	नभएको	5	8000	तेस्रो		
				विधवा	2033123000472	053035/830	Basanti Kumari Chaudhari	6213820133693000000	7	8000	तेस्रो		
				विधवा	2030100401194	1035385	Ramu Devi Chaudhari	6213820133693000000	7	8000	तेस्रो		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय		बेरुजु रकम

जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि)	2001073000164	81440	Bhaluni Tharu	6213820126104000000	7	12000	तेस्रो
जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि)	2002101001539	43279	Krishna Maya Karki	6213820126104000000	7	12000	तेस्रो
एकल महिला	2008123006257	626	Turani Tharu	6213820126375000000	7	8000	तेस्रो
विधवा	2033012400445	56162	Sujata Dahal	6213820126375000000	7	8000	तेस्रो
जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि)	2007081601612	4890	Man Bahadur Limbu	2238551050072000	10	12000	तेस्रो
जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि)	2007082900591	4890	Min Bahadur Limbu	नभएको	10	12000	तेस्रो
जम्मा						426800	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९०.४</td><td></td><td></td><td>सामाजिक सुरक्षा फिर्ताः– कार्यालयले बैंक मार्फत सामजिक सुरक्षा भत्ता वितरण गरेको पाइयो । यस आर्थिक वर्षमा संघीय सरकारबाट रु.२०५७२८९८५ ।- निकासा भएकोमा रु. २०१०५५६०३।- लाभग्राहीहरुको खातामा जम्मा भएको तथा देहायका बैंकहरुमा रु. ४६७३३८२।-मौज्दात रहेको छ ।उक्त रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>वडा</th><th>बैंकको नाम</th><th>बैंक पठाइएको</th><th>लाभग्राहीको खातामा जम्मा</th><th>फिर्ता रकम</th></tr>
<tr><td>१</td><td>सानिमा बैंक लि.</td><td>१६०३७१२५</td><td>१५९६३४८०</td><td>७३६४५</td></tr>
<tr><td>२</td><td>राष्ट्रिय बाणिज्य बैक लि</td><td>१९११८३०९</td><td>१९०९५८८६</td><td>२२४२३</td></tr>
<tr><td>३</td><td>एन.एम.वी बैंक</td><td>१४५०५१४०</td><td>१४४९७९०३</td><td>७२३७</td></tr>
<tr><td>४</td><td>सेन्चुरी बैंक लि.</td><td>३०५५९६०१</td><td>२८५८११२३</td><td>१९७८४७८</td></tr>
<tr><td>५</td><td>प्रभु बैंक लि</td><td>१८६९२३७४</td><td>१७७२४३४८</td><td>९६८०२६</td></tr>
<tr><td>६ र ७</td><td>लुम्बिनी बैंक लि.</td><td>२५८४२६२९</td><td>२५४०६६४५</td><td>४३५९८४</td></tr>
<tr><td>८</td><td>लक्ष्मी बैंक लि.</td><td>२०४१२३६६</td><td>२०३९७४६६</td><td>१४९००</td></tr>
<tr><td>९</td><td>सिटिजन्स बैंक इन्टरनेशनल लि.</td><td>२२१२४२२८</td><td>२१९२५६९५</td><td>१९८५३३</td></tr>
<tr><td>१०</td><td>एन.आई.सि.एसिया बैंक लि.</td><td>१५८४६८१८</td><td>१५८४६८१८</td><td>०</td></tr>
<tr><td>११</td><td>ग्लोबल आइएमइ बैंक लि.</td><td>२२५९०३९५</td><td>२१६१६२३९</td><td>९७४१५६</td></tr>
<tr><td></td><td>कुल जम्मा</td><td>२०५७२८९८५</td><td>२०१०५५६०३</td><td>४६७३३८२</td></tr>
</table></td><td>४,६७३,३८२</td></tr>
<tr><td>९१</td><td></td><td></td><td>नयाँ म.ले.प.फारामहरुको प्रयोग
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ (२) ले स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएबमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था गरेको छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २३ मा कारोबारको लेखा महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नु पर्ने व्यवस्था छ । महालेखापरीक्षकबाट मिति २०७६/२/१९ मा नयाँ ढाँचाका सरकारी लेखा फारामहरु (म.ले.प. फाराम) स्वीकृत भएका छन् । कार्यालयले पुराना ढाँचाका फारामहरुको प्रयोग गर्दै आएकोमा नयाँ ढाँचाका लेखा फारामहरु प्रचलनमा ल्याउनुपर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९२			**मौजुदा सूची तयारी** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६क मा सोही ऐनको दफा ३० (६), ४१ (१) (क) र ४६ बमोजिम खरिद गर्न तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ मा सार्वजनिक निकायले सोझै खरिद गर्ने प्रयोजनका लागि योग्यताको आधारमा सूची तयार गर्ने र यस्तो सूचीलाई अद्यावधिक गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले सो अनुसार खरिद गर्दा मौजुदा सूचीमा दर्ता भएको प्रमाणपत्र (अनुसूची २ख) समेत पेश गरी खरिद नगरेको एवं कार्यालयले मौजुदा सूचीको अभिलेख दर्ता पुस्तिका (अनुसूची २ग) अद्यावधिक नगरेकोले सो सूचीमा समावेश भएका व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकबाट प्रस्ताव माग गरी खरिद गरेको यकिन गर्ने आधार भएन ।	
९३			**खरिद कारबाहीको अभिलेख** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३७ (१) मा नगरपालिकाले हरेक खरिद कारबाहीको निम्ति छुट्टा छुट्टै फायल खडा गरी राख्नु पर्ने व्यवस्था छ । त्यस्तै उपनियम (२) मा त्यस्तो फायलमा राख्नु पर्ने कागजातको सूची उल्लेख छ । नगरपालिकाले विभिन्न निर्माण तथा आपुर्ति कार्य ठेक्का मार्फत गरेकोमा हरेक खरिद सम्झौताको छुट्टाछुट्टै फायल खडा गरी राखेको छैन । यसबाट कुनै निश्चित खरिद कार्यको बारेमा जानकारी लिन कठिनाइ भएको छ ।	
९४			**लक्ष्य/प्रगति स्थिति** प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को नियम २० (१) र नियम २६ बमोजिम अनुसुची ३ को ढाँचामा बजेट खर्च समेत देखिने गरी चौमासीक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष नियमको उक्त व्यवस्था अनुसार सबै कारोबारको भौतिक प्रगति तयार नगरेकोले बार्षिक लक्ष्य अनुसारको प्रगति हासिल भए नभएको बिश्लेषण गर्न सकिएन ।	
९५			**त्रुटी सच्याउने कार्य** ठेक्का सम्झौता अनुसारको काम सम्पन्न भएपछि आयोजनालाई निर्मित संरचना हस्तान्तरण गर्ने र हस्तान्तरण गरेको मितिले १ वर्षसम्म त्रुटी सच्चाउने अवधि राखी त्यस अवधिमा बिग्रेका काम निर्माण व्यबसायी मार्फत नै सच्चाई कार्य सम्पन्न गर्ने व्यवस्था गरिए पनि कार्यालयले संचालनमा रहेका योजनाहरुको विवरण अद्यावधिक राखी बिग्रेका कामको लागि निर्माण व्यवसायीलाई पूर्ण रुपमा जिम्मेवार बनाई त्रुटी सच्चाउन लगाउनु पर्दछ । त्रुटी सच्चाउनु पर्ने कार्यको ठेक्कागत अभिलेख राखी त्रुटी सच्चाएपछि मात्र कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ ।	
९६			**मदन भण्डारी स्मृति प्रतिष्ठानलाई अनुदान** नगरपालिका र मदन भण्डारी स्मृति प्रतिष्ठान नेपाल बिच २०७४।७५ मा भएको सम्झौता बमोजिम सि एम ए, अनमी, सामान्य चिकित्सा, नर्सिङ, आइएस्सी (एजि) पशु विज्ञान बाली बिज्ञान, जेटिए, सिभिल ईन्जिनियर , सव ओभरसियर आदि पढ्न नगरका विपन्न विद्यार्थीलाई शैक्षिक ऋण उपलब्ध गराउने प्रतिष्ठानलाई वार्षिक पाँच लाखको दरले पाँच वर्षसम्म उपलब्ध गराउने सम्झौतामा उल्लेख गरिएको छ । नगरपालिकाले बजेट किताबमा प्रतिष्ठानलाई अनुदान सम्बन्धी कार्यक्रम विनियोजन गरेको देखिदैन । प्रतिष्ठानबाट रु ७ लाख अनुदान माग भएकोमा भौ नं २१।८।९ बाट समपूरक कोषबाट भुक्तानी हुने गरी नगरप्रमुखको तोकआदेशबाट रु ७ लाख अनुदान निकासा भएको छ । सम्झौता भन्दा बढी रकम रु २ लाख भुक्तानी भएको देखिएकोले सो रकम फिर्ता गर्नुपर्ने	२००,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९७			**सुरक्षिक नागरिक आवास कार्यक्रम** सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ (पहिलो संशोधन) को परिच्छेद ३ मा अनुदान रकम भुक्तानी सम्बन्धी व्यवस्था उल्लेख छ । सो परिच्छेदको दफा ५ उपदफा ७ बमोजिम पहिलो किस्ता कुल अनुदानको साठी प्रतिशत रकमबाट लाभग्राहीले जस्तापाता सामाग्री खरीद गरी निर्माण कार्य गर्नुपर्दछ । त्यस्तै दफा ६ मा अनुदान उपलब्ध गराएको ३ महिना भित्र कार्य गरिसक्नुपर्ने यस वर्ष ९१ जना परिवारलाई ३०००० का दरले पहिलो किस्ता प्रदान गरी रु २७३०००० खर्च गरेको छ । कार्यक्रमको उद्देश्य बमोजिम समयमै कार्यसम्पन्न गर्ने तर्फ नगरपालिकाको ध्यान जानुपर्दछ ।	
९८			**प्रधानमन्त्री रोजगार कार्यक्रम** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रसका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालनमा खर्च गरेको छ । वेरोजगारहरुको प्राथमिकिकरण सूची बमोजिम प्राथमिकताका आधारमा सबैलाई रोजगारी दिने व्यवस्था मिलाउनु पर्दछ । रोजगार कार्यक्रममा आबद्ध हुनका लागि १२२२ जनाले निवेदन दिएकोमा जम्मा २८४ जनालाई रोजगारी दिएको छ । कुल १० आयोजनाहरु संचालन भएकोमा सबै वडामा यो कार्यक्रम संचालन भएको देखिएन । संचालित कार्यक्रममा २८४ जनालाई दैनिक रु ५१७ को दरले २८१७८ दिन रोजगारी दिइ रु.१४५६८०२६ खर्च गरेको पाईयो । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिदैन ।	
९९			**शैक्षिक प्रतिवेदन** अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (१) मा प्रत्येक नगरपालिकले नगर सभामा आफ्नो क्षेत्रभित्रका सार्वजनिक र निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने वालवालिकाको संख्या, आधारभूत तहमा विद्यालयमा भर्ना भएका वालवालिकाको संख्या, विद्यालय भर्ना भई आधारभूत तहको शिक्षा पुरा गरेका वालवालिका संख्या, विद्यालय भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पुरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या, आधारभूत/माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको श्रोत र अन्य आवश्यक कुरा सहितको प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । उपदफा (२) मा उपरोक्त अनुसारको प्रतिवेदन जानकारीका लागि शिक्षा सम्बन्धी विषय हेर्ने संघीय र प्रादेशिक मन्त्रालयमा समेत पठाउनुपर्ने उल्लेख छ । नगरपालिकाले कानूनमा व्यवस्था भए बमोजिम प्रतिवेदन पेश गरेको देखिएन ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१००</td><td></td><td></td><td>निजी लगानिका विद्यालयको छात्रवृत्ती
अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ को उपदफा (३) मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ भए पछि निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तरगत सञ्चालन गरेका सो विद्यालयका विद्यार्थी संख्याको आधारमा विद्यालयले प्रारम्भिक वालविकास कक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्याको देहाय बमोजिम विद्यार्थीलाई निशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ ।
<table>
<tr><th>विद्यार्थी संख्या</th><th>निशुल्क शिक्षाका लागि आरक्षण संख्या</th></tr>
<tr><td>५०० जना सम्म</td><td>कम्तिमा १० प्रतिशत</td></tr>
<tr><td>५०० जना देखि ८०० जना सम्म</td><td>कम्तिमा १२ प्रतिशत</td></tr>
<tr><td>८०० जना भन्दा बढी</td><td>कम्तिमा १५ प्रतिशत</td></tr>
</table>
यस नगरपालिका क्षेत्र भित्र निजी लगानीमा सञ्चालित विद्यालयहरुले नियममा व्यवस्था भए बमोजिम निशुल्क शिक्षाका लागि आरक्षण व्यवस्था गरेको विवरण पेश भएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०१</td><td></td><td></td><td>प्रस्तावको प्रमाणीकरण र अभिलेख
नेपालको संविधानको धारा २१४ को उपधारा ५ मा नगरपालिकाको नाममा हुने निर्णय वा आदेश र तत् सम्बन्धी अधिकारपत्रको प्रमाणीकरण स्थानीय कानून बमोजिम हुने उल्लेख छ । नगरपालिकाको २०७४/६/३१ को बैठकले उक्त उपधारा बमोजिम बेलबारी नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण नियमावली, २०७४ जारी गरी लागु गरेको छ । नियमावलीको नियम ५(१) मा कार्यपालिकाको बैठकमा पेश हुने प्रस्ताव र बैठकको निर्णय प्रमुख प्रशासकीय अधिकृतले प्रमाणित गर्ने र नियम ५(२) मा प्रमाणीकरण भएका निर्णय तथा प्रस्ताव सूचना तथा अभिलेख केन्द्रले सुरक्षित तवरले संग्रह गरी राख्नुपर्ने व्यवस्था छ । अभिलेख संरक्षण ऐन, २०४६ को दफा ८.१ मा कार्यालयले आफ्नो कार्यालयमा भएका कागजात व्यवस्थित गरी सुरक्षित रुपमा राख्नु पर्ने व्यवस्था छ। कार्यपालिकामा पेश भएका प्रस्ताव, निर्णय र सो सम्बन्धी प्रमाण कागजात सहितको अभिलेख राख्ने व्यवस्था गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>१०२</td><td></td><td></td><td>प्रस्तावको ढाँचा कार्यान्वयन
स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७(५) मा कार्यपालिकाको बैठक तथा निर्णय सम्बन्धि व्यवस्था संविधानको धारा २१८ बमोजिमको नियमावली अनुसार हुने उल्लेख छ । संविधानको धारा २१८ बमोजिम नगरपालिकाले कार्य सम्पादन नियमावली २०७४ जारी गरेको छ । उक्त नियमावलीको नियम ७ (३) मा कार्यपालिकाको वैठकमा पेश गर्ने प्रस्ताव सम्बन्धी खाका अनुसूची-२ बमोजिम हुने उल्लेख छ । उक्त व्यवस्था बमोजिमको कार्यपालिका बैठकबाट भएका निर्णयसँग सम्बन्धित प्रस्ताव एवं प्रस्तावसँग सम्बन्धित कागजात सहितको फायल खडा नराखेकोले निर्णयसँग सम्बन्धित विषय बारेमा कार्यान्वयन गर्ने निकाय अनभिज्ञ भइ निर्णय कार्यान्वयनमा कठिनाइ हुने देखिन्छ । अत: कानूनमा व्यवस्था भए बमोजिम कार्यपालिका बैठकमा निर्णयार्थ प्रस्ताव पेश गर्नु अघि तोकिएको ढाँचामा प्रस्ताव तयार गरी प्रस्तावसँग सम्बन्धित कागजात संलग्न राखी पेश गर्ने र निर्णय पश्चात अभिलेख राख्ने गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०३</td><td></td><td></td><td>बजार अनुगमन
बेलबारी नगरपालिकको बजार अनुगमन निर्देशिका, २०७४ को बुँदा नं.४ मा उपभोक्ता हित संरक्षण समितिको गठन सम्बन्धी व्यवस्था छ । बुँदा नं. ५ मा समितिको काम कर्तव्य र अधिकार उल्लेख छ । त्यस्तै बुँदा ६ मा समितिको बैठक महिनामा एक पटक अनिवार्य बस्नु पर्ने व्यवस्था छ। उपभोक्ता हित संरक्षण समितिको बैठक मिति २०७८।१।२३ मा मात्र बसेको देखियो । नियमित बैठक गरी कार्य गर्नुपर्दछ । बुँदा ७ बमोजिम उपभोक्ता हित संरक्षण उपशाखामा कर्मचारी व्यवस्था गरी बजार अनुगमनसँग सम्बन्धित कार्य सम्पादन गर्नुपर्नेमा सो भएको पाइएन ।</td><td></td></tr>
<tr><td>१०४</td><td></td><td></td><td>कार्य सम्पादनको स्वमूल्यांकन
नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहलाई सक्षम र प्रभावकारी वनाउन स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि, २०७७ तर्जुमा गरी लागु गरेको छ । उक्त कार्यविधिको दफा ६ मा अघिल्लो आर्थिक वर्षको तथ्यांकलाई आधार मानी सूचकको अंक गणना गरी चालु आर्थिक वर्षको पौष मसान्त भित्र दफा ४ बमोजिमको स्वमूल्यांकन कार्य गरिसक्नु पर्ने र माघको पहिलो हप्ता भित्र स्वमूल्यांकनको नतिजा सार्वजनिक गरिसक्नु पर्ने व्यवस्था छ। कार्यालयले अघिल्लो आर्थिक वर्षमा सम्पादन गरेका कार्यको स्वमूल्यांकन गरेको छैन । कार्यसम्पादनको मूल्यांकनबाट शासकीय प्रवन्ध, संगठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, न्यायिक कार्य सम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विवद व्यवस्थापन एवं सहकार्य र समन्वय जस्ता क्षेत्रमा स्थानीय सरकारको कार्य सम्पादनस्तरको मापन गर्न सहज हुने भएकोले कार्यविधिमा व्यवस्था भए बमोजिम स्वमूल्यांकन कार्य गर्नेतर्फ ध्यान जानु आवश्यक छ ।</td><td></td></tr>
<tr><td>१०५</td><td></td><td></td><td>विद्यालयको खर्च
विद्यालयका लागि आवश्यक पर्ने शिक्षक तलव वाहेक सम्पुर्ण रकम संघिय सरकारबाट बेहोरिने व्यवस्था छ । यस वर्ष नगरपालिकाबाट विद्यालयहरुलाई रंगरोगन, फर्निचर खरिद, कम्पाउण्ड घेरावारा, व्लक विछ्याउने जस्ता कार्यका लागि बजेट विनियोजन गरी खर्च लेखेको छ । संघिय निकायबाट समेत बेहोरिने यस्ता प्रकारका कार्यमा नगरपालिकाबाट समेत खर्च गरींदा एउटै कामका लागि दोहोरो खर्च लेखेको हुन सक्तछ । दोहोरो खर्च नहुने व्यवस्था मिलाई खर्च गर्ने आधार नगरपालिकाले अवलम्वन गर्नु पर्दछ । केही उदाहरण
<table>
<tr><th>भौ.नं र मिति</th><th>विद्यालयको नाम</th><th>काम</th><th>रकम</th></tr>
<tr><td>७०।११।०७</td><td>पञ्चायत आधारभूत मावि</td><td>विद्यालय गेट निर्माण</td><td>९८९८१</td></tr>
<tr><td>८३।११।२३</td><td>धीरनाथ संफुल विश्वास मावि</td><td>विद्यालय काडेतार घेरावारा</td><td>१३४३२१</td></tr>
<tr><td>१६५।१।६</td><td>दीप ज्योति आधारभूत विद्यालय</td><td>घेरावारा निर्माण</td><td>१४८७००</td></tr>
<tr><td>१६८।१।७</td><td>महेन्द्र मावि</td><td>फर्निचर खरीद</td><td>९९९७२</td></tr>
<tr><td>१९५।१।१७</td><td>भगवति मावि</td><td>स्कुल अगाडी खाल्डो पुर्ने कार्य</td><td>१४९९१७</td></tr>
<tr><td>२०५।१।२०</td><td>काली मावि</td><td>कम्प्युटर ल्याव फर्निचर निर्माण</td><td>९९८१६</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०६</td><td>९</td><td>२०७८-५-२५</td><td>भरपाई केरमेट
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १० मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण र कागजात अधिकार प्राप्त अधिकारी द्वारा स्वीकृत गराउनुपर्ने व्यवस्था छ । त्यस्तै उपनियम १० मा खर्च लेख्नु अघि आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । चिसाङ खोलामा बासको ड्याम निर्माण कार्यका लागि कालिस्थान टोल विकास संस्थालाई रु २३८३६५ भुक्तानी भएकोमा सो संस्थाले पेश गरेको बास खरिदको विलमा ९०००० भुक्तानी भएको लेखिएकोमा टिपेक्सको प्रयोग गरी सच्याई १३५००० बनाई लेखिएको पाइयो । विल भरपाईमा केरमेट गरेकोले खर्चको यथार्थ एकिन हुन सकेन । यसमा थप छानवीन गरी कागजात सच्याई केरमेट गर्ने व्यक्ति/ संस्थालाई जिम्मेवार बनाई असूल हुनुपर्ने रु</td><td>४५,०००</td></tr>
<tr><td>१०७</td><td></td><td></td><td>अस्थायी संरचना
यस नगरपालिकाले चिसाङ खोलामा बासको ड्याम निर्माण कार्यका लागि वरियाति टोल विकास संस्था उपभोक्ता समितिसँग सम्झौता गरी अस्थायी प्रकृतिका बाँसका ड्याम बनाउने कार्यमा रु १०९०७८६।८२ को सम्झौता गरी रु ९५२१९९ को भुक्तानी भएको छ । नापी किताबमा खोलाको कुन चेनेजमा बासको ड्याम नलाएको नखुलेकोले सालै पिच्छे सोही ठाउँमा खर्च दोहोरिने सम्भावना रहने देखिन्छ । बासको ड्यामले अल्पकालिन रुपमा विपद न्यूनिकरण गर्न सहयोग गर्ने भएता पनि यसले दिर्घकालीन रुपमा विपद व्यवस्थापन नहुने हुँदा बजेट तर्जुमा गर्दा नदी नियन्त्रणमा ग्याविन वा आरसिसि ढलान कार्यमा बजेट विनियोजन गर्ने कुरामा नगरपालिकाको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०८</td><td></td><td></td><td>सामुहिक आवास निर्माण कार्यक्रम
नगरपालिकाले यस वर्ष वडा ५ र ६ मा सामुहिक आवास निर्माण कार्यक्रम अन्तर्गत देहायबमोजिम भुक्तानी दिएको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को दफा १२३(१) मा सार्वजनिक निकायले विस्तृत नापी मूल्यांकन रनिङ बिल संलग्न गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । १ घरको नापी मूल्यांकन रु २५९०९२।४१ गरी सो लाई घर संख्याले गुणा गरी एकमुष्ठ नापी मूल्यांकन भएको छ । घरधनीको नाम थर उल्लेख नभएको, स्थान नखुलेकोले नापी किताबमा सबै विवरण खुल्ने गरी बेग्ला बेग्लै नापी किताब भर्नुपर्दछ ।
<table>
<tr><th>भौ र मिति</th><th>उपभोक्ता समिति</th><th>घर संख्या</th><th>रकम</th></tr>
<tr><td>३६।३।२८</td><td>जनता आवास कार्यक्रम निर्माण उपभोक्ता समिति, बेलबारी ६</td><td>८</td><td>१९०६७३९</td></tr>
<tr><td>४३।३।३०</td><td>सामुहिक आवास उपभोक्ता समिति वेलवारी ५</td><td>७</td><td>१७४७६४६</td></tr>
</table></td><td></td></tr>
<tr><td>१०९</td><td></td><td></td><td>अधुरा आयोजना
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने त्यस्तो समिक्षामा सुधारका लागि चाल्नुपर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाले वडाका योजनाहरु छनौट गर्दा सम्पूर्ण कार्य सम्पन्न हुने गरी बजेट व्यवस्था गरी सोही अनुसार कार्य गर्नु गराउनुपर्नेमा योजनाहरु अधुरा रहेको पाइयो । अधुरा योजनाहरुलाई प्रत्येक आवमा सानो सानो रकमको व्यवस्था गरी पुरा गर्ने गरेको पाइयो । यसरी बजेट छरी अनुत्पादक क्षेत्रमा बजेट सक्ने परिपाटीको अन्त्य हुनुपर्दछ । साथै योजना सम्पन्न गर्न आवश्यक बजेटको सुनिश्चितता गरी योजनाको छनौट गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११०			**डोर हाजिरी फाराम नियन्त्रण खाता** कार्यालयले डोर हाजिरी फाराम नियन्त्रण खाता म.ले.प.फा.नं.५११ राख्ने गरेको छैन भनें डोर हाजिरी फाराममा सिलसिलेवार नम्बर कायम गरी राखेको समेत छैन । यसले गदां आयोजनामा के कति डोर हाजिरी फारामहरु को,कसको नाममा र कुन कामको लागि कहिले जारी भए तथा डोर हाजिरी फारम जारी गर्नुको उद्देश्य अनुसार काम भए नभएको यथार्थ मूल्याकन गर्ने अबस्था रहेन । डोर हाजिरी नियन्त्रण खाता राखी मागफारामको आधारमा नम्बरवाइज जारी गरी तोकिए अनुसार काम भए नभएको अनुगमन मूल्याकन गर्ने व्यबस्था हुनु आवश्यक देखिन्छ ।	
१११			**जिन्सी अभिलेख** नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४ को दफा १४ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको जिन्सी मालसामान सात दिन भित्र तोकिएको स्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले जिन्सी सफ्टवेयरको प्रयोग गरी प्राप्त मालसामानहरु दाखिला गर्ने व्यवस्था मिलाएकोमा वडा कार्यालय तथा विषयगत कार्यालयहरुमा आम्दानी जनाएको मालसामानहरु सफ्टवेयरमा प्रविष्टि गरेको छैन । कार्यालयबाट भुक्तानी भएका केही मालसामान कार्यालयले सञ्चालनमा ल्याएको जिन्सी व्यवस्थापन प्रणालीमा प्रविष्टी नगरी म्यानुअल जिन्सी दाखिला प्रतिवेदन पेश गरेको छ । कम्प्यूटरकृत जिन्सी व्यवस्थापन प्रणालीमा दाखिला नभएकोले उक्त सामानहरु कार्यालयको एकिकृत अभिलेखमा समावेश नहुने हुँदा कम्प्यूटरकृत प्रणालीमा प्रविष्टी भएको प्रमाण पेश हुन पर्दछ ।	
११२			**खरिद इकाइ र खरिद योजना** सार्वजनिक खरिद ऐन २०६३, को दफा ६ र नियमावली २०६४ को नियम (७), (८) र १६ अनुसार गठन गरी रु.१० लाख भन्दा माथि खरिद गर्न पर्ने भएमा वार्षिक खरिद योजना र रु.१० करोड भन्दा बढी खरिद गर्नु पर्ने भए खरिदको गुरु योजना (Master Procurement Plan) स्वीकृत गराउनु पर्ने र खरिदको गुरु योजना प्रत्येक आर्थिक वर्षमा अद्यावधिक गर्नु पर्ने व्यवस्था छ । कार्यालयले खरिद इकाइ गठन गरेतापनि वार्षिक खरिद योजना र खरिदको गुरुयोजना बनाउने तथा कार्यक्रम संशोधन सँगै वार्षिक रुपमा अद्यावधिक गर्ने कार्य गरेको देखिएन ।यस सम्बन्धमा गत वर्ष पनि औंल्याइएकोमा सुधार गरेको देखिएन ।	
११३			**डिपिआर खर्च** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ र नियमावलीको नियम 12 मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नु पर्ने व्यवस्था छ । बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डिपिआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । पालिकाले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ।यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गर्नु उपयुक्त देखिएन। डिपिआर तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ।	

कार्य विवरण	परामर्शदाताको नाम	खर्च
दरलोकना खोला माटो परीक्षण	जे यम ग्रुप	४५३१३०
धनपालगढी पर्यटकीय क्षेत्र आइईई प्रतिवेदन	पि वि इन्जिनियरिङ्ग एसोसिएट प्र.लि.	४५९९१०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
				बेलबारी बसपार्क र लोहन्द्रा खोलाको रिभर ट्रेनिङ्ग कार्यको आइईई प्रतिवेदन	आर डि इन्जिनियरिङ्ग एसोसिएट प्र.लि.	९३३३८०		
				१५ बेड हस्पिटलको डिपिआर	क्वेष्ट कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ्ग प्र.लि.	१५५४६५४		
				एस एण्ड यु कन्सल्ट प्रालि	फोहोरमैला व्यवस्थापन र अध्ययन प्रतिवेदन	४७३६२८		
				सनलाईट इनर्जी प्रालि	सौर्य उर्जा प्रविधिको उत्पादन तथा विस्तार कार्यको अध्ययन	४७३१३४		
				क्ले इन्जिनियरिङ कन्सल्टेन्सी प्रालि	आइइ चिसाङ खोला तल्लो नहर मोरङ	११९६१०५		
				कोशी सगरमाथा कन्स्ट्रक्सन एण्ड इ क प्रालि	आइइ लोहोन्द्रा खोला संयुक्त प्याकेज	१७९४५५३		
				जाल्पा देवी ग्रुप प्रालि	आइइ लोहोन्द्रा खोला एकल प्याकेज	१२९४९८०		
				नित्य श्री डिभलपर्स प्रालि	आइइ चिसाङ खोला माथिल्लो नहर मोरङ	११९५५४०		
				डिजी निर्माण इन्जिनियरिङ्ग प्रालि	Areal survey of belbari municipality using drone and DGPS	१९८४५१३		
				सिस्मिक रेसिस्टेन्ट टेक्नोलोजि	नपाको भौगोलिक र जनसंख्याको जानकारी समावेश गर्ने डिजिटल भु जानकारी केन्द्र	४,७५,७३०		
११४			**कन्टिन्जेन्सी खर्च** सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को संसोधन अनुसार कुनै कामका लागि कन्टिन्जेन्सी रकम आवश्यकता नपर्ने भएमा रकम छुट्याउनु हुँदैन सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम निर्धारण गर्नुपर्दा आवश्यकता र मितव्ययिताको सिद्धान्तलाई ध्यानमा राखी आवश्यकताअनुसार ४ प्रतिशतसम्म कन्टिन्जेन्सी रकम छुट्याउन सकिने छ । यसरी छुट्याएको कन्टिन्जेन्सी रकमको कार्यक्रम बनाई अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराएर मात्र खर्च गर्नुपर्नेछ । सो रकममध्ये ५० प्रतिशतभन्दा बढी रकम चालू प्रकृतिको शीर्षकमा खर्च गर्न पाइने छैन साथै सो खर्चको विवरण आर्थिक मामिला तथा योजना मन्त्रालयमा समेत पेश गर्नुपर्नेछ । तर कार्यालयले कन्टिन्जेन्सी खर्चको अभिलेख स्पष्ट राखेको छैन । के कति चालू प्रकृतिमा खर्च भएको हो अभिलेख अद्यावधिक हुनु पर्छ ।					

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११५			**सूचना विज्ञापनमा छुट** सूचना प्रकाशन गरे वापत विज्ञापन प्रकाशन गर्ने फर्मले निश्चित प्रतिशत व्यवसायिक छुट दिने प्रचलन गरेको छ । नगरपालिकाले सूचना प्रकाशन गरे वापत देहायका एडभरटाइजिङ्ग फर्मलाई दिएको भुक्तानीमा छुट लिएको पाइएन । छुट नलिई भुक्तानी गर्दा पालिकालाई थप व्ययभार परेको देखिन्छ ।	
११६			**मेशिनरी तथा औजार सोझै खरिद** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा सार्वजनिक निकायले कुनै पनि खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारि खरिद गर्नुहुदैन भन्ने व्यवस्था रहेको छ । त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ १(क) मा सोझै खरिद गर्न सकिने रकम सिमा र (१ख) मा एक आर्थिक वर्षमा १(क) मा तोकिएको रकम सिमाबाट खरिद गर्न सकिने प्रकृया सम्बन्धि व्यवस्था छ । नगरपालिकाले तपसिलको मेसिनरी औजारहरु खरिद कार्य ऐनमा तोकिएनुसार खरीद प्याकेज नबनाई एकै कार्यलाई टुक्रा गरी सोझै खरिद गरेकोले नियम सम्मत नदेखिएको खर्च रु.	२,९०३,९३७

(क्रम ११५ को तालिका)

भौचर र मिति	सूचान प्रकाशन गर्ने फर्म	भुक्तानी रकम	छुट
१३-०७७/५/२५	नागेश्वर मिडिया एण्ड एडभरटाइजिङ्ग	९६०५०	०
२८९-०७७/१०/२७	वेतना दैनिक	६००००	०
७६८-०७८/३/२२	नेपाल न्युज नेटवर्क इन्टरनेश्वल	५००००	०
७७७-०७८/३/२३	प्रदेश सूचना नेटवर्क	३३९००	०
७९६-०७८/३/२५	पूर्वेली जनसंचार प्रा.लि.	५६५००	०

(क्रम ११६ को तालिका)

भौचर	मिति	सप्लायर्स	रकम
४	०६/०५/२०७७	विभिन्न ४ सप्लायर्स	२,२६,३२९
६	०६/२५/२०७७	क्वालिटी आईटी सोलुसन र प्यारागन इन्फोसिस प्रा.लि.	४,३७,८५०
१५	०७/२६/२०७७	प्यारागन इन्फोसिस प्रा.लि.	१,६०,०००
१७	०८/०३/२०७७	सिद्धार्थ इलेक्ट्रोनिक्स	३५,७००
५०	१०/२१/२०७७	लक्ष्मी इलेक्ट्रोनिक्स	२२,५००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

९२	१२/०३/२०७७	प्यारागन इन्फोसिस प्रा.लि.	१,४०,०००
९४	१२/०५/२०७७	भैरब इन्टरनेशनल	४,०५,५९२
१२६	१२/२३/२०७७	नेशनल कम्प्युटर	४,८४,९००
१३९	१२/२६/२०७७	भावना टि. भी. रेडियो ट्रेडर्स	१४,६००
२०१	०१/२०/२०७८	नेशनल कम्प्युटर	९९,९९५
२१०	०१/२२/२०७८	नेशनल ट्रेड	४,९९,९९५
२३९	०३/०४/२०७८	दिपक इलेक्ट्रीकल सेन्टर	७,७९७
२९६	०३/१७/२०७८	क्वालिटी आईटी सोलुसन	८०,३३९
३३१	०३/२१/२०७८	क्वलिटी आइ.टी. सोलुसन र सिद्धार्थ इलेक्ट्रोनिक्स	१,९३,३४०
४१३	०३/३०/२०७८	नेशनल इलेक्ट्रोनिक्स र सिद्धार्थ इलेक्ट्रोनिक्स	९५,०००
		जम्मा	२९,०३,९३७

११७

वितरणमुखी कार्यक्रममा खर्च गरेको

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ३ मा आर्थिक विकास तथा गरीवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, स्थानीय वासिन्दाहरुको सहभागिता जुट्ने स्वयं सेवा परिचालन गर्न सकिने, कम लागतमा सम्पन्न गर्न सकिने, स्थानीय श्रोत साधन तथा सीपको अधिकतम प्रयोग हुने, महिला, बालबालिका, पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैगिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने दिगो विकास, वातावरण संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्‍याउने, भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्‌भाव तथा एकता अभिवृद्धिमा सघाउ पर्‍याउने विषयलाई प्राथमिकता दिई योजना तर्जुमा गर्नुपर्ने उल्लेख छ । तर नगरपालिकाले सो ऐनले तोकेका शर्त भन्दा फरक योजना बनाई खर्च लेखेको हुँदा आगामी दिनमा ऐनका शर्त बमोजिम योजना बनाई कार्यान्वयन गर्ने तर्फ दिनुपर्ने देखिन्छ । केही उदाहरण

गो.भौ. नं.	भुक्तानि प्राप्त गर्न व्यक्तिको/संस्थाको नाम	प्रयोजन	रकम रु
३८५-०७७।१२।३	कोशी सांस्कृतिक प्रतिष्ठान नेपाल	वृहत सांस्कृतिक कार्यक्रम	५००००
३८८-०७७।१२।३	श्री नवज्योती आदर्श युवा क्लव	रक्तदान कार्यक्रम	१००००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
				४३३-०७७।१२।१०	राम जानकी आ वि	शैक्षिक भ्रमण	१५०००		
				४५९-०७७।१२।११	थारु कल्याण सभा	अन्तरकृया कार्यक्रम	१०००००		
				४८१-०७७।१२।२३	आदर्श युवा क्लव	खेलकुद सामाग्री	१०००००		
				४३६-०७७।१२।१०	संयुक्त खस क्षेत्री नेपाल	क्रिकेट खेल संचालन	१०००००		
				४४०-०७७।१२।१०	बेलबारी अपाङ्ग संघ	छात्रवृत्ति वितरण	२०००००		
				५२७-०७८।१।५	मोरङ जिल्ला खेलकुद विकास समिति	राष्ट्रपति रनिङ्गसिल्ड संचालन	५०००००		
				५३२-०७८।१।६	आदर्श युवा क्लव	भलिबल खेल संचालन	२८०००		
				५९७-०७८।१।२०	भाउन्ने युवा क्लव	फुटबल खेल संचालन	१०००००		
				४८२-०७७।१२।२४	लक्ष्मी मा वि	शैक्षिक भ्रमण	३००००		
				४९३-०७७।१२।२४	दिपज्योति आ वि	शैक्षिक भ्रमण	२००००		
				५५७-०७८।१।१३	स्रष्टा समाज	बेलबालरी तारा संचालन	१५००००		
				५७७-०७८।१।१६	ज्येष्ठ नागरीक समाज बेलबारी	चिया नास्ता	७००००		
				५८३-०७८।१।१९	ज्येष्ठ नागरीक समाज बेलबारी	चिया नास्ता	७००००		
				६७८-०७८।३।१४	जेसीआई बेलबारी	बेलबारीको जेसीआई पदस्थापना कार्यक्रम	१५००००		
				७०३-०७८।३।१७	वडा नं ४ को खेलकुद सामाग्री वितरण	खेलकुद सामाग्री	४९७७८४		
				७०४-०७८।३।१७	वडा नं ११ को खेलकुद सामाग्री वितरण	खेलकुद सामाग्री	७५०००		
				७४०-०७८।३।२१	बेतना युनाइटेड क्लव	जिमखानाको सामान खरिद	९९०००		
				६७६-०७८।३।१४	डाँगीहाट व्याडमिण्टन क्लव	व्याडमिण्टन प्रतियोगिता संचालन	३०००००		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
				७१२-०७८।३।१७	जनसरोकार नेपाल	पत्रकारीता तालिम संचालन गर्न	१५००००		
				७६६-०७८।३।२२	सिंहदेवि एकेडेमी	प्रदेशस्तरीय फुटबल प्रतियोगिता	१०००००		
११८			**सल्लाहकार खर्च** गाँउ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ को उपदफा ३ अनुसार कार्यपालिकाको निर्णय बमोजिम नगर प्रमुखले एक जना निजी सचिवको रुपमा राख्न पाउने व्यवस्था छ । ऐनले सल्लाहकार राख्न पाउने व्यबस्था नगरेकोमा यो वर्ष प्रेस सल्लाहाकारमा श्री उत्तम पोखरेललाई नियुक्त गरेको पाइयो । ऐनमा व्यवस्था नभएको सल्लाहकार नियुक्ति गरी नगरपालिकालाई थप आर्थिक व्ययभार पर्ने गरी खर्च लेखेको रकम अनियमित देखिएको रु.						१९५,०००
११९			**अनुगम भत्ता** प्रदेश नं १ अन्तर्गत गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) को दफा ३ को उपदफासँग सम्बन्धि अनुसूची १ र दफा ८ को उपदफा १ अनुसार स्थानीय तहका पधादिकारी र सदस्यलाई तोकिएक बमोजिम मासिक सुविधा उपलब्ध गराउने व्यवस्था छ । द्रष्टव्य खण्डमा मासिक अनुगमन भत्ता भुक्तानी लिँदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले पदाधिकारीहरुलाई ऐन बमोजिम रु.१०५०००० अनुगमन भत्ता भुक्तानी गरेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन ।						

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१२०			**मसलन्द तथा कार्यालय सामान खरिद** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) बमोजिम प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा प्याकेज बनाई खरीद गर्न नहुने व्यवस्था रहेको छ । तर नगरपालिकाले यस वर्ष रु ६९७६२३८ को मसलन्द तथा कार्यालय सामाग्री खरिद गर्दा रु. ५ लाख भन्दा मुनिका टुक्रे प्याकेज मार्फत पटक पटक विभिन्न फर्मबाट देहाय अनुसार खरिद गरीएको देखिएको छ । खरिद प्रकृयालाई प्रतिस्पर्धात्मक गराई कानूनी व्यवस्थाको पालना हुनुपर्दछ । केही उदाहरण	

गो.भौ. नं.	आपूर्तिकर्ताको नाम	प्रयोजन	रकम
७२-०७७।७।२	न्यू आडोलिक कम्प्युटर	कार्यालय सामान	१६९०३२
९५-०७७।७।२३	न्यू प्रयास छापाखाना	छपाइ	४९६६३५
२१८-०७७।१०।४	न्यू आडोलिक कम्प्युटर	कार्यालय सामान	४२२३०८
२७६-०७७।१०।२१	कुन्तादेवी छापाखाना	छपाइ	३३९०००
२९०-०७७।१०।२७	समृद्धि सप्लायर्स	कार्यालय सामान	३००१८४
५९१-०७८।१।२०	आर के इन्फोटेक	कार्यालय सामान	३९५१८३
	न्यू आडोलिक कम्प्युटर	कार्यालय सामान	१५३३८१
६०३-०७८।१।२२	यसोदा स्टेशनरी एण्ड जनरल सप्लायर्स	कार्यालय सामान	४९८१०४
७६१-०७८।३।२१	समृद्धि सप्लायर्स	कार्यालय सामान	१९४८०६
७६२-०७८।३।२२	रोशिका अफसेट प्रेस	छपाइ	३५४०००
८३७-०७८।३।२८	दाहाल सप्लायर्स एण्ड ट्रेडर्स	कार्यालय सामान	४८४४३१

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१२१			**पावर टिलर ५० प्रतिशत अनुदान कार्यक्रम** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) बमोजिम प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा प्याकेज बनाई खरीद गर्न नहुने व्यवस्था छ । त्यस्तै नियमावलीको नियम ८४(१) मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार २० लाख सम्म लागत अनुमान भएको मालसामान, निर्माण कार्य वा अन्य जुनसुकै सेवा शिलवन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्न सक्ने उल्लेख छ । तर कार्यालयले कृषि विकास नगरस्तरीय कार्यक्रम अन्तर्गत पावर टिलर ५० प्रतिशत अनुदानमा वितरण आवश्यक कारबाही प्रकृय अगाडी बढाउने निर्णय २०७७।१०।२३ गरेको छ । तर कृषकलाई पावर टिलर वितरण गर्दा लागत अनुमान तयार नगरी तथा कुनै विधि नअपनाई १० जना कृषकहरुले भिन्न भिन्दै १० वटा भरत मेशिनरी पार्टसको विलबाट कृषकले आफ्नो अनुपात भुक्तानी गरी बाँकी कार्यालयले रु. १०,००,०००।- भुक्तानी भएको छ ।यसरी प्रत्येक कृषकहरुलाई भिन्न भिन्दै टुक्रा पारी खरिद गरेको कार्य नियमसंगत नदेखिएको रु.	२,०००,०००
१२२			**अपाङ्गता बीउ पूँजि सहयोग** ८६४-०७८।३।३० अपाङ्गता रोकथाम तथा पुनस्थापन कार्यक्रमको क्रियाकलाप नं २.४.२ मा मिलिजुली समूहका लागि बीउ पूँजि कोष स्थापना गर्ने जसको उद्धेश्य अपाङ्ग भएका व्यक्तिहरुलाई व्यवसाय गर्न पूँजि उपलब्ध गराउन मिलिजुली समूहमा बीउ पूँजि कोष स्थापना गर्ने, ११ वटै वडाहरुमा मिलिजुली समूह गठन गरी अपाङ्गता भएका व्यक्तिहरुलाई जीविकोपार्जन कार्यक्रम संचालन गर्न ऋण पूँजिको रुपमा उपलब्ध गराउने रहेको छ । पालिकाले ११ वटै वडाहरुमा गठन भएको मिलिजुली समूहलाई रु ८८००० का दरले रु ८८०००० भुक्तानी गरेको छ । समूहलाई बीउ पूँजि कोष उपलब्ध गराएकोमा कोष संचालन सम्बन्धी कार्यविधि नभएको र कोष संचालन सम्बन्धी विवरण तथा प्रगति प्राप्त नभएकोले पालिकाले पूँजि कोष रकमको संचालन भए नभएको अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने रु	८८०,०००
१२३			**अनुदानको अनुगमन** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि र पशु, तथा विभिन्न सहकारी संस्थालाई अनुदान भुक्तानी गरेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । केही उदाहरण	

गो.भौ.नं.	कृषकको/कृषक समुहको नाम	प्रयोजन	अनुदान रकम
२९४-०७७।१०।२७	तारा गौशाला कृषि फर्म	ड्रागन फ्रुटको विरुवा खरिद	३०००००
५२२-०७८।१।५	वडा नं ४ का कृषकहरु	कागतीको विरुवा वितरण	४२००००
५८१-०७८।१।१९	मंगल कृषि फर्म	वीउ बोका खरिद	५००००
६०८-०७८।२।२०	जलवायु कृषि फर्म	ड्रागन फ्रुटको विरुवा खरिद	१५००००
६१८-०७८।२।२५	वडा नं ४ का कृषकहरु	ड्रागन फ्रुटको विरुवा वितरण	२०००००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
				६२७-०७८।३।१	वडा नं १ का १० वटा कृषि फर्म	बाख्राकोको पाठापाठी वितरण	५०००००		
				६४२-०७८।३।४	वडा नं ११ का कृषकहरु	बाख्राकोको पाठापाठी वितरण	५०००००		
				६९८-०७८।३।१६	प्रतिभा फलफुल नर्सरी	आँपको विरुवा वितरण	४९९८००		
				७१५-०७८।३।१७	वडा नं ६ का टोल विकास समितिहरु	आँप लिचिको विरुवा वितरण	२०००००		
				७२१-०७८।३।१८	वडा नं ३ का कृषकहरु	कागतिको विरुवा वितरण	५०२०००		
				७८७-०७८।३।२४	वडा नं २ का कृषकहरु	आँप र लिचिको विरुवा वितरण	१९९७५०		
				८३१-०७८।३।२८	विभिन्न कृषि फर्महरु	ड्रागन फलको विरुवा वितरण	१५००००		
				८३२-०७८।३।२८	विभिन्न टोल विकास समितिहरु	लिचिको विरुवा वितरण	१७५०००		
				१७४।३।३०	केशलिया पशुपालन कृषक समूह	बंगुरको पाठी र पाठा खरिद नुदान	५८७९८१		
				१५५।३।२८	मिश्रीत व्यवसायिक तरकारी उत्पादन कृषक समूह	धान पकेट विस्तार कार्यक्रम	९०२५८६		
१२४			**विरुवा उत्पादन तथा वितरण** सार्वजनिक निकाले कुनै कार्य गर्दा सम्झौतामा उल्लेख भएको करार व्यवस्था अनुसार कार्य गर्नुपर्दछ । पालिकालै विरुवा उत्पादन गर्न सब डिभिजन वन कार्यालय बेलबारीसंग २०७७।८।४ मा सम्झौता गरेको छ । पालिकाले तोकिएको प्रजातिका २५०० उत्पादन गर्न र १००० वटा बेलको विरुवा स्याहार गर्न वन कार्यालयलाई रु ५८१२४० भुक्तानी गर्ने उल्लेख भए अनुसार सोही रकम भुक्तानी गरेको छ । साथै सम्झौतामा विरुवा उत्पादान कार्य सम्पन्न भए पछि १ वर्ष भन्दा बढी समय बिरुवा नर्सरीमा राख्नु पर्ने भएमा विरुवाको स्याहार गर्न प्रति विरुवा रु ५ का दरले आ.व. २०७८।७९ को सुरुमै वन कार्यालयलाई उपलब्ध गराउनु पर्ने उल्लेख भएको छ । लेखापरीक्षणको समयसम्म पनि पालिकाले वन कार्यालयबाट विरुवा बुझिलिई रोपण गरेको नपाइएकोले विरुवा बुझिलिई रोपणको कागजात पेश गर्नुपर्ने रु						५८१,२४०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२५</td><td></td><td></td><td>
आन्तरिक लेखापरीक्षण
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । नगरपालिकाले २०७७।७८ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण २०७८।१०।१३ मा सम्पन्न गरेको प्रतिवेदन पेश भएको छ । आन्तरिक लेखापरीक्षणबाट कायम भएको कैफियतहरु अन्तिम लेखापरीक्षण अगावै सम्परीक्षण गराउनुपर्नेमा लेखापरीक्षण अवधिसम्म सम्परीक्षण र नियमित भई नआएकोले प्रतिवेदनमा समावेश गरीएको छ ।
:
प्रमाण कागजात पेश गर्नुपर्ने आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी कार्यालयले रकम खर्च गर्दा खर्च पुष्टि गर्ने विल भरपाई संलग्न गरी अधिकर प्राप्त अधिकारीद्धारा स्वीकृत गराई राख्नु पर्ने व्यवस्था छ । देहायको कार्य गरी भुक्तानी आवश्यक कागजात पेश गर्नुपर्नेमा नगरेकोले कागजात पेश हुनुपर्ने रु
<table>
<tr><th>भौचर नं</th><th>भुक्तानी पाउने व्यक्ती/संस्था</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>७-०७८/३/२९</td><td>घनश्याम कार्की</td><td>३५९००</td><td>प्रारम्भिक पुनस्थापना थेरापी सेवा प्रदान गर्न सामान खरिद गरेको दाखिला नगरेको</td></tr>
<tr><td>२६०</td><td>न्यू पशुपति नर्सरी</td><td>२८२००</td><td>२०० वटा आँपको विरुवा वितरण गरेको भरपाइ पेश नभएको</td></tr>
<tr><td>४३२-०७७/१२/९</td><td>रोस्ना भट्टराई</td><td>१२३२०</td><td>कागतीको विरुवा वितरण गरेको भरपाइ पेश नभएको</td></tr>
<tr><td>४६९-०७७/१२/१२</td><td>गणेश एग्रो ट्रेडर्स</td><td>१५००००</td><td>घाँसको विए वितरण गरेको भरपाइ पेश नभएको</td></tr>
<tr><td>५२२-०७८/१/५</td><td>बहुउद्येशिय कागती फर्म</td><td>४२००००</td><td>कागती र ड्रागन फ्रुटको विरुवा वितरण गरेको भरपाइ नभएको</td></tr>
<tr><td>६१८-०७८/२/२५</td><td>उत्साह एग्रो तथा नर्सरी</td><td>२०००००</td><td>ड्रागन फ्रुटको विरुवा वितरण गरेको भरपाइ नभएको</td></tr>
<tr><td>७७८-०७८/३/२३</td><td>वडा नं२</td><td>२०००००</td><td>खेलकुद सामाग्री वितरण गरेको भरपाइ पेश नभएको</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१०४६४२०</td><td></td></tr>
</table>
</td><td>१,०४६,४२०</td></tr>
<tr><td>१२७</td><td></td><td></td><td>
अनुगमन तथा सम्परीक्षण
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(२) (घ) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० अनुसार बेरुजूको लगत राख्ने र फछ्र्यौट गरी सम्परीक्षण गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने व्यवस्था छ। महानगरले बाँकी बेरुजू मध्ये डोर समक्ष सम्परीक्षणको लागि पेश गरेकोमा रु. २९४२८४२४.२४/- सम्परीक्षण गरी जानकारी दिईएको छ । कार्यालयले यस वर्ष सम्परीक्षणका लागि पेश गरेको मध्ये डोरमा सम्परीक्षण भएको बेरुजुको विवरण देहाय बमोजिम छ ।
<table>
<tr><th>आ.व.</th><th>दफा</th><th>सम्परीक्षणको व्यहोरा र ठहर</th><th>फछ्र्यौट रकम</th></tr>
<tr><td>२०७५।०७६</td><td>५४</td><td>स्वामिनारायण एचएम कन्स्ट्रक्सन जेभीको पेश्की बेरुजु रु ४७२२५७८ कायम भएकोमा भौ नं ९ मिति २०७७।६।२८ मा रु</td><td>२१५३८५७.२४</td></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
						८२९७८७ र भौ नं २६८ मिति २०७८।३।९ मा रु १३२४०७०।२४ गरी रु २१५३८५७।२४ फछ्र्यौट भएको			
				२०७५।०७६	१७	रु ३८५२००० कुल बेरुजु मध्ये भौ नं ५६८ मा मासिक सेवा सुविधाबाट बेरुजु कट्टा गरी रु ३७१४७५० असूल भएकोमा रु १३७२५० बाँकी रहेको	३७१४७५०		
				२०७५।०७६	१८	रु २४१००० कुल बेरुजु मध्ये भौ नं ५६८ मा मासिक सेवा सुविधाबाट बेरुजु कट्टा गरी रु २३५००० असूल भएकोमा रु ६००० बाँकी रहेको	२३५०००		
				२०७५।०७६	१९	रु ४१६००० कुल बेरुजु मासिक सेवा सुविधाबाट बेरुजु कट्टा गरी रु ३४४००० असूल भएकोमा रु ७२००० बाँकी रहेको	३४४०००		
				२०७५।०७६	२१	बेरुजु दाखिला भई आएको	३४२९३९		
				२०७५।०७६	२४	बेरुजु दाखिला भई आएको	४००८५		
				२०७५।०७६	६४	अनुगमन भत्ता वापत को बेरुजु दाखिला भई आएको	१०९०००		
				२०७६।०७७	४५	बिकास वाइएसएस भुवनेश्वरी जेभीको पेश्की बेरुजु रु ३५८०००० कायम भएकोमा भौ नं २ मिति २०७७।७।२६ मा रु २६३७२७ र भौ नं ४ मिति २०७७।१०।२६ मा रु २०१६९०१ गरी रु २२८०६२८ फछ्र्यौट भएको	२२८०६२८		
				२०७६।०७७	३७	बेलबारी सपिङ कम्प्लेक्सको रु ३९८८९० र नयाँ नपा भवन ल्याण्ड स्कोप व्युटिफिकेसनको रु ८७४६२० को डिपिआर प्रतिवेदन पेश भएको	१२७३५१०		
				२०७६।०७७	३९	जनाता मावि बेलबारी ९ रु१५००००००, कविर मावि बेलबारी २ रु ७००००० र कालि मावि बेलबारी ९ रु ७००००० को कार्यसम्पन्न प्रतिवेदन पेश भएको	१६४०००००		
				२०७६।०७७	५०	भौ नं ५६८ मिति २०७८।१२।२४ बाट असूल भई आएको	४८१९५०		
				२०७६।०७७	६६	मिति २०७८।१२।२१ रसिद नं २३५९७ बाट आन्तरिक राजस्वमा दाखिला भई आएको	१०२७०५		
				२०७६।७७	८२	धीरनाथ सम्फूल मावि को रु ६५०००० जनता मावि बेलबारी १ को ६५०००० र महेन्द्र मावि बेलबारी ६ को रु ६५०००० को कार्यसम्पन्न प्रतिवेदन पेश भएको	१९५००००		
				जम्मा			२९४२८४२४.२४		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१२८			बेरुजुको अध्यावधिक विवरण अनुगमन तथा सम्परीक्षण – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ। सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ।	

(रु. हजारमा)

गत वर्षसम्मको बाँकी बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)	यो वर्ष कायम बेरुजू (C)	संपरीक्षणबाट कायम बेरुजू (D)	अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)
१७४६५२	२९४२८	७४८१८	०	२२००४२